# संघीय संसद

# राष्ट्रिय सभा

# अठारौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २९ वैशाख २०८२

# मङ्गलबार

# बैठक सङ्ख्या- ८

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१७ बजे प्रारम्भ भयो।

(१३:१७ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, "शून्य समय" मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु।सर्वप्रथम माननीय सदस्य घनश्याम रिजाल।

(१३:१८ बजे) माननीय श्री घनश्याम रिजाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):- सम्माननीय अध्यक्ष महोदय, प्राकृतिक सुन्दरता र सांस्कृतिक विविधताको धनी दोलखा जिल्लाको भिमेश्वर नगरपालिका वार्ड नं ९ डाङडुंगेमा २०६८ बाट प्रक्रिया सुरु भई निर्माणधीन अवस्थामा रहेको दोलखा चलचित्र नगरी बजेटको अभावमा अलपत्र अवस्थामा छ। दोलखा र देशकै चलचित्र क्षेत्र र पर्यटनका लागि महत्वपूर्ण रहेको यो योजना वरिष्ठ कलाकार मदन श्रेष्ठको नेतृत्वमा रहेको निर्माण र सहयोग समिति नागरिक समाज पत्रकार राजनीतिक दल र जनप्रतिनिधिहरूको निरन्तर पहल र दबाब पश्चात १५०० रोपनी जग्गाको भोगाधिकार प्राप्त

गरी राजमार्गबाट निर्माण स्थलसम्म ७ किमी सडक र सडक प्रवेश द्वार र निर्माण सम्पन्न भएको छ भने प्रशासनिक भवन, संस्कृति संग्रहालय भवन, पाहुना घर र टिकट घरको समेत निर्माण सकिसकेको छ। सरकारले करोडौं लगानी गरिसकेको यो आयोजनालाई चाहिने आवश्यक रकम पूरा गर्न चाहिने आवश्यक रकम विनियोजन गर्नका लागि म सरकारको ध्यानाकर्षण गराउँछु। धन्यवाद।

(१३:१९ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य पदम बहादुर परियार।

(१३:१९ बजे) माननीय श्री पदम बहादुर परियार (नेपाली काङ्ग्रेस) :- सम्माननीय अध्यक्ष महोदय, व्यास नगरपालिका सरसफाई व्यवस्थापन केन्द्र निर्माण योजना व्यास नगरपालिका वडा नम्बर १३ मा निर्माण गर्ने गरी व्यास नगरपालिकाले सम्पूर्ण प्रक्रिया कागजात पुरा गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा साढे दुई वर्ष अगाडिदेखि पेश गरिसकेको छ सैद्धान्तिक सहमतिको लागि। यता जग्गा धनीहरूले जग्गा छोडिसकेको परिस्थिति छ त्यसलाई प्रयोग गरेको अवस्था छैन भने सरसफाई केन्द्र निर्माण हुन सकेको अवस्था छैन। र संघीय मामिला मन्त्रालयले त्यसलाई मन्त्रिपरिषदमा लिएर गएर सैद्धान्तिक सहमति गराइदिनुपर्ने प्रक्रिया सुरु नगर्देको कारणले गर्दा यो योजना अलपत्र परेको छ। यस सम्बन्धमा के भएको छ र यसलाई के कसरी अगाडि बढाउन सकिन्छ? म माननीय मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१३:२० बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य पूजा चौधरी।

(१३:२० बजे) माननीय श्री पुजा चौधरी (जनता समाजवादी पार्टी नेपाल) :- सम्माननीय अध्यक्षज्यू, अहिले पानी पर्ने बेला छ र मधेस प्रदेश साथै देशको अरु प्रदेशमा पनि गर्मी त्यत्तिकै बढीरहेको छ। लामखुट्टेको बिगबिगी पनि त्यति नै बढीरहेको छ र लामखुट्टेको टोकाईबाट हुने रोगहरु जस्तै डेङ्गु मलेरियाको सङ्क्रमणहरू पनि बढिरहेका छन्। डेङ्गुले अझ भनु कतिको ज्यान जाने अवस्था पनि छ। त्यसैले म सम्माननीय अध्यक्षज्यू मार्फत सरोकारवालालाई लामखुटेको उन्मुलनको लागि पहल गरिदिनुहुन विनम्र अनुरोध गर्दछु। धन्यवाद।

(१३:२१ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य मनरुपा शर्मा।

(१३:२१ बजे) **माननीय श्री मनरुपा शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- अध्यक्ष महोदय बेपत्ता पारिएका व्यक्तिको छानबिन सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ को तेस्रो संशोधन पारित भएपछि सत्य निरुपण आयोग, बेपता छानबिन आयोग गठन भई शान्ति प्रक्रियाको बाँकी काम टुंगिने अपेक्षा थियो तर पनि अहिलेसम्म यी आयोगहरु गठन हुन सकिरहेका छैनन ऐनमा व्यवस्था भए बमोजिम आयोगहरू किन गठन नभएका हुन्? यी आयोगहरू कहिले गठन भई आम द्वन्द पीडितले न्याय पाउँछन्? बेपत्ता योद्धाहरू कहिले सार्वजनिक हुन्छन्? सरकारले शान्ति प्रक्रियाको बाँकी काम टुङ्गो कहिले पुऱ्याउँछ र सम्माननीय अध्यक्ष मार्फत सरकारको तत्काल जवाफ माग्दछु। धन्यवाद। लाल सलाम।

(१३:२२ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य रुकमिणी कोइराला।

(१३:२२ बजे) **माननीय श्री रुकमिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्षज्यू, मानवको सुरक्षा गर्ने सरकारको दायित्व भएको हुँदा कोशी प्रदेशमा झापा, मोरङ, सुनसरी, उदयपुर चारवटा जिल्लालाई जङ्गली हात्तीले दिनेपिच्छे आएर बस्तीमा मानवलाई खेतीपाती लगाएका फलफुल नष्ट गर्ने मान्छे मार्ने अन्नबाली सखाप पारिरहेको छ। बारम्बार कुरा उठाउँदा पनि यो समस्याको समाधान हुन सकेको छैन। जंगल छेउका जनताहरू निराश छन्। यो विषयमा नीति बनाई छिटो भन्दा छिटो जनताको समस्याको हल गर्न म सरकारको ध्यानाकर्षण आकर्षण गर्न चाहन्छु। धन्यवाद।

(१३:२३ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य रेनु चन्द।

(१३:२३ बजे) **माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्षज्यू बाजुराको त्रिवेणी नगरपालिकाको मौरे पुलको ठेक्का २०७८ मा भएको थियो चार वर्षदेखि ठेकेदारले काम गरेको छैन। यो पुल बाजुरा जिल्लाकै लामो पुल हो। यो यथाशीघ्र निर्माण गर्न म नेपाल सरकारसँग माग गर्दछु। साथै बाजुरा जिल्लाकै मालागाढ पुल जो मोटरेबल पुल हो, त्यसको काम पनि अवरुद्ध भएको छ। यो पुल निर्माणको काम पनि तुरुन्त प्रारम्भ गरियोस् भन्ने सरकारको ध्यानाकर्षण गराउन चाहन्छु।यो पुलहरू नबन्दा बाजुराका

बासिन्दा कनेक्टिभिटीमा समस्या भोगिरहेका छन् श्रीलङ्काको टापु जस्तै बनेर बस्नुपर्ने अवस्था सिर्जना भएको छ। बाजुराको त्रिवेणी नगरपालिकाको वार्ड नम्बर ५ मा सडक सञ्जाल पुगेको छैन। बाजुरा आफै दुर्गम त्यसमा बाजुराको त्रिवेणी नगरपालिकाको वडा नम्बर ५ झन् दुर्गम बनेको अवस्था छ। बढीमालिका तीर्थ र त्रिवेणी नगरपालिकालाई एकीकृत धार्मिक पर्यटकीय परियोजना निर्माण गरी जोड्न म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१३:२४ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१३:२४ बजे) <u>माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काङ्ग्रेस)</u>:- माननीय अध्यक्षज्यू, रुस युक्रेन युद्धमा थप २३ जना नेपाली मारिएका छन्। यो सहित युद्धमा ज्यान गुमाउने नेपालीहरूको सङ्ख्या ७३ पुगेको छ। युक्रेन युद्धमा ज्यान गुमाएका सबै नेपालीप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारलाई हार्दिक समवेदना व्यक्त गर्दछु। सम्माननीय अध्यक्षज्यू इजरायल हमास रुस युक्रेन पाकिस्तान हमास लगायतका ठूला शक्ति राष्ट्रबीच युद्ध चर्किरहेको समयमा तेस्रो विश्वयुद्धको संकेत आणविक छोड्न थालेका छन्। विश्वलाई युद्धबाट शान्तितर्फ उन्मुख गराउन बुद्धको देशबाट विश्व शान्तिको सन्देश छर्न नेपालले महत्वपूर्ण भूमिका खेल्न सक्नुपर्दछ र नेपाल ध्यान र शान्तिको शक्ति राष्ट्र हो। युद्धले होइन ध्यान र शान्तिले मात्र विकासलाई उच्च स्थानमा पुऱ्याउन सक्छ भन्ने कुराको उदाहरण नेपाल बन्न सकोस्। धन्यवाद। जय नेपाल।

(१३:२५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य विष्णु देवी पुडासैनी।

(१३:२५ बजे) <u>माननीय श्री विष्णु देवी पुडासैनी (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, हिजो आज छिमेकी देशहरूमा भएको झगडाको बहाना गरेर बजारमा कृत्रिम अभाव सिर्जना गरी फलफुल तथा तरकारीहरूको मूल्य अभिवृद्धि गरेकाले जनता मारमा परेका हुँदा बजार अनुगमन गरी महंगी नियन्त्रण गर्न सम्मानित सदन मार्फत म सरकारको ध्यान आकर्षण गर्छु। धन्यवाद जय नेपाल।

(१३:२५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१३:२५ बजे) <u>माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, सप्तरी जिल्ला सुरुङ्गा नगरपालिका वडा नं ७ हरिहरपुर निवासी नगेन्द्र रामकि १९ वर्षीय छोरी पूजा कुमारी राम २०८२ वैशाख १ गतेको राति आफ्नै घरमा भाइ समेत बसिरहेको तर आमा, दाईहरु घरमा नभएको मौका छ छोपेर अज्ञात व्यक्तिले अपहरण गरिरहेका थिए। बलात्कारपछि हत्या गरेर अन्दाजी एक किलोमिटर परालको थुप्रोमा थुप्रोभित्र लास लुकाएर राखेको पछिल्लो दिउँसोतिर कपडा धुजाधुजा पारेको लास भेटियो। स्थानीय विद्यार्थी जागेश्वर ठाकुरले सधैं पिछा गरिरहने बलात्कारको प्रयास गरेको थियो। उक्त व्यक्ति नै हत्या गरेको व्यक्तिले हत्या गरेको आशंका गरी छोडि सकेको छ। पीडकले पीडितलाई धम्काउँदै हिँडेको छ। अहिले त्यो गिरफ्तार गरी कानुनी दायरामा ल्याउन नेपाल सरकारको ध्यान आकर्षण गराउन चाहन्छु। धन्यवाद। लाल सलाम।

(१३:२६ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१३:२६ बजे) <u>माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, साउदीको जुवेलस्थित सेन्दान इन्टरनेसनल कम्पनीमा कार्यरत ४६९ जना नेपाली श्रमिकहरु अलपत्रमा परेका छन्। एक वर्ष यता तलब पनि पाएका छैनन्। दुईदेखि १६ वर्षसम्म काम गरेका श्रमिकहरूले अहिलेसम्म अनुदान पनि पाएका छैनन्। उनीहरुको बहिर्गमन भिसा नलाग्दा त्यही अलपत्र परेर बस्न बाध्य पारिएका छन्। औषधि उपचार र बिहान बेलुकाको छाक टार्ने खर्च नभएर गम्भीर समस्यामा अलपत्रमा परेका छन्। अलपत्रमा परेका नेपाली श्रमिकहरुलाई जति छिटो सक्दो उद्धारमा पहल गर्न सम्माननीय अध्यक्षज्यू मार्फत म सरकारको ध्यान आकर्षण गर्न चाहन्छु। धन्यवाद।

(१३:२७ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य सावित्री मल्ल।

(१३:२७ बजे) <u>माननीय श्री सावित्री मल्ल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- माननीय अध्यक्ष महोदय, यतिबेला हाम्रो देशमा बेथिति अनियमितता कुशासन बढिरहेको छ। दैनिक उपभोक्ता वस्तुहरू सिमेन्ट, रड जस्ता वस्तुहरूको पटक-पटक फरक फरक मूल्य वृद्धि गरी जनतामा मार परेको छ। यसलाई नियन्त्रण गर्नतर्फ सरकारको ध्यानाकर्षण गर्न चाहन्छु।

सुशासन र पारदर्शिता सरकारको पहिलो प्राथमिकता भित्र पर्नुपर्ने हो तर अहिलेसम्म पनि पटक-पटक सदनमा कुरा उठाउँदा प्रधानमन्त्री मन्त्रीहरू र उच्चस्तर व्यक्तित्वहरूको सम्पत्ति विवरण हालसम्म सार्वजनिक भएको छैन। तत्काल सार्वजनिक होस् भन्ने चाहिँ म अध्यक्ष मार्फत नेपाल सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। बढ्दो महंगीका कारण राष्ट्रसेवक कर्मचारीहरूको जीवन निर्वाह गर्न समेत असहज भइराखेको छ। गत विगत ३ वर्षदेखि राष्ट्रसेवक कर्मचारीहरूको तलब वृद्धि भइरहेको छैन तसर्थ आगामी आवा २०८२/८३ मा राष्ट्रसेवकको तलब सम्बन्धी वृद्धि गर्नको लागि बजेट व्यवस्थापन गर्न ......(... समय सकिएको।)

(१३:२९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू शुन्य समयमा माननीय सदस्यले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरु माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेलले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा कर प्रस्ताव बाहेक छलफल गरियोस् भने राख्नुभएको प्रस्तावमाथि छलफल प्रारम्भ हुन्छ। माननीय सदस्यहरू उक्त प्रस्तावमाथिको छलफलमा भाग लिन दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब माननीय सदस्यहरुलाई छलफलमा भाग लिन म क्रमश समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सदस्य तुलसा कुमारी दाहाल समय ८ मिनेट। यसपछि माननीय सदस्य जगप्रसाद शर्मा।

(१३:३० बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी नेपाल सरकारको आर्थिक वर्ष ८२-८३ को लागि विनियोजित बजेटको सिद्धान्त र प्राथमिकतामाथि छलफल गरिरहेका छौं। सर्वप्रथम म बजेटका सिद्धान्तका सम्बन्धमा आफ्ना केही धारणाहरू राख्न चाहन्छु। लोकतान्त्रिक मूल्य मान्यतामा आधारित भई समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न समाजवाद उन्मुख आर्थिक सामाजिक रूपान्तरण गर्न आत्मनिर्भर अर्थतन्त्रका लागि आर्थिक स्रोतको नयाँ आयामको खोजी गर्न सम्भाव्य नवीन प्रविधिको खोजी गर्ने भनी प्राथमिकता तय गरेको गर्न खोजिएको छ। निजी क्षेत्रमैत्री वातावरण उद्यमशीलताका माध्यमले दिगो विकासको आधारशिला तयार गर्ने भनिएको छ। संविधानको व्यवस्था अनुरूप मौलिक हक राज्यका निर्देशक सिद्धान्त अनुरुप सामाजिक न्याय समानुपातिक र समावेशी प्रतिनिधिलाई सुनिश्चित गर्ने प्राथमिकता तोकिएको छ। जग्गाको हदबन्दी, वन क्षेत्रको प्रयोग, वन्यजन्तु मानव बीचको द्वन्द व्यवस्थापनको समस्यालाई पहिचान गर्नेगरी समाधान गर्ने गरी सिद्धान्त निर्धारण गरिएको छ। सङ्घीय इकाइ बीचमा सन्तुलन

सन्तुलित विकासको लागि सङ्घ प्रदेश र स्थानीय तहबीचमा समन्वय सहकार्य गर्ने अव्यवहारिक र बन्न बाँकी ऐनहरू सम्बन्धी अधिकारको क्षेत्रहरूको विश्लेषण गरी तथ्यमा आधारित भई कार्य गर्नुका साथै बजेट निर्माणको लागि आधार बनाउने भनिएको छ। सहकारी क्षेत्रमा देखिएको विद्यमान समस्या निजीकरण निजी सहकारी तथा सामुदायीक तथा सार्वजनिक क्षेत्रमा देखिएका समस्याहरुलाई समन्वय गर्नेगरी नियमन समस्या समाधान गर्ने भने पनि प्रस्ताव गरिएको छ। लगानी मैत्री वातावरण सिर्जनाका लागि एकद्वार प्रणाली प्रभावकारी बनाउने राष्ट्रिय परिचयपत्र नागरिक एप मार्फत सामाजिक सुरक्षा प्रदान गर्ने लक्षित वर्ग केन्द्रित न्याय सम्पादन गर्ने सिद्धान्त लिएको छ। सार्वजनिक वित्तीय सन्तुलन कायम गर्न राजस्व परिचालन प्रभावकारी बनाउने बजेट अनुशासनका माध्यमले विकृति विसंगतिहरू अन्त्य गर्ने भनिएको छ।

सम्माननीय अध्यक्ष महोदय, सार्वजनिक संस्थान नागरिकको विश्वास जगाउन, सेवा प्रवाह नागरिकको सहज पहुँच वृद्धि गर्ने, भ्रष्टाचार नियन्त्रण, सुशासन प्रबर्द्धन गर्ने राष्ट्रसेवकको मनोबल उठाउने जस्ता बजेट विनियोजनका सिद्धान्तहरू रहेका छन्। यस वर्षका सिद्धान्तले विकासको ढाँचा गति र संस्कृति बदल्न खोजेको देखिन्छ। उद्यमशीलता उत्पादन रोजगारीका अवसरहरू सिर्जना गर्दै लोकतान्त्रिक मूल्य मान्यतामा आधारित भई स्रोत साधनको परिचालन गर्ने कुरा गर्न खोजेको छ। सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारले विनियोजन गरेको विधेयकका प्राथमिकताहरू निम्नअनुसार रहेका छन्। आगामी आर्थिक वर्षको लागि कृषि क्षेत्रमा प्रदान गर्दै आएको अनुदानको पुनरावलोकन गर्ने, उत्पादनमा आधारित सहुलियतपूर्ण अनुदान प्रदान गर्ने, रैथाने बालीलाई प्रोत्साहन गर्ने, व्यवसायिक र कृषि उपजको व्यवसायिकरण गर्ने, थोक बजार व्यवस्थापन गर्ने, भण्डारण गर्ने, बिष परीक्षण गर्ने, स्वस्थ उत्पादनमा जोड दिने कुरा रहेको छ। पर्यटन क्षेत्रको विकासको माध्यमले राष्ट्रिय आयाम बढाउने, धार्मिक सांस्कृतिक साहसिक खेल पर्यावरणको पूर्वाधारको विकास गर्ने भनिएको छ। पुरातात्विक महत्त्वका क्षेत्रहरू सांस्कृतिक सम्पदाका संरक्षण गर्ने पर्यटन विकासको लागि वन निकुञ्ज क्षेत्रको उपयोग गर्ने कानुनको प्रवन्ध गर्ने पर्यटन आकर्षण लामो बसाइ गराउने हवाई सुरक्षा सम्पन्न भएका विमानस्थलहरूको सञ्चालन गर्ने भन्ने प्राथमिकताहरू तोकिएको छ। स्टार्टअप व्यवसायलाई प्रवर्धन गर्दै स्वदेशी कच्चा पदार्थमा आधारित औद्योगिक विकासमा जोड दिने, व्यापारिक सहजीकरण सहज आपूर्तिको व्यवस्था गर्दै उपभोक्ताको हित संरक्षणमा पहल गर्ने, औद्योगिक विकासको पूर्वाधार लगानी बढाउने गरी प्राथमिकता निर्धारण गरेको छ। शिक्षालाई गुणस्तर र जीवन उपयोगी बनाउने गरी सर्वसुलभ विद्यालय शिक्षा व्यवस्थापन सम्बन्धमा स्थानीय तहसँग सहकार्य गर्ने पाठ्यपुस्तकमा सुधार गर्दै व्यवहारिक शिक्षा र प्रदान गर्ने गरी विज्ञान प्रविधि र नवप्रवर्द्धनमा जोड दिने भनिएको

छ। सम्माननीय अध्यक्ष महोदय, स्वास्थ्य क्षेत्रतर्फ आधारभूत स्वास्थ्य नसर्ने रोग नियन्त्रण बीमा मार्फत स्वास्थ्य सेवालाई पुनःसंरचना गर्ने, स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा एकरुपता ल्याउने गरी प्राथमिकता तोकिएको छ। भूउपयोग आयोजना कार्यान्वयन गर्दै भूमिसम्बन्धी डिजिटल अभिलेख व्यवस्थित गर्ने, भूमिहीन दलित सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको समस्या समाधान गर्ने र भूमि प्रशासनलाई सेवाग्राही मैत्री बनाउने, फोहोर मैला व्यवस्थापन नविन प्रविधिको उपयोग गर्ने गरी प्राथमिकता निर्धारण गरेको छ। समावेशी विकास र सहभागितालाई मध्यनजर गरी महिला, आदिवासी जनजाति, मधेसी, दलित, थारु, मुस्लिम अल्पसंख्यक अपाङ्गता भएका व्यक्तिका लागि उत्थान र सशक्तिकरणको लागि प्राथमिकता तोकेको छ। समाजमा विद्यमान सबै प्रकारका विभेद कुरिती कुसंस्कार अन्धविश्वास हानिकारक अभ्यास असमानताहरू हटाउनको लागि प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्ने र कार्यान्वयन गर्ने भनिएको छ। सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमलाई एकीकृत गर्ने लक्षित वर्गको प्रभावकारिता अपनाउने सामाजिक सुरक्षा प्रदान गर्ने र दोहोरो पनि हटाउने भनिएको छ। जेष्ठ नागरिकका ज्ञान र अनुभवहरूलाई हस्तान्तरण गर्ने, उहाँहरूको सम्मान र संरक्षण गर्ने, महिलाहरूको सार्थक सहभागिता सुनिश्चित गर्ने, बाल सुधार गृहको व्यवस्थापन गर्ने, सडक मानव मुक्त गर्ने लैङ्गिक हिंसा नियन्त्रण गर्ने, अपाङ्ग भएका व्यक्तिको हित संरक्षणको लागि परिचयपत्र व्यवस्थित गर्दै राज्यले प्रदान गर्ने सुविधालाई व्यवस्थित गर्ने जस्ता कुराहरू प्राथमिकतामा निर्धारण गरिएको छ। खेलाडीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रोत्साहन गर्ने खेलकुदका लागि आवश्यक पूर्वाधारहरूको संरचना निर्माण गर्ने यस्ता विषयहरू पनि प्राथमिकतामा निर्धारण गरिएको छ। सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता समय सापेक्ष रहेका छन्। यथार्थ वस्तुपरक रहेको देखिन्छ, म यसलाई समर्थन गर्न चाहन्छु।सिद्धान्तमा केही विषयवस्तु प्राथमिकताहरु गत वर्षलाई निरन्तर दिन खोजिएको छ।गत सरकारले ल्याएका प्राथमिकता सिद्धान्तहरुलाई पनि यहाँ चाहिँ दोहोऱ्याएर ल्याएको छ र केही नवीन कुराहरू रहेको छ।र यसमा चाहिँ आश्वासन बाँड्ने खालको कार्यान्वयन नहुने खालका देखिँदैन। इमान्दारीपूर्वक काम गर्न सकियो भने कार्यान्वयन हुने खालको देखिएको छ। नेपाल सरकारले बजेट विनियोजन गर्दा आधा अधुरा आयोजनाहरू पूरा गर्ने लक्ष्य लिएको देखिन्छ। संघीयता सबलिकरण गर्ने विषयवस्तु दिगो विकासको कुराहरू सुशासन प्रवर्द्धन गर्ने भ्रष्टाचार नियन्त्रण गर्ने जस्ता विषयहरूलाई चाहिँ मुख्य रूपमा चाहिँ प्राथमिकता दिएको देखिन्छ। सामाजिक न्याय समानतामा आधारित ल्याउन जनताले महसुस गर्ने गरी सर्वसुलभ जीवन व्यतित गर्नको लागि सहजता हुनेगरी राज्यले आफूले निर्धारण गरेका सिद्धान्त र प्राथमिकतामा ध्यान दिन आवश्यक छ। राज्यको सामर्थ्य अनुसार देखिएका चुनौतीहरू वर्तमान चुनौतीहरू समाधान गर्नको निम्ति प्रयत्न गर्न

आवश्यक छ र बजेट विनियोजनका क्रममा राज्यले नीति कार्यक्रममा ल्याएका विषयवस्तुलाई र सिद्धान्त र प्राथमिकतामा तोकेका विषयवस्तुहरुलाई चाहिँ कार्यान्वयन गर्न आवश्यक छ। जनताको जीवन स्तर सहज हुने गरी, जनताले महसुस गर्ने गरी, यो सरकारले बजेट विनियोजनमा ध्यान दियोस् भन्न चाहन्छु र यो सरकारले आफूले ल्याएका नीति कार्यक्रम र प्राथमिकता तोकिएका विषयवस्तुहरुलाई कार्यान्वयन गर्न पहलकदमी लिनेछ। र जनताले महसुस गर्ने गरी विषयवस्तुलाई अगाडि बढाउनेछ बजेट विनियोजन गर्नेछ भन्ने आशा र अपेक्षा लिन चाहन्छु। धन्यवाद।

(१३:३७ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य जग प्रसाद शर्मा समय ६ मिनेट। यसपछि माननीय सदस्य कृष्णबहादुर रोकाय।

(१३:३७ बजे) **माननीय श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र) :-** सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरू, हामी २०८२ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा छलफल गरिरहेका छौं। यो विनियोजन विधेयकमा १० वटा बुँदामा सिद्धान्तका बुँदाहरूलाई समेटेर र २७ वटा बुँदामा प्राथमिकतालाई समेटेर ल्याउने कोसिस गरेको छ। खासगरी यसमा नीतिमा निरन्तरता अर्थतन्त्रमा गतिशीलता र विकासमा तीव्रता भन्ने स्पिरिट देखाउन खोजेको, देखिन्छ सरर हेर्दा सिद्धान्तमा। त्यस्तै विकासको ढाँचा अनि गति र संस्कृतिमा संस्कृति बदल्ने एउटा स्पिरिट पकड्ने भन्ने किताबमा लेखिएको छ। तर पहिलो कुरा प्रक्रियाका हिसाबले पनि यो विगत सरकारले अघिल्लो वर्ष जे सुरुवात गरेको थियो त्यो त्रुटिपूर्ण देखिन्छ प्रक्रियाका हिसाबले।दोस्रो कुरा नीति कार्यक्रमद्वारा त्यसमा सल्लाह, सुझावहरू माननीयहरूबाट जे आयो त्यो समेटिएको छैन। सम्बोधन भएको छैन। र अर्को कुरा सिद्धान्तमा समेटिनुपर्ने कुरा मलाई के लाग्छ भन्दाखेरि यो देशको आवश्यकता भनेको उत्पादनमा अहिले वृद्धि गर्ने रोजगारी सृष्टि गर्ने हो। सुशासन सामाजिक न्याय सरल छिटो सेवा प्रवाह दिने यो देशको मुख्य आवश्यकता हो। कानुन अनि सोच संरचना बदल्नेतिर आवश्यकता हो। अनि राजस्व वृद्धि गर्ने प्राकृतिक साधन स्रोतहरूको अधिकतम सदुपयोग गरेर देशको समस्या समाधान गर्ने जनशक्तिको कोणबाट हेर्दाखेरि कार्यक्षमताको विकास गर्ने एउटा मुख्य आवश्यकता हो यो देशको। त्यसैले यो विनियोजन विधेयकमा सिद्धान्त र प्राथमिकतालाई अगाडि सारिरहँदाखेरि यी कुरालाई सम्बोधन गर्न सकेको छ कि छैन भनेर हेर्दाखेरि मैले यसलाई दोहोर्याएर जति पढ्दाखेरि पनि त्यस्तो देख्न सकिएन। हामीले देखिराखेका छौं धेरै तथ्य तथ्यांकहरुले पुष्टि

गरिरहेको छ। त्यो तथ्य तथ्याङ्क यहाँ राख्न सम्भव छैन। नाङ्गो आँखाले पनि देख्न सकिने यथार्थ के हो भने हाम्रो पुँजीगत खर्च जति छुट्याउँछौं त्यो भइराखेको छैन बढेको पनि छैन। राजस्व पनि वृद्धि भएको छैन। निर्यात बढेको छैन, जिडीपी बढेको छैन। सामान्यत अहिले सरकारले के देखाउन खोजिरहेको छ भन्दाखेरि नेप्से सूचाङ्क बढेको छ त्यसकारण अर्थतन्त्रको स्थिति राम्रो छ भन्न खोजिराखेको छ। हो एउटा सामान्य भनाई नेप्से सूचाङ्क बढिरहँदा त्यसले यो अर्थतन्त्रको एउटा ऐना हो यो अर्थतन्त्रको स्थिति राम्रो छ, भन्ने देखाउन सक्छ। मतलब जस्तो तर्क गर्न खोजिन्छ तर सरकारले भनेअनुसार डाटा तथ्य तथ्याङ्क हेर्दाखेरि जस्तो नेप्सेको सूचाङ्क पनि बढेको देखिँदैन। यसले मात्रै सबै फेरि अर्थतन्त्र चलायमान हुने, अर्थतन्त्रको आकार बढेको र वृद्धि हुने पुष्टि पनि गर्दैन यसले।किन हामीले के देखिराखेका छौं भन्दाखेरि अहिले यतिखेर हेर्दाखेरि साधारण खर्च बढिरहेको छ। आयात, यो नाङ्गो आँखाले पनि देख्न सकिने कुरा हो, आयात पनि बढीराखेको छ। वैदेशिक ऋण हामीले देखिराखेका छौं यो भन्नै पर्दैन बढी राखेको छ, विदेश पलायन पनि बढीराखेको छ भने हामीले कसरी यो देशको समस्या समाधान गर्न सक्छौं त भनेर खासगरी यो सिद्धान्त र प्राथमिकतामा यो कुरा इङ्कित गरेर आउनुपर्ने त्यो आउन सकिराखेको छैन। म एउटा उदाहरण मात्रै राख्न चाहन्छु प्रतिपक्षबाट सशक्त ढंगले यो देशलाई ग्रे लिस्टबाट उतार्नका निम्ति एक वर्षको म्याद राखौं भन्ने कुरा सही थियो। त्यसले सरकारलाई घाटा केही गर्दैनथ्यो सरकारलाई क्षति पनि केही गर्दैनथ्यो। एक वर्षभित्र देशलाई निकाल्न सक्दा यसको श्रेय सरकारलाई नै जान्थ्यो। अनि ठूला अक्षरमा यो सिद्धान्त र प्राथमिकतामा ठूला अक्षरमा २०८३ भनेर फेरि इङ्गित गरेर ल्याएको छ। त्यसैले यसो हेर्दा कतिपय नारा कुरा यहाँ हेर्दाखेरि के देखिने भने उही आगरा र गाग्रा भन्ने त पुरानो उखान हो। यसलाई अर्को रुपमा भन्दाखेरि म गर्छु नेपालको कुरा सम्धी गर्छन् भूपालको कुरा भन्ने जस्तो यो देखिन पुग्छ तसर्थ यो कार्यान्वयनका हिसाबले हेर्दाखेरि प्राथमिकता जसरी छुट्याएको छ प्राथमिकता छुट्याएका हिसाबले हेर्दाखेरि पनि खास देशको समस्या समाधान गर्ने ढंगको छैन। खासगरी कानुन सोच कानुन बदल्ने कुरा कानुन निर्माण गर्ने कुरा सोच बदल्ने कुरा र संरचनाहरु बदल्ने जो भारीवर्कम संरचना छन् यसलाई बदलेर मतलब अर्थतन्त्र विकासका निम्ति जस्तो प्राथमिकता निर्धारण गर्ने कुरा जो हो त्यसमा पनि गम्भीरतापूर्वक यो सरकार अहिले बलियो दुई तिहाईको सरकार जसरी आउने एउटा आशा अपेक्षा गरिएको थियो यसलाई बढाउनको निम्ति त्यो सम्भव देखिँदैन। यसका सिद्धान्त प्राथमिकताहरु जो छन् त्यो हेर्दाखेरि जस्तो त्यस्तो देखिँदैन। त्यसैले मैले के राख्न चाहन्छु भन्दाखेरि अन्तमा जे यो आएको छ यो पनि कार्यान्वयन हुने कुरामा एकदम निश्चिन्त हुने कुरा ढुक्क हुने कुरा विश्वस्त हुने कुरा छैन। त्यो कुरा देखिँदैन तसर्थ हामीले एउटा देशको समस्यालाई ठिक ढंगले पहिचान गरेर यो सिद्धान्त र प्राथमिकतालाई ल्याउनु

पर्थ्यो। त्यो ढंगले ल्याउन सकेन र यो सही छैन र यसले आवश्यकता पूरा गर्न सक्दैन भन्ने कुरा म राख्न चाहन्छु। यो सन्दर्भमा यहि राख्दै मेरा भनाइ यहि अन्त्य गर्दछु। धन्यवाद।

(१३:४३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य कृष्ण बहादुर रोकाया समय ६ मिनेट। यसपछि माननीय सदस्य डा. बेदुराम भुसाल।

(१३:४४ बजे) **माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काङ्ग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, सरकारद्वारा प्रस्तुत २०८२ वैशाख ८ गते प्रस्तुत आगामी आर्थिक वर्ष २०८२/०८३ सिद्धान्त प्राथमिकताको बारेमा हामी सम्मानीत सभामा छलफल गरिरहेका छौं। म यो प्रस्तुत प्राथमिकता र सिद्धान्तको बारेमा हाम्रो पार्टीको तर्फबाट दलको तर्फबाट र मेरो तर्फबाट म यसमा समर्थन रहेको पनि म अनुरोध गर्न चाहन्छु। र सरकारले प्रस्तुत गरेको सिद्धान्त र प्राथमिकतामा भौतिक पूर्वाधार र डिजिटल अर्थतन्त्र निर्माणमा विशेष जोड दिएको छ। विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामा नेपाल डिजिटल नेपालको लक्ष्य हासिल गर्न कानुनी सुधार र तथा पूर्वाधार विकास गर्ने उल्लेख गरेको छ। सम्माननीय अध्यक्ष महोदय, सिद्धान्त र प्राथमिकतामा विशेषगरी समावेशी र दिगो आर्थिक वृद्धिलाई जोड दिईएको छ। जसको लागि समावेशी विकास सुनिश्चित गर्ने नीति लिएको छ। त्यस्तै दिगो र उत्पादनमुखी क्षेत्रलाई प्राथमिकता दिएको छ। सँगसँगै स्वदेशी उत्पादन र रोजगारी प्रवर्धनलाई जोड दिएको छ जसका लागि घरेलु उत्पादन र उद्यमशीलता प्रोत्साहन गर्ने भनिएको छ। त्यस्तै रोजगार र रोजगारमूलक कार्यक्रम विस्तार गर्न भनिएको छ। त्यस्तै सार्वजनिक सेवा प्रवाहलाई सुधार गर्न भनिएको छ जसका लागि सुशासन र पारदर्शिता अभिवृद्धि गर्ने र डिजिटल प्रयोगद्वारा सेवा प्रभावमा प्रभावकारिता ल्याउन भनिएको छ। त्यस्तै संरचना निर्माणमा पूर्वाधार विकासमा जोड दिएको छ। जसमा यातायात ऊर्जा र सञ्चार पूर्वाधारमा लगानी गर्न र ठूला आयोजनाहरूको समयमै सम्पन्नता सुनिश्चित गर्ने भनिएको छ। कृषि र ग्रामीण विकासलाई जोड दिईएको छ। जसका लागि कृषिलाई व्यवसायिकरण र मूल्य श्रृंखला विकासमा जोड दिने भनिएको छ। सिँचाइ बिउ बिजन र बजारको पहुँच विस्तार गर्न भनिएको छ। त्यस्तै शिक्षा स्वास्थ्य र सामाजिक सुरक्षा लगानीमा जोड दिने भनिएको छ। जसमा गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा विस्तार गर्ने र सँगसँगै सामाजिक सुरक्षा भत्ता र लक्षित सहायता कार्यक्रमलाई सुदृढ बनाउने भनिएको छ। त्यस्तै राजस्व संकलन र वित्तीय अनुशासनलाई विशेष जोड दिएको छ जसका लागि कर

प्रणालीमा सुधार र दायरा विस्तार गर्ने र खर्चमा मितव्ययिता प्राथमिकता अनुसार स्रोत विनियोजन गर्ने भनिएको छ। यो सिद्धान्त र प्राथमिकता उद्देश्य अर्थतन्त्रलाई गतिशील रोजगारी सिर्जना उत्पादन वृद्धिको माध्यमबाट दिगो समावेशी र आत्मनिर्भर बनाउने देखिन्छ। सम्माननीय अध्यक्ष महोदय, सरकारद्वारा प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ सिद्धान्त र प्राथमिकता स्वदेशी उत्पादन वृद्धि र रोजगारी सिर्जना क्षेत्र सबैभन्दा बढी जोड दिएको छ जस्तै विद्यमान मुलुकको शिथिल अर्थतन्त्रलाई चलायमान बनाउन उत्पादन रोजगारीलाई केन्द्रमा राखिएको छ। रोजगारी सिर्जना गर्न बेरोजगार दर उच्च रहेकाले स्वरोजगार उद्यमशीलता प्रवर्धन गर्न विशेष कार्यक्रम ल्याउने योजना गरिएको छ। त्यस्तै आयात प्रस्थापन र निर्यात प्रवर्धनमा जोड दिएको छ जसमा आयातमा निर्भरता घटाउन र विदेशी मुद्राको सञ्चिती सुधार गरेर विदेशी उत्पादनमा जोड दिइएको छ। स्वदेशी उत्पादनमा विशेष जोड दिएको छ। कृषि र लघु मझौला उद्योगलाई जोड दिएको छ जसमा कृषि व्यवसाय र घरेलु उद्योगलाई सहुलियत कर्जा दर टेवा दिने घोषणा गरिएको छ। त्यसैले सरकारले स्वदेशी उत्पादन वृद्धि, रोजगारी सिर्जना र आत्मनिर्भर अर्थतन्त्रलाई निर्माणमा अर्थतन्त्र निर्माणलाई प्राथमिक लक्ष्य बनाएको छ। पर्यटन र आन्तरिक व्यवसाय व्यापार व्यवसायलाई जोडिएको छ जसमा आन्तरिक पर्यटन प्रोत्साहन गर्न पूर्वाधार विकास र हस्तकला सांस्कृतिक उत्पादन र परम्परागत व्यवसायको प्रवर्द्धन गर्न भनिएको छ। यी योजनाहरूको उद्देश्य युवाहरूलाई रोजगारीमा जोड्नु। स्वदेशी उत्पादन बढाउनु र मुलुकलाई आत्मनिर्भर बनाउन तर्फ उन्मुख भएको पाइन्छ। सम्माननीय अध्यक्ष महोदय, माननीय उपप्रधान एवम अर्थमन्त्रीज्यूले प्रस्तावमा विनियोजन विधेयकका सिद्धान्त प्राथमिकतामाथि छलफलको क्रममा माननीय सदस्यहरुबाट व्यक्त हुने विचार विश्लेषण र सुझावहरुलाई महत्वपूर्ण आधारका रुपमा गर्ने विश्वास दिलाउँछु भनेर उहाँले यहाँ त्यो खालको एउटा प्रतिबद्धता पनि जाहेर गर्नुभएको छ। त्यसकारण म के आग्रह गर्न चाहन्छु भने यो चाहिँ तपाईंको चाहिँ के रे माननीय अर्थमन्त्रीले भने जस्तै सांसदको भूमिकालाई बढाउन विकाससँग सांसदलाई जोड्नुपर्छ भन्नेमा आग्रह गर्न चाहन्छु। जसले सांसदको भूमिका बलियो हुन्छ र सँगसँगै संसद्को भूमिका जब बढ्छ यो संसदको भूमिका बढ्ने बित्तिकै यो सिस्टम बलियो हुन्छ भन्ने कुरा म अनुरोध गर्न चाहन्छु। र खासगरी अस्ति पनि मैले यो नीति तथा कार्यक्रममा जुन छुट हुन रहेका विषयहरू छन्। जुन कमी भएका विषयहरू यो सिद्धान्त र प्राथमिकता आउनेछन् र त्यसले चाहिँ भोलि बजेटमा सम्बोधन हुन्छ भन्ने कुरा पनि मैले विश्वास लिएको थिएँ। त्यसकारण मलाई विश्वास छ यसपटक जुन खालको बजेट अब निर्माण हुन्छ यो नीति र कार्यक्रमलाई टेकेर र यो सिद्धान्त र प्राथमिकताका आधारमा जुन खालको बजेट निर्माण हुन्छ। त्यसमा खासगरी यो कार्यान्वयनलाई म बढी जोड दिन चाहन्छु र सँगसँगै मानव सूचाङ्कमा पछि परेको अहिले पनि कर्णाली प्रदेश पछि

परेको छ। र सधैं अहिलेसम्मका बजेटले त्यो कर्णाली प्रदेशलाई खासगरी सम्बोधन गर्न सकेको छैन त्यसकारण त्यो कर्णाली प्रदेशलाई यस पटकको बजेट निर्माणमा विशेष प्राथमिकता राखेर बजेट निर्माण गर्न पनि म सम्माननीय अध्यक्ष मार्फत म सरकारलाई म आग्रह गर्न चाहन्छु र अन्तमा म यो सिद्धान्त र प्राथमिकता जुन कार्यक्रम छ यसलाई म समर्थन गर्दै म फेरि पनि जोड गर्न चाहन्छु कि यो बजेटमा हामीलाई विश्वास छ। हाम्रो दललाई विश्वास छ। हामी सबै सांसदहरूको त्यो विश्वास छ। कमसेकम विकासमा सांसदलाई जोडियोस् यो कुरामा फेरि पनि विशेष जोडका साथमा आग्रह गर्न चाहन्छु। धन्यवाद।

(१३:५० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य डा. बेदुराम भुसाल समय १२ मिनेट। यसपछि माननीय सदस्य मोहम्मद खालिद।

(१३:५० बजे) **माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय अर्थमन्त्रीजीले गत २८ गते, २०८२ वैशाख २८ गते यस सदनमा प्रस्तुत गर्नुभएको विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता सातवटा सिद्धान्त र पच्चीस वटा प्राथमिकता राखेर आएको छ। हामीले पहिला नीति कार्यक्रम प्रस्तुत गर्नुपर्यो। यसमा आएका सुझावहरूलाई पनि समेटेर बजेटका सिद्धान्त र प्राथमिकता तय गर्नुपर्यो। र त्यसका आधारमा बजेट निर्माण गर्नुपर्यो यो विधिमा जानुपर्छ भनेर म जतिबेला क्याबिनेटमा थिए त्यतिबेला निर्णय भएको थियो। र त्यसका निम्ति चाहिँ पहिलो नीति कार्यक्रम प्रस्तुत गर्ने त्यसमा छलफल गर्ने त्यसमा आएका सुझावहरुलाई समेटेर बजेटका सिद्धान्त र प्राथमिकता तय गर्ने र त्यो आधारमा बजेट निर्माण गर्ने भनेर भनिएको थियो। यसपटक नीति कार्यक्रम अगाडि प्रस्तुत गरियो छलफल पनि भयो। तर त्यो नीति कार्यक्रम पास नहुँदै बजेटका सिद्धान्त र प्राथमिकता तय भए र जुन दिन नीति कार्यक्रम हामीले यहाँ पास गरियो त्यसै दिन यो प्रस्तुत पनि भयो। त्यसले चाहिँ जे गर्न खोजिएको त्यतातर्फ अलि गए जस्तो लागेन। र नीति कार्यक्रमको छलफलको बेला प्रतिपक्षले उठाएको कुरा त समेट्ने अब कमै सम्भावना भन्ने सोचिएकै थियो। सत्तापक्षबाट उठाइएका सत्तापक्षले दिएका सुझावहरु पनि यहाँ समेटेको चाहिँ देखिएन। गत साल यिनै सिद्धान्त यिनै प्राथमिकता आधारभूत रुपमा भाषा अलिकति परिवर्तन गरिएको छ। शब्दहरू बदलिएको छ तर कुरा उनै छ। तर गत साल चाहिँ छवटा सिद्धान्त र १३ वटा प्राथमिकता थिए। यसपटक एउटा सिद्धान्त र १२ वटा प्राथमिकता थपिएछ। तर त्यो १२ वटा प्राथमिकता थपिसकेपछि गर्ने कार्यक्रम के हुन् भनेर हेर्दाखेरि चाहिँ खासै आस लाग्ने

मैले देखिन। पहिलो कुरो त यो चाहिँ विगतमा हामीले जसरी भन्दै आएका छौं त्यसैगरी अहिले पनि संविधानले निर्धारण गरेका संविधानमा व्यवस्था गरिएका मौलिक हक र राज्यका निर्देशक सिद्धान्तहरूको कार्यान्वयनमा उच्च प्राथमिकता दिने भनेर भनिएको छ, कुरा ठिक हो। तर हामीले पटकपटक उठाएका छौं यही सदनमा उठेको छ हामीले पास पनि गरेका छौं प्रधानमन्त्रीले प्रतिबद्धता जाहेर गर्नुभएको थियो। संविधान अनुसार संविधान कार्यान्वयन गर्नका निम्ति बनाउनपर्ने कानुनहरु बनाइएन ती कानुनहरु बनाइयोस्। र यो चाहिँ संघीयता लगायतसँगै लोकतान्त्रिक गणतन्त्रको संविधान कार्यान्वयन गर्नका निम्ति सहज वातावरण निर्माण गरियोस् भने पटकपटक भन्यो तर यसपटक पनि त्यसलाई प्राथमिकतामा राखेको देखिन्। त्यसकारण पहिलो संविधान कार्यान्वयन नै प्राथमिकतामा रहेन भन्ने कुरा चाहिँ देखिन्छ। अब दोस्रो यसले पहिलो प्राथमिकता सिद्धान्तको कुरा मैले यति मात्रै गरी सिद्धान्त कार्यान्वयनको प्राथमिकता देखिएन। दोस्रो चाहिँ रोजगारी सिर्जना, गरिबी निवारण र दिगो विकासका लक्ष्य प्राप्त गर्न तयारी गर्ने भनेर भनेको छ। प्राप्त गर्न कति कति प्राप्त गर्ने हो भन्ने छैन त्यसको तयारी गर्ने भनिएको छ। त त्यसका निम्ति गर्नुपर्ने कामहरू के हुन् त्यसमा चाहिँ खास ठोस खालको यो गरिबी यति प्रतिशत घटाउन सकिने अथवा यति प्रतिशत चाहिँ हामी यो रोजगारी सिर्जना गरिने के हुन सक्छ भनेर हेर्दाखेरि चाहिँ त्यस्तो देखिदैन। मसँग अहिले केही दिन अगाडि मात्रै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट प्रकाशित भएको एउटा पुस्तिका छ। वि.सं. २०४७ पछिको आर्थिक सामाजिक विकासको अवस्था भन्ने यसका तथ्याङ्क आधारमा म कुरा गर्दैछु। यसले भनेअनुसार अहिले पनि २०% जनसङ्ख्या, हाम्रो जनसङ्ख्याको २०% गरिबीको रेखामुनि छ त्यसलाई कति माथि ल्याउने भन्ने कुरा चाहिँ छैन। हामीले ३० वर्षमा ४२%बाट २०%मा आएका छौं। ५२ सालमा २०५२ सालमा हाम्रो गरिबीको रेखामुनि निरपेक्ष गरिबीको रेखामुनि ४२% जनता थिए। आज २०% छन्। ३० वर्षमा २०%मा आएका छौं। पाँच वर्षमा हामीले चाहिँ सक्नुपर्ने हो। यो चाहिँ दिगो विकासका लक्ष्यहरू प्राप्त गर्दाखेरि पाँच वर्षमा हामीले गरिबी निमिट्यान्न गर्नुपर्छ तर के गरेर गर्न सकिन्छ भन्ने कुरा चाहिँ छैन। त्यसै गरिकन हामी अस्ति पनि चर्चा गरेका छौं दिगो विकासका लक्ष्यहरुको सन्दर्भमा स्वस्थ र समृद्ध जीवनको कुरा गरेका छौं।सबैको लागि गुणस्तरीय शिक्षाको कुरा तीनै लक्ष्यहरु छन् निर्धारण गरिएका छन्। र मानव विकासको सूचकांकमा साँच्चै हामीले लक्ष्य प्राप्त गर्ने दिगो विकासका लक्ष्य प्राप्त गर्ने हो भने ०.७० जि.एम. मा चाहि हामी निस्किनु पर्छ। हामी ३० वर्षमा २०४८ देखि ७८ सम्मको ३० वर्षको अवधिमा ०.४ बाट ०.४६ मा आइपुगेका छौं अहिले। अब यो पाँच वर्षमा हामी चाहिँ ०.७ मा पुग्न सक्छौ कि सक्दैनौ? त्यसका निम्ति यसले केही गर्न सक्छ कि सक्दैन भनेर हेर्दाखेरि मैले त्यसको लागि चाहिँ ठोस कार्यक्रम निर्धारण हुने खालको प्राथमिकता तय भएको मैले चाहिँ

देखिन। अब २०२६ मा सन् २०२६ मा हामी चाहिँ यो अल्पविकसितबाट विकासशील देशमा स्तर उन्नति गर्दछौं भनिरहेका छौं एक वर्ष बाँकी छ। त्यही कुरा यसमा राखिएको छ तर यो चाहिँ जुन ग्रे लिस्टमा परेको छ हाम्रो चाहिँ यो फानान्सियल एक्सन टास्क फोर्सको ग्रेलिस्टमा परेको मुलुकलाई एक वर्षभित्रै ८२ भरिमा निकालौ न त भन्ने कुरामा चाहिँ फेरि त्यो सुझाव पनि कार्यान्वयन गरिएको छैन। ८३ नै भनिएको छ। कसरी हामीले अब २६ मा एक वर्षमा कसरी त्यहाँ पुग्छौं यो स्तरोन्नत कसरी गर्छौं त्यो कुरा देखिँदैन। दोस्रो अब उत्पादन वृद्धिको कुरा त गरिएको छ तर उत्पादन वृद्धिका सन्दर्भमा कृषिलाई प्राथमिकता दिनुपर्छ। हामीले भन्दै आएका छौं विगतदेखि गत साल दोस्रो नम्बरमा राख्या थियो अहिले तेस्रो नम्बरमा झारिएछ कृषिलाई। र त्यसको उत्पादनको कुरा त गरेको छु, उत्पादकत्व वृद्धिको कुरा त गर्‍या छ तर १६ औं योजनाले जुन रणनीतिक रुपान्तरणका निम्ति राजनीतिक योजनाहरु भनेर भनेको छ। त्यसका निम्ति कृषि क्षेत्रमा पूर्वाधार निर्माणको कुरामा प्राथमिकता दिएको छ। नहर निर्माण गर्ने सडक निर्माण गर्ने बजार निर्माण गर्ने काम गरेको छ। त्यो प्राथमिकता राखेको छ। त्यसमा यो नीति तथा प्राथमिकताले ध्यान दिएको छैन। त्यतातर्फ गएको छैन। यसले भने अनुसार, मैले अघी देखाएको पुस्तक अनुसार नै अहिले पनि हाम्रो कृषियोग्य जमिन जो सिचाई योग्य छ त्यसको एक तिहाई भन्दा कम मात्रै क्षेत्रमा सिँचाइ सुविधा प्राप्त छ, उपलब्ध छ। दुईतिहाई क्षेत्रमा हामीले सिचाई गर्न सकेका छैनौं। जसको कारणले हामीले बार्हैमास खेती गर्न सक्दैनौं र धान जस्तो जुन हाम्रो मुख्य बाली हो त्यसमा पनि हामी परनिर्भर छौं। १२ लाख, १०-१२ लाख मेट्रिक टन धान अहिले पनि हामीले खरिद गरिरहेका छौं। जब कि सजिलै गरी हामीले सिँचाइको प्रबन्ध गर्ने हो र चैते धान २ लाख हेक्टर जमिनमा चैते धान लगाउने हो भने केही गर्नु पर्दैन। १०-१२ लाख मेट्रिक टन धान हामीले एकै वर्षमा उत्पादन गर्न सक्छौं र हामी धानमा आत्मनिर्भर गर्न सक्छौ, हुन सक्छौ। त्यता तर्फ जाने कुरा गरेको छैन। औधोगीकरणको कुरा गरेको छ। तर कस्तो औद्योगीकरण हामीले विकास गर्ने उद्योग भनेको कृषिजन्य उद्योग नै हो। कृषि क्षेत्रको उत्पादनलाई र वृद्धि गरेर कृषि जन्य उद्योगहरूको चाहिँ विकास गर्न सकियो भने त्यसको बजार निर्माण गर्न सकियो भने नै हामीले हाम्रो अर्थतन्त्रको आधार निर्माण गर्ने हो। हामीले भनिरहेका छौं हाम्रो अर्थतन्त्रको मेरूदन्ड कृषि हो भनेर भनिरहेका छौं। उद्योगका लागि पनि कृषि नै हाम्रो आधार हो अर्थतन्त्रको आधार भनिराछौ तर कृषिजन्य उद्योगको एउटा शब्द पनि यहाँ राखिएको छैन। उद्योग विकास गर्ने मात्रै भन्या छ। कस्तो उद्योग? स्वदेशी कच्चा पदार्थमा भनिएको छ तर स्वदेशी कच्चा पदार्थ पनि कस्ता हुन? हाम्रो फलामको लागि पनि स्वदेशी कच्चा पदार्थ हुन सक्छ। कुन स्वदेशी कच्चा पदार्थमा उद्योग विकास गर्ने हो भन्ने कुरा तर्फ चाहिँ गएको छैन। त्यसको प्राथमिकतामा छैन। जडीबुटी उद्योग हामीले विगतदेखि

भनिरहेका छौं। हाम्रो धेरै सम्भावना भएको जडीबुटी क्षेत्र हो अत्यन्त अमूल्य जडीबुटीहरू चाहिँ हाम्रा छन्। हाम्रा पहाडहरुमा हाम्रा पर्वतहरुमा छन्। तिनीहरूको उपयोग गरेर हामीले हाम्रो अर्थतन्त्रलाई बलियो बनाउन सकिन्छ भनेर भन्याछौं। निर्यात प्रवर्धन गर्ने कुरा गरिएको छ तर निर्यात के गर्ने हो? विदेशबाट कच्चा तेल लिएर आउने यहाँ आएर रिप्याकिङ्ग गरेर पठाएर हाम्रो निर्यात चाहिँ वृद्धि गरेको छ भनेर हाम्रो देशको अर्थतन्त्र बलियो कसरी हुन सक्छ। त्यसतर्फ चाहिँ नि ध्यान गएको देखिँदैन। विद्युत उत्पादन अर्को हाम्रो क्षेत्र हो भनेर हामीले भनिरहेका छौं। तर विद्युत उत्पादनमा निजी क्षेत्रको पुँजी लगानीलाई प्रोत्साहित गर्ने मात्रै भनेको छ। त्यसलाई प्राथमिकतामा राखेको छ। राज्यको लगानीमा विद्युत उत्पादन किन नगर्ने? जबकि विद्युत उत्पादन उपभोग र व्यापारको सम्भावना छ भनेर हामीले भनिरहेका छौं भने त्यसतर्फ हामी किन नजाने त्यसतर्फ जाने कुरालाई पनि प्राथमिकतामा राखेको छैन। छ राखेको छ, प्रोत्साहीत गर्ने भन्या छ युवा उद्यमीहरूलाई प्रोत्साहीत गर्ने भनेर भन्याछ। जम्मै प्रोत्साहनको मात्रै कुरा छ। ठोस यो चाहिँ गरेर हामीले हाम्रो अर्थतन्त्रलाई बलियो बनाउँछौं। देशभित्र चाहिँ रोजगारी सिर्जना गर्छौं, गरिबी निवारण गर्छौं, तर घटाउँदै जान्छौं भनेर यो वर्षमा हामीले कति प्रतिशत गर्छौं? र हाम्रो सम्भावना कति छ भन्ने तर्फ अगाडि गएको चाहिँ देखिँदैन। त्यसो भएर मलाई यो प्रस्तुत सिद्धान्त तथा नीति प्राथामिकताहरु जुन निर्धारण गरिएको छ, अगाडि सारिएको छ। यसका आधारमा आउने बजेटले मुलुकमा आजको जुन आवश्यकता हो। आर्थिक, सामाजिक रुपान्तरणको फड्कोको आवश्यकता हो आज। सामान्य गतिले हिँडेर हाम्रो अवस्था परिवर्तन हुने स्थिति छैन। हामीले फड्को मार्नुपर्छ भन्ने कुरा चाहिँ जुन गरिरहेका छौं। अनि गुणात्मक ढंगले अगाडि बढ्ने हिसाबले चाहिँ हाम्रा कार्यक्रमहरु हाम्रा बजेटहरु निर्माण गर्नुपर्छ भनेर चाहिँ भनिरहेका छौं। यो कुनै पक्षको हो भन्ने मलाई लाग्दैन। सत्ता पक्ष प्रतिपक्ष हामीले सबैले भनिरहेका छौ।पूर्ण आर्थिक, सामाजिक रुपान्तरण हुन सकेन भन्ने कुरा चाहिँ नीति कार्यक्रममा बोल्दाखेरि सत्तापक्षकै माननीयज्यूहरूले पनि भनिरहनुभएको थियो। त्यस अनुसार आगामी बजेट निर्माण गर्नका निम्ति बनाइएका यी निर्धारण गरिएका जुन सिद्धान्त र प्राथमिकताहरु छन्।तिनीहरुले के तिनीहरुले हामीले आशा गरे जस्तो फड्को मार्ने खालको बजेट लिएर आउला? के त्यस्ता खालका योजनाहरु आउलान् बजेटबाट? भनेर हेर्दाखेरि मैले आस गर्ने अपेक्षा गर्ने ठाउँ देखिन्। तथापि अर्थमन्त्रीजीले माननीयज्यूले दिनुभएका सुझावलाई समेटेर बजेट बनाउछु भनेर भन्नु भएको छ। त्यो त हिजो नीति कार्यक्रममा बोल्दाखेरि पनि भन्नु भएको थिए। यहाँ प्रधानमन्त्रीले बोल्दाखेरी पनि भन्नु भएको थियो। भन्ने मात्रै हो कि गर्ने पनि हो यदि साँच्चै गर्ने हो भने हामीले हाम्रो अर्थतन्त्रको जग कसरी बलियो बनाउने हो भन्ने हिसाबले सोचेर बजेट निर्माण गरियोस् र त्यस हिसाबले बजेट अगाडि बढाईयोस्। सांसदहरू

विकासमा जोडिन्छन् कि जोडिन्नन् भन्ने कुरा भन्दा पनि आम जनताले विकासको अनुभूति गर्न पाउँछन् कि पाउँदैनन् भन्ने कुरा चाहिँ प्रमुख कुरा हो भन्ने मलाई लाग्छ। आम जनताले अब विकासको संकेत देखा पर्यो भनेर अनुभूति गर्ने गरी आगामी बजेट बन्न सकोस्। त्यस हिसाबले बजेट आओस र हाम्रा निराशाहरु, हाम्रा पनि निराशाहरु हुन् भन्ने मलाई लाग्दैन। हाम्रा पनि निराशाहरु चिर्ने गरी बजेट आओस् भन्ने सुझाव सहित मेरो आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु। धन्यवाद।

(१४:०२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य मोहम्मद खालिद समय ८ मिनेट। यसपछि माननीय सदस्य शेखर कुमार सिंह।

(१४:०३ बजे) **माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, विनियोजन विधेयक २०८२/०८३ को सिद्धान्त र प्राथमिकतामाथि छलफल भइरहेको छ। मलाई एउटा कुरामा केही खुसी पनि लाग्या छ कि विनियोजन विधेयकको नीति तथा कार्यक्रम प्रस्तुत गरेको बेलामा जुन छलफलको क्रममा केही राय सुझाव आएका थियो त्यसलाई सरकारले मान्ने अर्थमन्त्रीले केही ठाउँ दिनुभएको छ त्यसको लागि म माननीय अर्थमन्त्रीज्यूलाई र सरकारलाई धन्यवाद पनि दिन चाहन्छु। सम्माननीय अध्यक्षज्यू म क्रमश आफ्नो भनाइ राख्न अनुमति चाहन्छु। नीति तथा कार्यक्रममा जुन सुझावहरू आयो र जुन छुट्यो विशेषगरी मधेश र कर्णाली प्रदेशको जुन अवस्था रहेको छ। त्यो अवस्थालाई यो अहिले सिद्धान्त र प्राथमिकतामा सम्बोधन गर्नुपर्थ्यो। त्यो हुन सकेको छैन बजेट र देशका सीमित साधन स्रोतलाई न्याय उचित ढंगबाट वितरण र त्यसलाई प्राथमिकतामा राख्नु अत्यन्त जरुरी थियो त्यो मैले हेर्न सकेको छैन। यो आउने बजेटमा म सुझावको रुपमा भन्न गइरहेको छु कि आउने बजेटमा यसको सुधार हुन्छ भन्ने मैले आशा लिएको छु। त्यसैगरी मधेसको लाइफलाइन हुलाकी सडकको बारेमा पनि यो यहाँ राख्नुपर्ने कुरा थियो जरुरी थियो। यो आउन सकेन। बुँदा नम्बर ३ मा लोकतान्त्रिक मूल्यमा आधारित समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको आधार तयार गर्ने कुरा सराहनीय छ स्वागतयोग्य छ। यस्तो होस् म सरकारलाई शुभकामना दिन चाहन्छु त्यसैगरी बुँदा नम्बर ४ मा मौलिक हक र राज्यका निर्देशक सिद्धान्तको कार्यान्वयनको कुरा गरिएको छ। त्यो कुरा बारम्बार उठेको पनि थियो। र अहिले प्राथमिकतामा आउँदा अलिअलि यो खुसी पनि लागेको छ कि सरकारले यसलाई सम्बोधन गरेको छ। नम्बर ४ मा नागरिक मैत्री सेवा प्रवाह र सुशासनको कुरा गरेको छ। वास्तवमा यसको खाँचो रहेको

छ। यसमा राष्ट्र सेवकहरूको मनोबल उच्च बनाउने पनि कुरा गरेको छ। म भन्न चाहन्छु। राष्ट्रसेवकहरूको मनोबल कसरी उच्च हुन्छ दिनभरि घाममा बसेर एउटा प्रहरी महिनाको अन्त्यमा २५००० लिएर जाँदा त्यसको मनोबल कसरी उच्च हुन सक्छ। अहिले पाइरहेको राष्ट्रसेवकहरुले जुन सेवा सुविधा छ। त्यस सेवा सुविधाको समय अनुकूल त्यो बनाउन अत्यन्त जरुरी छ र यो नगरिकन देशमा सुशासन स्थापित हुन सक्दैन मात्र कानुनले केही गर्न सक्दैन एकातिर हामी भन्छौं भ्रष्टाचार नगर अर्कोतिर जीवन व्यापन गर्नको लागि जति साधन स्रोत चाहियो श्रम चाहियो परिश्रमको यो फल चाहियो प्रतिफल चाहियो त्यति हामी दिन सकिरहेका छैनौ त्यसरी भ्रष्टाचार उन्मुलन हुन सक्दैन। हामीले नम्बर १३ मा कृषि क्षेत्रको व्यवसायीकरणको कुरा हामीले पढ्यौ खुसी लाग्यो। कृषिको व्यवसायीकरण हुन्छ। तर यसमा के तराई मधेसको खेतीयोग्य जग्गालाई त्यहाँ सिँचाइ नपुर्‍याई, त्यहाँ बिउको व्यवस्था नगरी, मलखादको व्यवस्था नगरी के को व्यवसायीकरण? के फेरि बाहिरबाट अन्न भण्डार त्यो किनेर धान चामल किनेर यहाँ व्यवसायीकरण गर्ने? उत्पादन कहाँ हुन्छ त यो तराई मधेशमा बढी हुन्छ।यो तराई मधेशमालाई खेतीको कृषिको हप बनाउने यसलाई प्राथमिकतामा राख्नुपर्ने थियो। यहाँ चाहिँ पानीको रिचार्जिङ पानी केरे सिँचाइ मलको उपलब्धता, यसको सुनिश्चितताको कुरो यो प्राथमिकतामा आउन सिद्धान्त र प्राथमिकतामा आउनुपर्थ्यो बजेटमा यसलाई समेटिन्छ भन्ने मैले आशा लिएको छु। नम्बर १८ मा गुणस्तरीय र जीवन उपयोगी शिक्षाको कुरा गरेको छ विद्यालयहरूमा स्वागतयोग्य छ। तर यसमा सबै प्रकारका विद्यालय समेट्नुपर्ने मेरो सुझाव र मेरो माग पनि छ। विद्यालय भन्नाले नेपाल सरकारले चलाएको विद्यालय वा प्राइभेट स्तरमा चलाएको विद्यालय मात्र हुँदैन परम्परागत रुपमा धार्मिक प्रवृत्तिका विद्यालयहरू गुरुकुल गुम्बा मदरसा पनि नेपाल सरकारकै हो, हाम्रै हो, यो देशकै हो, यसको स्वामित्वलाई नेपाल सरकारले ग्रहण गर्नुपर्छ र अपनत्व देखाउनुपर्छ भन्ने म माग राख्न चाहन्छु र आउने बजेटमा यसलाई राम्ररी सम्बोधन गर्नको लागि म सरकारसँग विनम्र अनुरोध गर्न चाहन्छु। नम्बर २० मा सबै नागरिकलाई उद्यमशील उत्पादक र सक्षम बनाउने यो जोड दिनेछ भन्ने कुरा एकदम राम्रो हो। यदि हामी नेपालीको जीवनको कुरा गर्छौं, स्वास्थको कुरा गर्छौं, शिक्षाको कुरा गर्छौं, आय आर्जनको कुरा गर्छौं, साधन स्रोतको वितरणको कुरा गर्छौं, उसको समयको कुरा गर्दैनौं। नेपालीको समय कसरी बितिरहेको छ, उहाँको क्षमता र दक्षताको उपयोग कहाँ भइरहेको छ? यदि हामी आफ्नो जनशक्तिलाई राम्ररी प्रयोग गर्न सक्यौ भने हामी आफ्नो देशलाई समृद्ध बनाउन सक्छौ। यो कुरा जुन आएको छ वास्तवमा यदि सरकार यसमा संवेदनशील छ भने हामी विकास तर्फ एकदम लामो फर्को मार्न सक्छौ। यसरी नै नम्बर २६ मा बुदा नम्बर २६ मा समाजिक न्याय र समावेशी विकासको जुन कुरा गरेको छ यो स्वागतयोग्य छ। यसको म

स्वागत गर्न चाहन्छु। माननीय अर्थमन्त्रीजीलाई म धन्यवाद दिन चाहन्छु। यो कुरा अलि विस्तारसँग नै त्यहाँ भनिएको छ। अब अस्ति सम्माननीय प्रधानमन्त्रीले के जवाफ दिनुभयो त्यतातिर नगई सकारात्मक जुन कुरा आएको छ, म त्यसको समर्थन गर्न चाहेको छु। आज देशका प्रत्येक नागरिकले पहुँच भएका पनि न पहुँच भएका पनि, अमिर पनि, गरिब पनि सबैको अपनत्वबोध राज्यसँग र सरकारसँग हुनुपर्यो भन्ने यस आशयकासाथ यदि यो बुन्दालाई ल्याएको हो भने यो यति राम्रो हुन्छ। र अन्त्यमा जाँदा जाँदा सांसदहरूको म यो कुराको समर्थन गर्दछु कि सांसदहरूको विकास कार्यमा भूमिका अत्यन्त जरुरी छ। किनभने जनतासँग प्रत्यक्ष सरोकार उहाँहरूको हुन्छ। उहाँसँग प्रश्न हुने गर्छ। उहाँलाई जवाफ दिनु हुनुपर्छ र उहाँलाई नै विकासको क्रमबाट हामी निकाल्छौं। यो मेरो विचारमा सही छैन आउने बजेटमा यसलाई ध्यान दिनेछ भन्ने म बिदा लिन्छु। धन्यवाद।

(१४:११ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य शेखर कुमार सिंह समय ५ मिनेट यसपछि माननीय सदस्य रुकमिणी कोइराला।

(१४:११ बजे) <u>माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)</u>:- सम्मानीय अध्यक्ष महोदय, माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्रीज्यूबाट २०८२ को विनियोजन विधेयक सिद्धान्त र प्राथमिकता पेश गर्नु भएको छ हाम्रो सदनमा। निश्चित रूपमा उहाँहरुले बडा गम्भीरताका साथ मैले बुँदा नम्बर १३ देखि सुरु गर्न गइराख्या छु। नेपालले एउटा अन्नको भण्डार थियो अन्नको भण्डारमा स्थापित गर्नुपर्छ मैले पटकपटक माग राख्दै आएको थिएँ। त्यो सम्बन्धमा सरकार धेरै गम्भीर भएर आएको छ। यसका लागि मैले उहाँलाई धन्यवाद पनि दिन चाहिराख्याछु। कृषि क्षेत्रमा उहाँहरुले वाचा गरेको कुरोहरु पूर्ण रुपमै पूरा गर्नुहुन्छ भने विश्वास राख्या छु। त्यस्तै पर्यटन पूर्वाधार विकास, औद्योगिक क्षेत्र, डिजिटल पूर्वाधार, डिजिटल अर्थतन्त्रको निर्माण गुणस्तरीय जीवन उपयोगी शिक्षा जीवन उपयोगी शिक्षा भन्ने शब्द नै बडा गम्भीर शब्द आएको छ। सबै नेपालीको मननै छोएको छ यसले। र उहाँहरु यो दृष्टिकोणले पनि शिक्षालाई अति नै महत्वपूर्ण स्थान दिएर सरल र सुलभ सबै तहका शिक्षालाई जीवन उपयोगी तुल्याउनलाई शैक्षिक नतिजामा ल्याउन खोजिराखुभएको छ। यसको लागि पनि सरकारले हामी धन्यवाद दिन चाहन्छु। भौतिक पूर्वाधार तथा आवास विकासको लागि सरकार गम्भीरै छ। सबै अधुरो योजनाहरूलाई पूर्ण गर्नलाई उहाँहरुले समयमै पूरा गर्नुहुन्छ भनी हामी आश्वस्त छौं। उहाँ गर्नु हुनुहुन्छ भने विश्वास पनि राख्या छ। त्यसैकारणले हामी मानव जीवनको

लागि खानेपानी अति नै उपयोगी, अति आवश्यकताभित्र नै पर्छ। त्यसमाथि पनि उहाँहरुले गुणस्तरीय खानेपानी सुविधा सुनिश्चित गर्नलाई सेवाप्रदायक संस्थागत क्षेत्रमा विकासको जोड दिने नै सरकारको एउटा पवित्र उद्देश्यका साथ सम्पूर्ण नेपाली खानेपानीबाट अभाव नपरोस वञ्चित नहोस् भन्ने उद्देश्यका साथै उहाँहरू यसमा पनि ध्यान पुऱ्याउनु भएको छ। यसको लागि पनि मैले धन्यवाद दिनै पर्यो सरकारलाई। सँगसँगै राजस्व प्रणालीको सुदृढीकरण राजस्व प्रशासनको व्यावसायिकता र दक्षता अभिवृद्धि गर्नेछ। उत्पादन र लगानी मैत्री राजस्व नेतृत्व तर्जुमा गर्ने छ भन्ने कुरो यो पनि एउटा ठोस आधार हो। कुनै पनि राज्यको लागि यो पनि हामीले आशाकासाथ विश्वास राख्दै यो सातै प्रदेशको मुलुक हो उहाँहरु पक्कै सातै प्रदेशलाई ख्याल गरेरै बजेट ल्याउनु हुनुहुन्छ भने आशाका साथ हामी आफ्नो दुई शब्द यही अन्त्य गर्छु। धन्यवाद।

(१४:१७ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य रुकमिणी कोइराला समय ७ मिनेट। त्यसपछी माननीय सदस्य झक्कु प्रसाद सुवेदी।

(१४:१८ बजे) **माननीय श्री रुकमिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यु आज हामी सरकारले ल्याएको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका विषयमा छलफलको क्रममा छौं। यसै अनुरूप समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न सुदृढ अर्थतन्त्र राष्ट्रको निर्माण गर्न उत्पादनमुखी विकास ढाँचाहरू अवलम्बन गर्न उद्यमशीलतामा वृद्धि गर्न समाजवाद उन्मुख अर्थतन्त्रको आधारशीला तयार गर्ने कुरालाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ। संघ प्रदेश र स्थानीय तह तथा सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रभित्रको समन्वय सहकारीलाई सुदृढ बनाउँदै जाने सन्तुलन कायम गर्न राजश्व परिचालनलाई प्रभावकारी बनाउन विगतदेखि नै झाँगिदै आएका विकृति विसङ्गतिको अन्त्य गर्न प्राथमिकीकरणमा राखुपर्ने देखिन्छ। जग्गाको हदबन्दी वन क्षेत्रको प्रयोग कर सहुलियत र नाफाको प्रक्रियामा देखिएका कठिनाईको निराकरण गर्ने कुरा सामाजिक सुरक्षाको प्रत्याभूति हुने कुरा, सामाजिक सेवा प्रवाहमा नागरिकको सहज पहुँचको लागि सूचना प्रविधिको प्रयोग र विस्तार प्राथमिकीकरण गर्ने कुरा, सुशासन प्रवर्धन गर्ने भ्रष्टाचार नियन्त्रण गर्ने बजारको माग अनुरुप रोजगारी सिर्जना गर्ने, गरिबी निवारण गर्ने, बजारको माग सुपरीवेक्षण र दक्ष जनशक्ति विकास गरी रोजगारीमा आबद्ध गर्ने कुरा प्राथमिकीकरण गर्न आवश्यक देखिन्छ। सम्माननीय अध्यक्षज्यु कृषि क्षेत्रको सह-व्यवसायीकरण कृषि क्षेत्रलाई यान्त्रिकीकरण व्यवसायिक उत्पादन र उत्पादकत्व बढाउन खाद्य सुरक्षा निश्चित गर्न, युवालाई कृषिमा आकर्षित गर्न प्राङ्गरिक मल रैथाने बाली प्रोत्साहित गर्न कृषि

उपजको थोक बजार विकास सुनिश्चित भण्डारण विषादि मात्र बजारमा बिक्री वितरण उच्च मूल्यमा नगदे बाली उत्पादन गर्न प्राथमिकीकरणमा राख्नुपर्ने गुणस्तरीय बीउ प्राविधिक सेवा व्यवहारिक व्यवसायिक खेती बाँझो जमिनको उपयोग पशुपंक्षीजन्य उत्पादन वृद्धि नश्ल सुधारलाई प्राथमिकीकरण गर्नुपर्ने देखिन्छ।

विद्युतमा उत्पादन विश्वसनीय प्रसारण वितरण जलाशययुक्त आयोजनाको निर्माण सौर्य ऊर्जा विकास अन्तरदेशीय प्रसारण लाईन निर्माण गर्न प्राथमिकीकरण गर्नुपर्ने देखियो। पर्यटन राष्ट्रिय आयाममा पर्या पर्यटन क्षेत्रको योगदान बढाउन प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गर्न धार्मिक सांस्कृतिक साहसिक खेल पऱ्यो ।पर्यटन पूर्वाधार विकास ऐतिहासिक पुरातात्विक सम्पदा सांस्कृतिक सम्पदा राष्ट्रिय महत्वका दस्तावेज अभिलेख पर्यटन विकासका लागि वन तथा राष्ट्रिय निकुञ्ज क्षेत्रको सही उपयोग गर्न कानुनी प्रबन्ध मिलाउन प्राथमिकीकरणमा राख्नुपर्ने। औद्योगीकरण क्षेत्रको विकास स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादन स्वदेशी उत्पादनको उपयोग उद्यमशीलता विकास सीप विकास र व्यवसायीको व्यापार सहजीकरण उपभोक्ता हित संरक्षणलाई प्राथमिकीकरण गर्नुपर्ने देखिन्छ यो धेरै राम्रो छ र मैले सरकारले ल्याएका सिद्धान्त र प्राथमिकतालाई समर्थन र स्वागत गर्न चाहन्छु। गुणस्तरीय र जीवन उपयोगी शिक्षा शैक्षिक नतिजा सुशासनका लागि विशेष कार्यक्रम शिक्षाको गुणस्तरमा वृद्धि विश्वविद्यालयको समग्र सुधार नैतिकवान् सक्षम जनशक्ति उत्पादनलाई प्राथमिकता, विज्ञान प्रविधि नवप्रवर्तनलाई जोड प्राथमिकीकरण गर्नुपर्ने देखिन्छ। आधारभूत स्वास्थ्य सेवा महामारी नियन्त्रण, नसर्ने रोग स्वास्थ्य बीमा निरन्तरता स्वास्थ्य विमा प्रतिष्ठानहरू सञ्चालनमा एकरूपता ल्याउन तथा सुविधाको लागि स्वास्थ्यलाई प्राथमिकीकरण गर्नुपर्ने ।युवा महिला बालबालिका तथा ज्येष्ठ नागरिक कार्यक्रम आर्थिक क्रियाकलापमा महिलाको सार्थक सहभागिता सुनिश्चित गर्न वित्तीय पहुँच उद्यमशीलताको विकासमा जोड दिनुपर्ने र सडक मानव मुक्त बालसुधार गृहलाई व्यवस्थित गरी लैङ्गिक हिंसा मानव बेचबिखन र ओसारपोसारका लागि चेतनामूलक कार्यक्रमलाई प्राथमिकीकरण गर्नुपर्ने। अपाङ्गता भएका व्यक्तिको हितको संरक्षण, जेष्ठ नागरिकको सम्मान र संरक्षण खेलकुद पूर्वाधार विकास प्राथमिकीकरणमा छ र भौतिक पूर्वाधार निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनालाई प्राथमिकता, राष्ट्रिय आवश्यकता प्राथमिकताका आधारमा वैदेशिक सहायता परिचालन गर्ने वन क्षेत्रको प्रयोग जग्गा प्राप्ति सार्वजनिक यातायात सेवालाई सुरक्षित सहज र वातावरणमैत्री बनाउन प्राथमिकीकरण गर्ने गुणस्तरीय खानेपानी सुविधा सुनिश्चित गर्न सेवा प्रवाहको संस्थागत क्षमता विकास गर्न।

भूमि व्यवस्था भूमिहीन दलित सुकुम्वासी तथा व्यवस्थित बसोबास गर्न राष्ट्रिय परिचयपत्र उपयोग योजना भूमि सम्बन्धी डिजिटल अभिलेख व्यवस्थित गर्न प्राथमिकीकरण गर्नुपर्ने देखिन्छ।

र कार्यान्वयनमा ध्यान दिनुपर्ने पनि देखिन्छ। जलवायु परिवर्तनले नेपाल र नेपालीलाई पारेको असर विपद् व्यवस्थापन अन्तर्राष्ट्रिय जलवायु कोष वित्तीय पहुँच वृद्धि गर्न कार्बन व्यापारलाई व्यवस्थित गर्न अधिकतम लाभ प्राप्त गर्न विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सबै तह र क्षेत्रबिच सहकार्य गर्ने सुरक्षित व्यवस्थित र वातावरणमैत्री भौतिक संरचना निर्माण र सगरमाथा संवादको निचोड कार्यान्वयनमा लाग्ने प्राथमिकीकरणमा जोड दिने। सामाजिक न्याय, समावेशी विकास अनुरुप महिला, आदिवासी जनजाति, मधेशी, दलित, थारु, मुस्लिम, अल्पसंख्यक अपाङ्गता भएका व्यक्ति लगायत पछाडि पारिएका वर्ग र समुदायको उत्थान र सशक्तीकरण गर्न विविध प्रकारका विभेद सबै प्रकारका कुरीति अन्धविश्वास छुवाछुत असमानता हटाउने कार्यक्रम कार्यान्वयन गर्न प्राथमिकीकरण गराउनुपर्ने र सामाजिक सुरक्षा श्रमिकको सामाजिक सुरक्षा र श्रमको सम्मान संस्कृतिको विकास सामाजिक सुरक्षाका लाभग्राही... (समय सकियो)...

(१४:२५ बजे) <u>पीठासीन</u>:- माननीय उपाध्यक्ष श्री विमला घिमिरे।

(१४:२५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य झक्कु प्रसाद सुवेदी समय ६ मिनेट। त्यसपछाडि माननीय सदस्य कमला पन्त।

(१४:२६ बजे) <u>माननीय श्री झक्कु प्रसाद सुवेदी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय माननीय उपप्रधान एवम् अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नुभएको विनियोजन विधेयक २०८२ का सिद्धान्त र प्राथमिकतामा म एकदम छोटो चर्चा गर्न चाहन्छु। पहिलो नम्बरमा त त्यो दोस्रो बुँदामा उल्लेख गरेको छ- जनताको जीवनस्तरमा उल्लेखनीय सुधार भएको भन्ने छ। यहाँ यो विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामा शब्दहरू बडो आकर्षक तरिकाले राखिएको छ यहाँ। वाक्यहरू कलात्मक छन्। तर यसको स्पिरिट मनोगत छ। हामी सबैलाई थाहा छ जनताको नेपाली जनताको जीवनस्तरमा उल्लेखनीय सुधार भएको छ कि छैन? यो त्यसै लेखिन्छ भने मनोगत भनेको यही हो। यसमा लेख्नुपर्थ्यो क्रमशः सुधार हुँदै गएको छ भनेर लेखेको भए यो सही हुन्थ्यो। तर यहाँ आयो उल्लेखनीय सुधार भएको भन्ने। यसमा म सहमति राख्न सक्दिनँ। जनताको जीवनस्तरको आधार कसलाई बनाउनुभयो यहाँ माननीय मन्त्रीज्यूले? यो सिद्धान्त र प्राथमिकता तयार पार्दा उहाँले काठमाडौंका जनतालाई आधार बनाउनुभयो कि उहाँले बुटवलका जनतालाई आधार बनाउनुभयो? उहाँले पाल्पाको बाकामलम र स्याङ्जाको सिरसेकोटका जनतालाई आधार बनाएको देखिँदैन। जनताको जीवनस्तरमा उहाँले निश्चित रुपमा सिरसेकोट र बाकामलमलाई आधार बनाएको भए

उहाँले उल्लेखनीय सुधार भयो जनताको भनेर लेख्नुहुन्थेन। जीवनस्तरमा उल्लेखनीय सुधार भयो भनेर उहाँले लेख्नुहुन्थेन। कृषिलाई प्राथमिकतामा राख्नुभाछ। तर कृषि क्षेत्रमा उच्च उत्पादनको लागि लागत कम गर्ने जो आधुनिक प्रविधि हुन्छ त्यो आधुनिक प्रविधिलाई प्रयोग गर्ने कुरा यहाँ प्राथमिकतामा छैन। हामीले चीनमा देखेका छौ आधुनिक प्रविधिलाई प्रयोग गरेर मात्रै चीन आजको चीन बनेको हो। यहाँ एउटा राम्रो मैले सुरुमै भनिसके कलात्मक वाक्य छ। विकासको ढाँचा गति र संस्कृति बदल्ने कुरा छ- सिद्धान्त र प्राथमिकतामा। तर २०२६ मा विकासशील राष्ट्रमा स्तरोन्नति हुने र सन् २०३० मा दिगो विकास लक्ष्य पुरा गर्ने कुरा अर्थमन्त्रीज्युको प्राथमिकतामा देखिँदैन। अनि कसरी समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकांक्षा पुरा गर्ने? राजश्व संकलन कतिले बढ्यो त्यो यहाँ थाहा छैन। उल्लेख छैन। संकलित राजस्वले अनिवार्य दायित्व धान्न कठिन देखिन्छ तर यहाँ कुनै कुरा उल्लेख छैन। मैले बुझेको १ खर्ब भन्दा बढी रकम सार्वजनिक ऋणको भुक्तानीमा विनियोजन गर्नुपर्नेछ। अनि लेखिन्छ नेपाली जनताको जीवनस्तरमा उल्लेखनीय सुधार आयो। कठिन अवस्थामा भएका नेपाली नागरिकको जीवनस्तरमा कसरी सुधार ल्याउन सकिन्छ ? सरकारलाई चिन्ता छैन। कसरी अर्थतन्त्रलाई विश्व अर्थतन्त्रको गतिसँग अघि बढाउन सकिन्छ? यतातिर ध्यान देखिन्नँ। रोजगारीका अवसर कसरी सिर्जना गर्ने? गरिबी न्यूनीकरण कसरी गर्ने? यस्ता गम्भीर विषय सरकारको प्राथमिकतामा कसरी परोस्।

अध्यक्ष महोदय नेपालले भोगेको न्युन उत्पादन र उत्पादकत्व व्यापारघाटा कमजोर निर्यात युवा उमेर समूहको जनशक्ति पलायन जस्ता समस्या समाधान गर्ने प्राथमिकताको विषय हुनुपर्ने। तर यहाँ देखिँदैन। खानेपानीको विषयमा जानुपर्दा स्वच्छ खानेपानीमा नेपाली जनताको पहुँच २५% छ भनेर उल्लेख छ। तर गुणस्तरीय खानेपानी प्राथमिकतामा पार्नुपर्छ होला नि। यहाँ गुणस्तरीय खानेपानीको बारेमा केही कुरा उल्लेख छैन। अध्यक्ष महोदय नेपाललाई आकर्षक पर्यटन गन्तव्य बनाउने र नवीकरणीय ऊर्जाको विषय पनि त यहाँ राख्नुपर्छ होला। न पर्यटनलाई नेपालमा पर्यटनलाई आवश्यक आकर्षक बनाउने भन्नेछ आकर्षक गन्तव्यको रूपमा राख्नुपर्छ भन्ने छ न नवीकरणीय ऊर्जाको विषय छ यहाँ। यो महत्वपूर्ण विषय हुन्। यिनी दुवै विषय छुटेको छ। समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको आधार तयार गर्ने कार्यक्रम पनि परेन। उत्पादन र वितरणको उचित संयोजन गर्ने विषय त यहाँ छँदै छैन। ८०% बजेट सिलिङ अनुसार सङ्घीय सरकारले राख्ने अस्पताल व्यवस्था गर्ने जिम्मा स्थानीय तहलाई दिने। सिद्धान्त र प्राथमिकतामा मात्रै हो यो विषय। केही दिन अगाडि नीति तथा कार्यक्रम आयो। विधि पुऱ्याएर पास भयो। फेरि विनियोजन विधेयक २०८२ को सिद्धान्त र प्राथमिकता आयो। यो पनि औपचारिक मात्र। सरकारसँग संख्या छ जे गरे पनि हुन्छ भन्ने चिन्तन छ यस्तो गरिनेछ भनेर कल्पना आयो। यस्तो यस्तो हुन के गर्नुपर्छ भन्ने यहाँ केही पनि छैन। धन्यवाद।

(१४:३१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य कमला पन्त समय ८ मिनेट। त्यसपछाडि माननीय सदस्य मदन कुमारी शाह (गरिमा)।

(१४:३२ बजे) **माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय हामी सरकारको नीति तथा कार्यक्रम चाहिँ पास गरिसकेका छौं। त्यसकै आधार त्यसैमा टेकेर अहिले सिद्धान्त र प्राथमिकतामा हामी छलफल गरिरहेका छौं। अब बजेट आउन बाँकी छ। यतिबेला म यो नीति तथा यो प्राथमिकता र सिद्धान्त र प्राथमिकतालाई म समर्थन गर्छु। किन समर्थन गर्छु भने एउटा त हामीले नीति कार्यक्रम पास गरिसकेका छौं। अर्को चाहिँ यसले वास्तविक रूपमा नीति यो सिद्धान्त र प्राथमिकताको सुरुमै संविधानवादलाई र संविधानलाई विशेष गरेर याद गरेको छ। संविधानलाई याद गरेर संविधानलाई हामी सही मामिलामा सही हिसाबमा कार्यान्वयन गर्छौं भन्ने बित्तिकै मौलिक हक पनि कार्यान्वयन हुन्छ भन्ने मलाई विश्वास लागेको छ। मौलिक हकको कार्यान्वयन हुनेबित्तिकै हाम्रो संविधानमा भएका मौलिक हकले सबै कुरालाई समेटेको छ। यसमा कुनै पनि कुरा छुटेको छैन। त्यो कार्यान्वयन हुने बित्तिकै नेपालमा गरिबीको पनि अन्त्य हुन्छ। अनि सामाजिक न्याय पनि सुरु हुन्छ। अहिले सामाजिक न्याय छ भन्ने मलाई लाग्दैन। त्यसैले उल्लिखित सङ्घ प्रदेश र स्थानीय तह तिनै तह चाहिँ एउटा ट्र्याकमा एउटा सङ्घको अन्तरमातहतबाट प्रदेशले कति उन्नति गर्ने हो त्यसले प्रदेशपछि स्थानीय तहले कति उन्नति गर्ने हो त्यो सबै कुरा हुन्छ। कतिबेला हुन्छ भने संविधानले वास्तविक रूपमा संविधानको कार्यान्वयन भयो भने।त्यसैले यसलाई प्रतिबद्धता जाहेर गरेको छ संविधानको कार्यान्वयनको। त्यसैले मैले यसलाई समर्थन गरेको छु। अर्को कुरा चाहिँ संविधानमा लोककल्याणकारी राज्यको व्यवस्थाको कुरा गरेको छ। लोक कल्याणकारी राज्यको परिपालना गर्ने कुरा यो नीति कार्यक्रमले यो स्मल इज ब्युटीफुल भन्छौ नि हामी सानो भएपनि एकदमै सुन्दर छ। त्यसैले यसलाई परिपालन गर्ने एउटा प्रतिबद्धता जाहेर गरेको छ लोक कल्याणकारी राज्यको अवस्थाको बारेमा। त्यसैले म समर्थन गर्छु। समावेशी विकासको कुरा गरेको छ। सामाजिक न्यायको कुरा गरेको छ। हामी पछि परेकै समावेशी विकास र सामाजिक न्याय नभएर हो। सामाजिक न्याय भयो भने यसले नेपाललाई उन्नततिर पुऱ्याउँछ भन्ने मलाई विश्वास लागेको छ।यसले लगानीमैत्री व्यावसायिक वातावरण बनाउनको पनि प्रतिबद्धता जाहेर गरेको छ। एकद्वार सेवा प्रणालीलाई प्रभावकारी बनाउने निजी क्षेत्रको लगानी प्रवर्धन गर्ने सवालमा देखिएका समस्या हल गर्ने संकल्प पनि गरेको छ। त्यसैले यो सिद्धान्त र प्राथमिकता चाहिँ न्याय संगत छ। सामाजिक न्यायको कुरा गरेको छ भन्ने कुरामा मैले यसलाई समर्थन गरेको छु।

अब अर्को चाहिँ नागरिकमैत्री सेवा प्रवाह र सुशासनमा जोड दिएको छ। हामी आजसम्म पछाडि परेको सुशासन नभएर हो। साँच्चै कमिटेड भएर साँच्चै प्रतिबद्ध भएर सुशासनको कुरा गरेको छ भने यो सिद्धान्त र प्राथमिकता ठीक छ। बजेट आउँदाखेरि कसरी आउँछ त्यो हेर्न बाँकी छ। अब सुधार तर्फ चाहिँ हामीले चाल्नुपर्ने धेरै कुराहरु छन् अध्यक्ष महोदय। अब यो बजेट चाहिँ विना कोडिङ विनियोजन गरिन्छ। कोडिङ २२२ अर्ब बजेट अघिल्लो बजेटमा चाहिँ बिना कोडिङको बजेट थियो। अब त्यो २२२ अर्ब कहाँ कहाँ खर्च भयो त खै हामीले त थाहा पाएनौ त? यो हाउसले थाहा पाउनुपर्यो। तर त्यो छैन विना कोडिङ बजेट एक पैसा पनि राख्न पाइदैन। यो चाहिँ सुधार गर्नु पर्‍यो सरकारले। अर्को यो जेन्डर बजेट भन्छौ हामी। लैङ्गिक उत्तरदायी बजेट ०६४ सालपछि कता गयो कता? हरायो। हामीले ठूलो संघर्षबाट cedaw ल्याएको एउटा ठुलो हामीले धेरै यो विश्वसँगको प्रतिवद्धता जाहेर गरेका छौं। त्यो विश्वसँग गरेको प्रतिवद्धताको आधारमा यो जेन्डर बजेट आउने गरेको थियो। लैङ्गिक उत्तरदायी बजेट त्यो हराएको छ। यो बजेटले ल्याउँछ भन्ने मैले विश्वास गरेको छु। सुशासन कायम गर्नु अनिवार्य शर्त हो। त्यसैले सुशासन कायम गर्नको निम्ति धेरै पूर्वाधारहरु तयार गर्नुपर्छ। हामी कहाँ सुशासन छैन। त्यसमा पनि अब बजेट ल्याउँदाखेरि पुँजीगत खर्च कति गर्न सकिन्छ राज्यको क्षमताले कति पुँजीगत खर्च गर्न सक्छ त्यो अनुसारको बजेट आउनुपर्यो। खर्च गरेर पनि परिणाम नआएका क्षेत्रहरू धेरै छन्। परिणाम आउने खर्च गर्नुपर्यो। अनि दिगो विकासको लक्ष्यलाई आत्मसात गरेको छ। तर दिगो विकासको लक्ष्य पुरा गर्न जम्मा पाँच वर्ष मात्रै बाँकी छ तर त्यति पाँच वर्ष पनि पुरा छैन। अब यो पाँच वर्षमा हामीले कति गर्न सक्छौ? दिगो विकासको लक्ष्य पुरा गर्छौं भनेर गरेको प्रतिबद्धतालाई हामीले पहिला Millennium Goal भन्यौं। अहिले फेरि SDG भनेका छौं। Millennium Goal ले अलिकति अलि उत्तरदायी पनि बनाएको थियो। अलि परिणाम ल्याएकै थियो। यो विज्ञहरुले ठाउँ ठाउँमा भनेका पनि छन् होला। सरकारलाई पनि थाहा होला जस्तो लाग्छ मलाई। यो दिगो विकासको लक्ष्यले कति परिणाम ल्याउन सक्छ हामीले यो प्रतिबेदन पेश गरेको जस्तोले मात्रै हुँदैन। साँच्चै परिणाम ल्याउन सक्छ कि सक्दैन। अल्पविकसित राष्ट्रबाट हामी विकासशील राष्ट्रमा स्तरोन्नती हुँदैछौं। त्यसको निम्ति पनि बजेट विनियोजन गर्नुपर्यो।

अपाङ्गता महिला जेष्ठ नागरिक ओगटेको महिला मन्त्रालयको बजेट र अपाङ्गले आफैले आन्दोलन गरेर एउटा सहयोगीको अपेक्षा गर्दा पनि सरकारले दिन सकेको छैन यो दिन्छ कि दिँदैन? यो पनि हेर्न बाँकी छ र सन्तुलित बजेटको अवधारणा अनुसार बजेट आउँछ भन्ने मैले विश्वास गरेको छु। शासकीय सुधारमा पनि प्रवर्धनात्मक कार्यक्रम आउनुपर्‍यो र अध्यक्ष महोदय हामी उत्पादन बढाउने कुरा गर्छौं। उत्पादन बढाउने कुरामा उत्पादन के केले बढ्छ भन्ने कुरा ख्याल गर्नुपर्यो। यो बजेटमा अध्यक्ष महोदय म फेरि जोड दिएर भन्न चाहन्छु- यो मलको कारखाना खुल्छ भनेर जति सक्छ सरकारले पैसा छुट्याउनुपर्यो। एकैचोटी एकै वर्षमा मलको उद्योग सञ्चालन हुन्छ भनेर त न हामीले

त्यसलाई खर्च गर्न सक्छौ न केही सक्छौ तर यसपाली बजेट छुट्टिनुपर्यो। यो बजेटले के छुट्टयायो भने अनि हामी उत्पादन बढाउँदै रहेछ है यो सरकारले भन्ने कुरा विश्वास गरौं। अध्यक्ष महोदय जलवायु परिवर्तनले यति भयावह अवस्था छ। मान्छे यति क्षतविक्षत भइसक्यो। यो अवस्थामा जलवायु आपतकालीन उद्धारको लागि सरकारले कति कस्तो रणनीति बनाउँछ त्यो पनि ख्याल गर्नुपर्यो। आपतकालीन सबभन्दा ठूलो कुरा चाहिँ बाँच्न पाउने अधिकारको सुरक्षा गर्ने ग्यारेन्टी गर्नुपर्‍यो सरकारले। सबभन्दा ठूलो कुरा चाहिँ बाँच्न पाउने अधिकारको सुरक्षा हो र अर्को चाहिँ सांसदलाई विकाससँग जोड्नै पर्छ अध्यक्ष महोदय। धन्यवाद।

(१४:४० बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य मदन कुमारी शाह (गरिमा)। समय ४ मिनेट। त्यसपछाडि माननीय सदस्य गोपाल भट्टराई ।

(१४:४१ बजे) **माननीय श्री मदन कुमारी शाह (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):**- सम्माननीय अध्यक्षज्यू आज हामी विनियोजन विधेयक २०८२ का सिद्धान्त र प्राथमिकतामा छलफल गरिरहेका छौं। कहाँबाट सुरु गरौं जस्तो मलाई चाहिँ लागिरहेको छ। पढ्दा त आवश्यकै हो जस्तो लाग्छ सबै कुरा। अब हामी आर्थिक र सामाजिक रुपान्तरण गर्छौं भनेर भाषण गर्न थाकिरहेका छैनौं जतिबेला पनि हामी यही कुरा गरिरहेका छौं। सामाजिक न्याय स्थापित गर्छौं भनिरहेका छौं। अर्थतन्त्रलाई गतिशील बनाउँछौं। विकासमा तीव्रता ल्याउँछौं र त्यो नीतिमा निरन्तरता दिएर गर्छौं भनिरहेका छौं। तर के साँच्चै त्यसैगरी प्राथमिकताहरु निर्धारण भएका छन् त? अब एक नम्बर प्राथमिकतामा चाहिँ रोजगारी सिर्जना स्वरोजगार प्रवर्धन र गरिबी निवारण। सुन्दा त झट्ट राम्रो छ। हामीले खोजेको पनि त यही हो। तर सम्माननीय अध्यक्षज्यु मेरो अर्थमन्त्रीज्यूसँग जिज्ञासा छ प्रश्न छ यो रोजगारी सिर्जना के गरेर हुन्छ? यो स्वरोजगार कसरी बनिन्छ? गरिबी निवारण चाहिँ कसरी हुन्छ? केही नगरीकन १ नम्बरमा राख्दा खेरि यो हुन्छ त? यो हुँदैन जस्तो चाहिँ मलाई लाग्छ। र मलाई के लाग्छ भने हाम्रो सबैभन्दा प्राथमिकतामा पर्नुपर्ने विषय भनेको कृषि क्षेत्रको व्यवसायीकरण गर्ने। व्यवसायीकरण गर्नुभन्दा पहिला पूर्व केही कामहरु हामीले गर्नुपर्ने त्यसको लागि चाहिँ एक नम्बर प्रतिबद्धता हाम्रो स्थानीय स्रोतमा आधारित वस्तुहरूको उद्योग स्थापना र सञ्चालनका लागि त्यस्ता वस्तुहरुको आयातलाई प्रतिबन्ध लगाउने हामीले चाहिँ निर्णय गर्नुपर्ने हुन्छ। हामीसँग प्रशस्त जडिबुटी छन्। हाम्रो अन्नको भण्डार रहेको खाद्य बालीनालीहरू हामी उत्पादन गर्न सक्छौ तरकारीमा हामी आत्मनिर्भर हुनसक्छौं। मासुजन्य, दुधजन्य वस्तुमा हामी आत्मनिर्भर हुन सक्छौं। हामीसँग बहुमूल्य खनिजहरू छन्। बहुमूल्य पत्थरहरु छन्। यहाँबाट हामी सुरुवात गरौं न त। अनि त्यसपछि हुन्छ

सम्माननीय अध्यक्षज्यु। हामी चाहिँ रोजगारी पनि हामी त्यसैबाट सिर्जना गर्न सक्छौं। स्वरोजगार बन्न सक्छौं र त्यसैबाट गरिबी निवारण हुन्छ। एक नम्बर प्राथमिकतामा दायाँ बायाँ नहेरीकन हामीले यसलाई एक नम्बर महत्व दिएर यो काम हामीले किन गरिरहेका छैनौं? हामी काठलाई हामी चाहिँ आयात गर्ने कुरा प्रतिबन्ध गर्छौं भनेर हामी किन भन्न सकिरहेका छैनौं? त्यतातिर हामीले ध्यान केन्द्रित गर्नुपर्छ भन्ने चाहिँ मलाई लागिरहेको छ। अहिले बजारमा खुम्चिरहेको विश्वव्यापी आर्थिक मन्दीको प्रभाव झेलिरहेको सन्दर्भमा हामी असाध्यै संवेदनशील हुन जरुरी भन्नेचाहिँ मलाई लाग्छ। त्यसको लागि हामी हाम्रो माटोले जे उत्पादन गर्छ, हामीसँग जे कुरा छ त्यसैलाई हामीले चाहिँ प्रशोधन गर्ने प्रबर्धन गर्ने त्यसैमा चाहिँ साना घरेलु उद्योगहरू मध्यम खालका उद्योगहरू चाहिँ स्थापना गर्ने त्यसमा धेरैभन्दा धेरैलाई हामी स्वरोजगार बनाउन सक्यौं भने अरु कुरामा ऊर्जाको क्षेत्रमा पर्यटनको क्षेत्रमा धेरै क्षेत्रमा हामीहरु अगाडि बढ्न सक्छौं जस्तो चाहिँ मलाई लाग्छ। एउटा कल्याणकारी राज्यको अवधारणा नै समावेशी विकास र सामाजिक न्यायसहितको विकासको लाभमा आम मानिसको पहुँचलाई स्थापना गर्नु हो। त्यसको लागि हामीले चाहिँ उत्पादन र उत्पादकत्वमा हामीले ध्यान दिएनौ भने हाम्रा यी जति राम्रो हामीले नीति तथा कार्यक्रम ल्याऔं। जति राम्रो चाहिँ हामीले सिद्धान्त ल्याऔं। प्राथमिकता निर्धारण गरौं। शब्दहरु लेखौं। हामीले केही पनि प्राप्त गर्न सक्दैनौ जस्तो मलाई लाग्छ र यो नेपालको आर्थिक विकास गरेर साँच्चै समृद्धि र सुखी नेपाली हामीले बनाउने हो भने एकताबद्ध आर्थिक विकासमा हामी लाग्न जरुरी छ र आफ्ना स्रोतहरूलाई हामीले परिचालन गर्न जरूरी छ भन्ने कुरा राख्न चाहन्छु। धन्यवाद।

(१४:४५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य गोपाल भट्टराई । समय ७ मिनेट। त्यसपछाडि माननीय सदस्य भुवन बहादुर सुनार।

(१४:४५ बजे) <u>माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय आज हामी विनियोजन विधेयक २०८२ को सिद्धान्त र प्राथमिकतामा छलफल गरिरहेका छौं। आगामी बजेट कस्तो हुने? त्यसका प्राथमिकताहरु के हुन्? सिद्धान्त के हुन्? यी कुराहरुलाई असाध्यै सटिक ढङ्गले व्यवस्थित ढंगले छोटोमा सबै कुरा समेटिएको यो सिद्धान्त र प्राथमिकता आएको छ। यसलाई कार्यान्वयन गर्दा खास गरेर बजेट निर्माण गर्दा ध्यान पुग्यो भने यो असाध्यै उपयुक्त छ भन्ने मलाई लाग्छ। सर्वप्रथम त यो दस्तावेजले राजनीतिक अस्थिरताबाट जोगाउँदै नीतिमा निरन्तरता अर्थतन्त्रमा गतिशीलता र विकासमा तीव्रताको उद्देश्य प्रस्तुत गरेको

छ। यसले समग्र दस्तावेजलाई नै प्रतिनिधित्व गर्छ भन्ने मलाई लाग्छ। यस्तै जनताको मौलिक हक कार्यान्वयन गर्दै लोक कल्याणकारी राज्यको अवधारणा अनुरुप समावेशी विकास र सामाजिक न्याय कायम गर्ने कुरा गरेको छ। यी सबै कुराहरु सैद्धान्तिक कुराहरुले आगामी बजेटलाई समेटोस् भन्न चाहन्छु। आर्थिक सम्भावनाका नयाँ नयाँ उदयीमान क्षेत्रलाई पहिचान र प्रोत्साहन गर्ने कुरा गरेको छ। यो आर्थिक सम्भावनाका क्षेत्रहरु जस्तै अस्ति नीति कार्यक्रममा पनि आएको छ। र खानीजन्य कुराहरु खानीका उत्पादनहरु अगाडि बढाउने कुरा गरेको छ। अस्ति पनि भनेको थिएँ ०७८ सालमा धौबादी फलाम खानी उद्योगमा आठ अरब बजेट विनियोजन भएको थियो त्यसलाई उत्खनन् गर्ने, व्यवस्थापन गर्ने भनेर। त्यसपछिका सरकारहरूले त्यसलाई ध्यान दिएनन् र त्यतिखेर रहेको छ। यसलाई सबभन्दा पहिला त्यसलाई सुरु गर्नुपर्छ भन्ने मेरो माग छ। संविधानको व्यवस्था अनुसार तीनै तहको अधिकारको सूचीलाई आधार बनाएर बजेट निर्माण गर्ने कुरा यसले भनेको छ। अहिलेसम्म बजेट निर्माण गर्दाखेरि तीन तहको खास गरेर संविधान सम्मत् तरिकाले तीन तहका अधिकार क्षेत्रहरुलाई उल्लङ्घन गर्न काम भइरहेको छ यो सिद्धान्त र प्राथमिकताले त्यसलाई चाहिँ समेट्ने र बजेट निर्माण गर्ने तीनै तहको आफ्नो कार्यक्षेत्रलाई सुनिश्चित गर्ने कुरा गरेको छ। यो असाध्यै अहिले गर्नैपर्ने यो संघीयताको सन्दर्भमा नकारात्मक कुरा उठाउनेहरुको निम्ति यो असाध्य आवश्यक छ भन्ने मलाई लाग्छ।

सामाजिक सुरक्षालाई लक्षित वर्ग केन्द्रित गर्ने भनेको छ। सामाजिक सुरक्षा जथाभावी गर्ने कुराले यो पाउनुपर्नेहरूले नपाउने र नपाउनुपर्नेहरुले पाउने खालको पनि पाउने परिस्थिति छ। त्यसलाई व्यवस्थित गर्ने कुरा गऱ्या छ। यो उपयुक्त छ। कृषिमा दिने अनुदानलाई खास गरेर उत्पादनलाई आधार मानेर चाहिँ कृषिमा अनुदान दिने जुन कुरा गऱ्याछ। यो चाहिँ ठिक छ। र खास गरेर अहिले यो अनुदान मात्र हैन कृषि उद्योगहरु निर्माण गर्ने कुरामा समेत यसलाई ध्यान पुऱ्याउनुपर्छ भन्ने मलाई लाग्छ। पहुँचको आधारमा वितरण गर्ने जुन परिपाटी थियो त्यसलाई अन्त्य गर्ने कुरा यसले गरेको छ। प्राथमिकतामा राखेको छ यस्तै बजारको माग अनुसारको सीपयुक्त जनशक्ति विकास गर्ने र रोजगारीमा आबद्ध गर्ने कुरा गरेको छ। यो कुरा अब स्वरोजगारको कुरा पनि गरेको छ। त्यसो भएको हुनाले यो नगरिकन अब नेपालमा रोजगारी सिर्जना गर्ने कुरा र रोजगार व्यवस्थापनको कुरा सीपयुक्त जनशक्ति नभईकन नेपालीहरु नेपालमा रोजगारी सृजना हुन सक्दैन। अन्यथा देशभक्त सीपयुक्त जनशक्ति ल्याउने र अदक्ष जनशक्ति हामीले चाहिँ विदेश निर्यात गर्ने जुन परिपाटी छ त्यसको अन्त्यको निम्ति अत्यावश्यक छ। यस्ता थुप्रै कुराहरु पर्यटन प्रवर्धनका कुरा छन्। विद्युत् उत्पादन प्रसारण र विश्वसनिय वितरणका कुरा छन्। यस्ता धेरै कुराहरु डिजिटल पूर्वाधार र अहिले IT मा हामी चाहिँ समृद्ध हुन सक्छौं भन्ने कुरा पनि आएको छ। हामीले आइटीको सन्दर्भमा कुनै लगानी नहुदा पनि अर्बौं रुपैयाँको Software बिक्री भएको कुरा आएको छ।

त्यसलाई व्यवस्थित गर्ने हो भने खबौंको काम हुन सक्छ खबौं रूपैयाँको निर्यात हुनसक्छ भन्ने मलाई लाग्छ। यी सबै कुराहरू गुणस्तरीय स्वास्थ्य शिक्षा लगायतका भौतिक पूर्वाधार आवास र युवा महिला बालबालिका जेष्ठ नागरिकहरुका कुरा यी सबै कुराहरु यसमा समेटिएका छन् यसलाई व्यवस्थित रूपमा बजेटमा आयो भने यसलाई हामीले सकारात्मक रूपमा लिनुपर्छ भन्ने मलाई लाग्छ यति कुरा राखेर मेरो भनाईहरु यहीं अन्त्य गर्छु। धन्यवाद।

(१४:५२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य भुवन बहादुर सुनार। समय ५ मिनेट। त्यसपछाडि माननीय सदस्य नारायण दत्त मिश्र।

(१४:५३ बजे) **माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यु हामीले नीति र कार्यक्रमको छलफलपछि फेरि सिद्धान्त र प्राथमिकताको छलफलमा छौं। यी दुवै विषयलाई जोडेर हेर्दा अब १५ गते कस्तो बजेट आउँछ? भन्ने एउटा खुल्दुली पो भयो। यी दुवै बजेटको तयारी हेर्दा वास्तवमा यो जसको लागि बजेट आउनुपर्थ्यो। जुन वर्ग समुदायको लागि बजेट आउनुपर्थ्यो। त्यहाँ पुग्ने सम्भावना चाहिँ कम बनाएको छ। त्यसले यो सरकारले बजेट निर्माण गर्दा प्रत्यक्ष भुईं मान्छेसम्म पुग्ने गरी नीति र प्राथमिकतामा आउनुपर्ने कुरो आको छैन। वार्षिक बजेटका ७ सिद्धान्त र २५ प्राथमिकताका बुँदामा आधारभूत वर्गलाई सम्बोधन गर्न सकेकै छैन। छुवाछुत तथा जातीय भेदभावमुक्त राष्ट्र घोषणालाई कार्यान्वयन गर्ने बजेट आउँछ भन्ने यसले विश्वास गर्न सकेको छैन। उपेक्षित उत्पीडित समुदायको विकासको लागि दलित विकास प्राधिकरण गठन बजेट आदि चाहिँ अहिले खारेजीमा परेको छ त्यसैले आशा गर्ने ठाउँ छैन। संविधानको धारा ४० मौलिक हक कार्यान्वयन गर्न ऐन र प्राधिकरण प्राथमिकताका साथ आउनुपर्थ्यो। त्यसले खारेज गर्नाले एउटा समुदाय चाहिँ अहिले निराश छ। गरिबी र रोजगार प्रवर्धन उद्योगधन्दालाई प्राथमिकता सीप कला व्यवसायलाई स्वरोजगारलाई प्रश्रय दिनुपर्ने उच्च प्राथमिकता दिनुपर्ने र त्यस्ता व्यवसायलाई उद्योगलाई राज्यले लोन दिन सक्नुपर्ने अथवा कर छुट गर्नुपर्ने यस्ता कुराहरु चाहिँ उल्लेखै छैन। अझ बन्द उद्योगहरु गतका वर्षका चाहिँ नीति कार्यक्रममा आउँथे। सिद्धान्त प्राथमिकतामा आउँथे। गोरखकाली रबर उद्योग हेटौडा, कपडा उद्योग, धागो उद्योगलाई चाहिँ पुनः संचालन गर्ने भनिन्थ्यो। अहिले त नामै पनि भन्न छुटाइएको छ। त्यसले गर्दा अपेक्षा कति गर्ने हो? रोजगारको चाहिँ बारेमा कति बुझ्ने हो र हामीले चाहिँ अब स्वरोजगारको बारेमा कति बुझ्ने हो। कृषि उत्पादन कृषिमा आत्मनिर्भर भनिएको छ। हाम्रा ठुला ठुला टारहरु ठुला ठुला फाँटहरु सिँचाईविहीन छन्। त्यसैगरी अहिले मलको चाहिँ हाहाकार भइसक्यो। मकै दोहोरो मकै गोड्ने बेला भयो मल छैन।

अब भोलि खेत रोप्नपर्ने बेला भयो मल छैन। अनि हामीले चाहिँ कृषिलाई उच्च प्राथमिकतामा राखेका छौं पनि भनिएको छ र यो कति पत्याउन सकिने कुरा हो। यो त पत्याउनपर्ने कुरा राखिदिएको भए हुन्थ्यो। अहिले त साथहरु त गर्न सकिने मात्र राखिएको छ भनेकोले गर्दा यो १५ दिन कहिले आउला। यो १५ जेठ कहिले आउला भन्ने पो प्रतीक्षा गरायो त। अर्को कुरा यो संकल्प प्रस्ताव कार्यान्वयन गर्ने योजनासहितको स्रोतसहितको सुनिश्चितता हुनुपर्ने थियो। हामीले पटक पटक भनेका छौं। राज्यहरु किन यस्ता निष्ठुर हुन्छन्? राज्यहरु किन यस्ता बहिरा हुन्छन्? सुन्दै नसुन्ने? बोल्दै नबोल्ने? लेख्रै मन नलाग्ने के ले यस्तो पार्दो रहिछ कुन्नि एउटा आश्चर्य बनाएको छ। अर्को कुरा हामीले निर्यात गर्ने त्यस्ता चाहिँ ठुला ठुला सम्भावना कम भएको बेलामा ऊर्जा नै हो। हामीले निर्यात गर्न सक्ने ऊर्जा नै हो र त्यसले करोडौंको चाहिँ आर्थिक आर्जन गर्छ। यो बारे चाहिँ मलाई जहाँसम्म छ यो बजेटले चाहिँ उच्च प्राथमिकता दिनेछ भन्ने अपेक्षा गरेको छु। त्यस्तै गरेर हाम्रो पर्यटन कृषि यिनै चाहिँ महत्वपूर्ण छन् नेपालको लागि। यसमा राज्यले ध्यान दिएर बजेट बनाउनेछ भन्ने अपेक्षा गरेको छु। त्यस्तै सामाजिक न्याय र समावेशितालाई गुणस्तरीय शिक्षा र स्वास्थ्यलाई उच्च प्राथमिकतामा राख्नुपर्ने हुन्छ। (समय सकियो)...

(१४:५८ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य नारायण दत्त मिश्र। समय ५ मिनेट। त्यसपछाडि माननीय सदस्य सावित्री मल्ल।

(१४:५९ बजे) <u>माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय विनियोजित विधेयक २०८२ का सिद्धान्त प्राथमिकताका नामक ३७ बुँदाको हाते पुस्तक माननीय उपप्रधानमन्त्री एवम अर्थमन्त्री विष्णु प्रसाद पौडेलले राष्ट्रिय सभामा प्रस्तुत गर्नुभएको छ। प्रस्तुत पुस्तकको सरसर्ती अध्ययन गर्दा म ज्यादै प्रभावित भएको छु। धेरै बुँदाहरूमा मेरो पूर्ण सहमति छ रहेको छ भने कहीं कतै म दुविधामा पनि छु ।बुँदा नम्बर ३ मा विकासको ढाँचा गति र संस्कृति बदल्न भनिएको ठाउँमा संस्कृति बदल्ने भनेको के हो कही विकाससँगै हाम्रो परम्परागत शक्तिसँग जोडिएको छैन। संस्कृति बदल्ने भनेको क मन्दिर जाने कुरा विवाहमा ७ चोटि घुम्ने कुरा त्यस्ता कुराहरु पनि बदल्न खोजिएको हो कि त्यसमा अलिकति होसियार हुन म अनुरोध गर्दछु। सोही बुँदाको अन्तिममा समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको आधार तयार गर्न सम्पूर्ण स्रोत साधन र सामर्थ्य परिचालन गर्न जरुरी छ भनेको ठाँउमा गर्न म दृढ संकल्प छु भनेको भए अझ गतिशील साहसी देखिन्थ्यो कि बुदा नम्बर ५ मा मैले अस्ति पनि भनेको थिए समृद्ध नेपाल सुखी नेपालको ठाउँमा सन्तोषी नेपाली भन्ने शब्द सहज देख्छु किनकि सुखको परिभाषा बढा जटिल छ। कतिलाई केलाई सुख भन्ने सुख

त्यो कहाँ पुर्याउने कहाँ नपुर्याउने यो गारो होला यसलाई म अहिले धेरै व्याख्या गर्न सक्दिन। बुँदा नम्बर १० मा राष्ट्रिय परिचयपत्र प्रणाली र नागरिक एपको माध्यमबाट सबै प्रकारका सार्वजनिक सेवा प्रवाहबीच अन्तर आबद्धता बढाइनेछ भनिएको छ र भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धन गर्नेछ भनिएको छ। यी कुराहरू एकदम स्वागतयोग्य छन्। बुँदा नम्बर ११ मा रोजगारी सिर्जना स्वरोजगार प्रवर्धन र गरिबी निवारण र बुँदा नं. १२ मा आर्थिक सुधार स्वागतयोग्य नै छ। बुँदा नं. १३ मा कृषिमा प्रदान गरिँदै आएको सबै प्रकारका अनुदानको पुनरावलोकन गरी उत्पादनमा आधारित बनाइनेछ भनिएको छ। मैले पटक पटक भनेको छु। कुन वडामा कति अनुदान गयो त्यो वडामा टाँस्ने व्यवस्था मिलाइयोस् ताकि सबैले के आयो भन्ने कुरा देखुन्।सोही बुँदामा रासायनिक मलको सहज आपूर्तिको व्यवस्थाको साथै प्राङ्गरिक मलको उत्पादनलाई प्रोत्साहन गरिनेछ भनिएको छ।भन्नु त हुन्छ सजिलो अनि गर्न गाह्रो खोइ मैले त यो रासायनिक मलको कुरा मलाई त बडा चिन्ताको विषय लाग्या छ है। यो नभएर कृषिमा उत्पादन बढ्नै सक्दैन। बुँदा नं. १४ मा भनिएको सुख्खा यामको ऊर्जा माग पुरा गर्न जलाशययुक्त आयोजनाहरुको निर्माणलाई प्राथमिकता दिइनेछ भनिएको छ स्वागत छ यसको।

बुँदा नं. १५ मा पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण गरिनेछ भनिएको छ तर पशुपतिनाथमा निर्माण भएको समताको खोज भएको छ कि छैन। पर्यटन विकासका लागि वन तथा निकुञ्ज क्षेत्रको उपयोग गरी कानुनी प्रबन्ध गरिनेछ गुणस्तरीय पर्यटकको संख्या वृद्धि गर्न र बसाई अवधि लम्ब्याउन जोड दिइनेछ भनिएको छ यो पनि स्वागतयोग्य छ।बुँदा नं. १६ मा स्वदेशी उत्पादनको उपभोगलाई प्रवर्धन गरिने भनिएको छ। यसलाई अलि जोड दिनुपर्छ कि स्वदेशी उत्पादनलाई बढाउन र कमसेकम स्कुलका विद्यार्थीहरूको ड्रेस सबै स्वदेशी उत्पादनबाट बनाउने कुराहरुतिर हामीले अगाडि बढ्नुपर्छ।बुँदा नं. १७ मा निर्यातका उच्च सम्भावना भएका सूचना प्रविधि क्षेत्रमा उद्योगलाई थप प्रोत्साहित गरिनेछ भनिएको छ। बुँदा नं. १८ मा नैतिकवान् प्रतिस्पर्धी सक्षम जनशक्तिलाई उत्पादनलाई प्राथमिकता दिइने भनिएको छ। बुँदा नं. २२ मा निर्धारित समय लागत र गुणस्तर अनुरुप आयोजना सम्पन्न Readiness Filtre लागू गरिने भनिएको छ। यो एकदमै स्वागतयोग्य कुरा छ। बुँदा नं. २६ मा सबै प्रकारका विभेद कुरीति अन्धविश्वास छुवाछुत र असमानता हटाउन प्रभावकारी कार्यक्रम कार्यान्वयन गरिने भनिएको छ। अन्धविश्वासको परिभाषा गर्नुपर्छ हैनभने हामीले मन्दिरमा ढोग्न जाने कुरा अरु कतिपय हाम्रा परम्परादेखि चलिरहेका रीतिरिवाजहरुलाई पनि अन्धविश्वास भन्न थालियो भने देशलाई कता लगिन्छ यो कुरातिर ध्यान दिन आवश्यक छ। पीडितले न्याय पाउने गरी सहकारी लघुवित्त क्षेत्रमा समस्याहरुको समाधान गर्ने भनिएको छ यो जरुरी समाधान छ यसलाई गर्न पनि पर्छ जसरी पनि सरकारले यो समाधान गर्नुपर्ने हुन्छ। बुँदा नम्बर ३० मा खरिद तथा ठेक्कापट्टा व्यवस्थापन सम्बन्धी

विद्यमान कानुनी जटिलता समाधान गर्ने भनिएको छ यो बडा स्वागतयोग्य कुरा छ माननीय अध्यक्ष महोदय। बुँदा नं. ३२ मा नियतवश कर छल्ने प्रवृत्तिलाई कडाइका साथ नियन्त्रण गर्नेछ कर कानुनहरूमा रहेको अस्पष्टता हटाउन आवश्यक परिमार्जन गरिनेछ। करको दायरा विस्तार र स्वैच्छिक परिचालनमा जोड दिइनेछ भनिएको छ। असाध्यै खुशी लागेको छ। यसले कम से कम म भन्छु हुन त यो कर छलीको कुरा बडा गाह्रो छ। मलाई लाग्दछ राजस्व यस देशमा अहिले उठ्ने १२ खर्ब करिब राजस्वलाई १८-२० खर्ब बढाउन सकिन्छ। त्यसमा राजस्व उठाउनमा सक्रिय रहने मानिसहरू र नीति बनाउनमा सक्रिय रहने मानिसहरूको दुईटैको प्रतिबद्धता आवश्यक छ। मैले एउटा सानोमा एउटा कुरा पढ्या थिएँ- H2O. २ भाग हाइड्रोजन र १ भाग अक्सिजन मिलायो भने पानी हुन्छ। मैले त्यो पढें। तर अहिलेसम्म पानी तुरुक्क पानी तुर्क्याउन मैले कहिले सक्या छैन मैले त्यो जान्दछु मात्र। त्यसकारणले लेखेका कुराहरु लागू गर्ने कुरा अझ सबभन्दा महत्वपूर्ण कुरा छ। त्यस्तै अब यो एउटा। बीपीले हलो जोत्ने किसानको फोटो गरिब लक्षित भएर उसमा राख्ने भनेका थिए माने मन्त्रालयहरूमा। त्यसकारणले अहिलेको बजेट कमसेकम हामी समाजवाद उन्मुख हुने पक्षमा हामी पुगेकै छौं। समाजवाद उन्मुख भनेको गरिबको घरमा बजेट जान्छ कि जाँदैन? झुपडीलाई दृष्टिगत गरी बजेट जान्छ कि जाँदैन? बजेट पुग्छ कि पुग्दैन? त्यतातिरपट्टि ध्यान जान आवश्यक छ।तब मात्रै हामी समाजवादतिर अगाडि लम्कन सक्दछौं।

मैले एउटा कुरा नभनीरहन सकिनँ- मन्त्रीज्यु अस्ति एक जना अर्थमन्त्रीज्युले भन्नुभयो- अस्ति भनेको २/३ महिना भइसक्यो उहाँले भनेको। उहाँले भन्नुभयो- प्रधानमन्त्री तहबाट भ्रष्टाचार नियन्त्रणको प्रयास भए- ५०% भ्रष्टाचार कम हुन्छ र मन्त्रीले सरुवा बढुवा ठेक्का बिलिङ अन्य जुनसकै प्रकरणमा घुस खान खोजे भने अरु ४०% कम हुन्छ।अनि सचिव डिन र कार्यालय प्रमुखले पनि त्यसरी नै भन्ने हो गर्ने हो भने परियोजनासम्म पुग्दा ५% भन्दा बढी भ्रष्टाचार हुँदैन। यो एउटा गम्भीर कुरा उहाँले अर्थ मन्त्री भएका मान्छेले सबै कुरा बुझेरै त भने होलान्। उहाँले भनेको हुनाले यसमा गहिरोसँग ध्यान दिऔं। र यी कुराहरुलाई सुधार यसबाट त सुधार हुनेवाला छ हाम्रा मन्त्री प्रधानमन्त्री सब। सबै एकदम राम्रो छन् स्वच्छ छन् राम्ररी काम धाम गरेका छन्।फेरि मेरो कुरा छुट्ला यता। सांसदको बजेटको कुरा के हो। मलाई त...(हिन्दीमा बोलिएको)..यस वर्ष अवश्य बढनेछ भन्ने विश्वास लिएको छु। म फेरी पनि धन्यवाद।जय नेपाल।

(१५:०७ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य सावित्री मल्ल समय ५ मिनेट। त्यसपछाडि माननीय सदस्य माया प्रसाद शर्मा।

(१५:०८ बजे) मानननीय श्री सावित्री मल्ल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):- सम्माननीय अध्यक्ष महोदय माननीय उपप्रधानमन्त्री एवंम अर्थमन्त्रीज्यूले गरिमामय राष्ट्रिय सभा समक्ष मिति २०८२ साल बैशाख २८ गते प्रस्तुत गर्नुभएको विनियोजन विधेयक २०८२ का सिद्धान्त र प्राथमिकताको विषयमा आफ्ना धारणा राख्ने अनुमति चाहन्छु। यसमा ३७ वटा बुँदा समेटिएको २१ पेजमा सातवटा सिद्धान्त पच्चीस वटा प्राथमिकता राखेको यो विधेयकको समर्थन आंशिक रूपमा गर्न चाहन्छु। विधेयकका सिद्धान्त र प्राथमिकतामा विभिन्न विषय र विभिन्न पक्षका विषयमा मेरो सकारात्मक नकारात्मक धारणा रहेको पनि जानकारी गराउन चाहन्छु र केही सुझावहरू पनि राख्न चाहन्छु। अध्यक्ष महोदय मुटुमाथि ढुङ्गा राखी हाँस्नुपर्‍याछ सबै पास गर्नुपर्‍याछ भन्या जस्तो सत्तापक्ष र प्रतिपक्षले पास गर्ने जुन यो सिद्धान्त बनेको छ यसको पनि अन्त्य हुनुपर्छ भन्ने म यहाँ राख्न चाहन्छु। भौतिक पूर्वाधारको विकास देशको गाउँ गाउँमा पुगेको छ। तर त्यसको उपयोग गर्ने वर्ग आर्थिक उपार्जन र रोजगारीको लागि पलायन हुने साथै सेवा र सुविधाको खोजीमा अवस्थित बसाइँ सराइको क्रम बढिरहेको कारण गाउँबस्तीहरूमा मानवविहीन युवाहरू विदेश पलायन उजाड गाउँ गाउँबस्तीमा बसाइ सराई रोक्ने र स्थानीय तहमा नै रोजगारीको अवसर बढाउने उद्देश्यले मध्य पहाडी राजमार्गका विभिन्न १० स्थानमा सुविधा सम्पन्न साना सहर स्थापना गर्ने गरी कार्यक्रम भइरहेको केही ठाउँमा पूर्वाधारको काम पनि सुरु भएकोमा उक्त कार्य सम्पन्न गर्ने गरी प्राथमिकतामा परेको यो सिद्धान्त र प्राथमिकतामा देखिएन।

हाम्रो कुल राष्ट्रिय कृषि क्षेत्रलाई प्रमुख प्राथमिकतामा राखिएको छ। तर परम्परागत खेती प्रणाली आधुनिक मल बिउ र प्राविधिको विकासको बारेमा बर्सेनी कुरा उठ्दै गएको छ। अझ रासायनिक मलको अभाव त सधैं चर्चाको विषय बन्दै आइरहेको छ। रासायनिक मलको आपूर्तिमा विदेशको भर पर्दै आउनुपरेको छ। यस प्रकारको समस्या समाधानको लागि देशभित्र नै रासायनिक मल उत्पादन कारखाना स्थापना गर्न र मलमा आत्मनिर्भर हुनको लागि मल कारखाना स्थापना गर्न जरुरी छ। यस विषयलाई उक्त सिद्धान्त र प्राथमिकतामा राख्नुपर्नेमा उल्लेख गरिएको देखिएन उल्लेख गरियोस् भन्ने म नेपाल सरकारको ध्यान आकर्षण गर्न चाहन्छु। स्थानीय सरकारको पुँजीको विकास विना राष्ट्रिय स्तरको पुँजीको विकास विस्तार हुन सक्दैन। तसर्थ स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी स्थानीय स्तरमा नै रोजगारीको सिर्जना गरी स्थानीय तह राष्ट्रिय पूँजीको निर्माण गर्नेतर्फ प्रस्तुत सिद्धान्त र प्राथमिकतामा नै देखिन्छ। साथै उक्त विषयलाई विनियोजन विधेयकमा प्राथमिकताका साथ राख्न सुझाव प्रस्तुत गर्दा मधेश र कर्णालीलाई अहिले पनि नराखिएको सिद्धान्तको प्राथमिकता राखिएन भने बजेटमा पनि त्यसरी छुट्याइने हो कि भन्ने यहाँ माननीय सत्ता पक्षले पनि बोलिसक्नुभएको छ। यसलाई नछुट्याइयोस् भन्ने फेरि पनि म पुनः सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। सबैका निम्ति विकास सबैका निम्ति समानता लोकतन्त्रको पक्षमा संविधानको पक्षमा भन्ने जुन छ यो तिन तहको सरकारलाई समेटियोस् भन्न चाहन्छु। उत्पादन र उत्पादकत्वलाई सबैमा जनताका आकांक्षा चिर्ने गरी

बजेट व्यवस्थापन गरियोस् र यहाँ चाहिँ हाम्रै राष्ट्रिय सभाको मन्त्री हुनुहुन्छ भौतिक पूर्वाधार मन्त्री साँच्चै पनि यिनी चिरेर जुन अधुरा योजना गौरवका योजनाहरु पूर्ण हुनेछन् भन्ने पनि म यहाँहरू समक्ष विश्वस्त पनि हुन्छु र उहाँले गर्नुहुनेछ र यो राष्ट्रिय सभाको गरिमामय जुन सांसदसँग विकास भन्ने नारा जुन हामीले उठाइरहेका छौं यसलाई चाहिँ राष्ट्रिय सभाकै भौतिक पूर्वाधार मन्त्री पाएको कारणले हाम्रो चाहिँ माग सम्बोधन हुनेछ भन्ने पनि म यो सदन मार्फत राख्न चाहन्छु। राष्ट्रिय आकांक्षा आवश्यकता तथा जनचाहना अनुरुप लोकतान्त्रिक मूल्य मान्यता आधारित समाजवाद उन्मुख आर्थिक सामाजिक रुपान्तरणका लागि सुशासन विकास र सामाजिक नै सहितको समृद्ध राष्ट्रिय आकांक्षा पूरा गर्न सुशासन र रोजगारी समाजवादको तयारी भन्ने हाम्रो पार्टीको मूल नारालाई आत्मसात् गरी मन्त्रीज्यूले प्रस्तुत गर्नुभएको बजेटका सिद्धान्त र प्राथमिकता अनुरुप बजेटको सुनिश्चितता गरी ठोस कार्यक्रम विनियोजन विधेयक आओस्। साथै सोही अनुसार कार्यान्वयनको दिशामा बजेट... (समय सकियो)...

(१५:१३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य माया प्रसाद शर्मा समय ६ मिनेट। त्यसपछाडि माननीय सदस्य नारायण दत्त भट्ट।

(१५:१४ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय हामी २०८२ सालको विनियोजित विधेयक सिद्धान्त र प्राथमिकताको विषयमा छलफल गरिराखेका छौं। पक्ष विपक्षमा कुरा उठिराखेकै छन्। यो सकारात्मक कुरा खोजीखोजी सत्ता पक्षले ल्याइराखुभएको छ। अब मैले त्यतातिर गइनँ। किनभने सरकारलाई सचेत बनाउने सजग बनाउने र नपुगेका विषयहरू उठाइदिने प्रतिपक्षको भूमिका हुन्छ। त्यही आफ्नो भूमिका मैले पूरा गर्नेछु। नीति तथा कार्यक्रम सिद्धान्त र प्राथमिकता बजेट विनियोजित र कार्यान्वयन यिनी श्रृङ्खलामा आउने विषयहरू हुन्। यिनीहरूको तालमेल छ कि छैन? भन्ने हेर्‍यौं भने उठाउन खोजेका कतिपय शब्द वाक्य हेर्यो भने सुन्दरदायी छन्। र उप्रधानमन्त्री एवम अर्थमन्त्रीजीले पेश गर्दा उल्लेख गर्दा निजी क्षेत्रका कुरा रोजगारीका कुरा कृषिमा यान्त्रिकीकरणका कुरा जलविद्युतका कुरा उठाउनुभएको छ। शब्दका हिसाबले कार्यान्वयन भयो भने राम्रै होला यसलाई हामीले समर्थन नै गर्छौं। विरोध गरिराख्नुपर्ने हाम्रो धर्म पनि होइन। तर कार्यान्वयन हुन्छन् कि हुँदैनन्। यसको लयमा छ कि छैन? के होला? भन्ने कुरा आज छलफलकै विषयहरू रहेका छन्। अहिले देशको स्थिति हेर्दाखेरि समग्र अर्थतन्त्र क्षेत्रमा देखिएका समस्याहरु सम्बोधन गर्न यो सिद्धान्त र प्राथमिकताले उठाउन सक्छ कि सक्दैन? पूर्वाधारमा अति कमजोर छ। ठेक्का पट्टामा ठुलो कमिसन छ। कम राजस्व उठ्ने गर्छ बढी चालु पुँजीको खर्च र स्थिर पूँजीमा कम व्यव हुन्छ। बैंकमा तरलता वृद्धि भइराखेको यीनको माग कटौती भइराखेको। शिक्षा क्षेत्रमा मात्र होइन विभिन्न क्षेत्रहरूमा अवस्था तहसनहस भएको स्थिति

देखिन्छ। यसलाई सम्बोधन गर्न सक्यो यसलाई कार्यान्वयन गर्न सक्यो भने सकारात्मक परिणाम निस्कन्छ। तर यसको लयलाई हेर्दा कम देखिन्छ। देशको समृद्धि सम्बन्धी व्यवस्थापन योजना देखाउन सकेको स्थिति छैन। समृद्धि गयो समृद्धिको कुरा सुखीको कुरा माननीयज्युले पनि अघि भन्नुभयो। ठिकै हो जस्तो लाग्छ सत्ता पक्षको प्रतिपक्षको पनि हुन्छ कहिलेकाहीँ। सन्तोषै हुनुपर्नेछ पूरा सुखी हुने कुरा त भएन।त्यो ठिकै छ जस्तो लाग्छ। अर्थतन्त्र र देशका समग्र समस्याहरु समाधान गर्ने कुरामा केही उठाएको स्थिति छैन।सिद्धान्त र प्राथमिकतामा सरकारको गन्तव्य स्पष्ट देखिएको छैन। दलाल पूँजीवादको संरक्षण हो या राष्ट्रिय पूँजीको विकास हो यसमा प्रष्टता छैन। विदेशी लगानीकर्ताहरु रणनीतिक स्वार्थ र नाफा कमाउने हिसाबले आउने हो यसलाई हामीले कसरी नियन्त्रण गर्न सक्छौं प्रष्टता देखिएको छैन। र यसलाई निजी क्षेत्रमा जुन स्वास्थ्य र शिक्षामा नियन्त्रण गर्ने कुनै प्रक्रिया देखापरेको छैन।

बजेटले पहिले पनि हामीले उठाएका थियौं र धेरै माननीयज्युहरुले पनि उठाइराख्नुभएको छ- यो भूकम्प पीडित क्षेत्र जाजरकोट रुकुम पश्चिम सल्यान डोटी लगायतका ठाउँहरुको विषयमा अहिले पनि बोलेको छैन सायद अर्थतन्त्रको समस्या नै होला। यसलाई कसरी सम्बोधन गर्छ हेर्न बाँकी नै छ।मुलुकभित्र उत्पादन र उत्पादकत्व दुवै न्युन छ यसलाई कसरी अगाडि बढाउने? उत्पादन नभएपछि व्यापार घाटा उच्च हुनु स्वभाविकै न्यून हुनु स्वभाविकै हो र मुलुकमा रोजगारी सिर्जना गर्न नसकेर बेरोजगार मात्र होइन विभिन्न काममा रहेका शिक्षक प्रहरी कर्मचारीहरु पनि विदेश जान पलायन हुने स्थिति देखा परेको छ। यसलाई हामीले कसरी नियन्त्रण गर्न सक्छौं। यसकारण यो विषयले केही जिज्ञासाहरु पनि उत्पन्न गराएको छ। यहाँ केही सकरात्मक पक्षलाई हामीले बजेटमा पनि सम्बोधन गरौंला भन्ने जिज्ञासाहरु पनि छ। यो परम्परागत भन्दा भिन्न भएर गठबन्धनका मन्त्री पहुँचवाला सांसद वा माथि उठेर प्राथमिकता र सिद्धान्त अनुसार बजेट आउँछ कि आउँदैन? कतिपय जिज्ञासाहरु त्यहाँ देखिएको स्थिति छ। त्यसका लागि सरकारको नीति कार्यक्रमले यी सबै विषयहरुलाई समेट्न सक्छ कि सक्दैन? यसलाई सन्तुलन गर्न सक्छ कि सक्दैन? अर्थतन्त्रमा देखिएको चुनौतीहरु सामना गर्न के ल्याउँछ होला? कसरी यसलाई सम्बोधन गर्छ होला? यो सहकारी लघुवित्त शिक्षक किसान लगायतका जुन समस्याहरु अहिले आइराखेका चाहिँ छन् यसलाई कसरी सम्बोधन गर्छ होला? यी सबै हेर्दा खेरि सिद्धान्त र प्राथमिकतालाई सबै जुटाउँदा राष्ट्रिय पूँजी निर्माणका लागि आन्तरिक उत्पादनलाई वृद्धि गर्दै उत्पादनलाई कृषिमा आधुनिकीकरणसँग जोडेर अगाडि बढाउने नीति ल्याउनका निमित्त आजै पनि सरकारलाई यो समग्र उलाई जोड्न सक्ने एउटा अवसर पनि छ। यसकारणले यो नीति तथा कार्यक्रमसँग मेल खाने छ कि छैन? यो सिद्धान्त र प्राथमिकता हेर्दा खेरि प्राथमिकता र सिद्धान्तहरु फरक फरक ढङ्गले आइराखेका छन् यसको समायोजन

देखिँदैन। यसकारण यसलाई फिर्ता लिएर पुनर्लेखन गर्नुभयो भने उपप्रधानमन्त्री एवम् अर्थ मन्त्री माननीयजीको समग्र यसलाई समायोजन गर्न सजिलो हुन्छ भन्ने मलाई लागेको छ। धन्यवाद।

(१५:१५ बजे) **पीठासीनः**- माननीय सदस्य श्री पुजा चौधरी।

(१५:२० बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य नारायण दत्त भट्ट। समय ६ मिनेट। त्यसपछि माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१५:२० बजे) **माननीय श्री नारायण दत्त भट्ट (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, सिद्धान्त र प्राथमिकतामा यो हाम्रो १ देखि २१ सम्म सबै बुँदाहरूमा मैले प्रवेश गर्न चाहिन तर कुरा के हो भने यसले अहिले हाम्रो देशमा भएको आवश्यकता जनतामा भएको निराशा चिर्न खोजेको जस्तो मलाई महसुस भएको छ। किन भनौंभने यसको बुँदा नम्बर ४ मा हेर्यौं मौलिक हक तथा राज्यको निर्देशक सिद्धान्तको कार्यान्वयन भन्ने कुरा छ। त्यस्तै बुदा नम्बर ६ मा विकासमा समन्वय र सहकार्य भनिएकोछ। त्यसकारणले हामीले यि सबै कुराहरूलाई हेर्ने हो भने मलाई के लाग्छ भने हामीले यसमा सुखी नेपाली समृद्ध नेपालको कुरा पनि गरेका छौं। र खासगरी कृषिलाई जसरी यो सिद्धान्त र प्राथमिकतामा राखिएको छ। मलाई यसमा एक दुईवटा कुरा थप्न मन के लागेको छ भने सामान्यतया पाँच कठ्ठादेखि लिएर बिघौंसम्म काम गर्ने मान्छे कृषकहरू विगतमा भएका कुराहरूको धेरै विगतमा जान चाहँदैन दुध उत्पादकहरूले बाटोमा दुध पोख्नुपर्ने। गोलभेडा किसानहरुले गोलभेडा सडकमा फाल्नुपर्ने र बन्दा काउली उत्पादकहरूले बारी मै जोत्नुपर्ने परिस्थिति यसले यो सिद्धान्त र प्राथमिकताले हटाउँछ कि भन्ने देखिएको छ। हामी त्यो बाटोमा लाग्यौ भने किसानलाई यो राज्य हामीसँग छ। र यो राज्यले हामीहरुलाई सुखी बनाउँछ हामीले गरेको मेहनत हामीले बगाएको पसिनाको मूल्य हामीले पाउँछौं र हामीले कृषिमा आधारित काम गर्‍यौं भने जिविकोपार्जन गर्न सक्छौं। र हाम्रो छोराछोरीलाई राम्रो शिक्षा दिन सक्छौं। भन्ने कुराको यदि आभास यसले दिलाउन खोजेको छ तर यसलाई कार्यान्वयन पक्षमा दृढताका साथ नियाल्यौं भने यसले फेरि पनि कोलाई विश्वास गर्ने भन्ने समस्या ल्याउन सक्छ। किनभने हाम्रो सामुन्ने दुइटा कुराहरु छन्। हामीले नगरे कस्ले गर्ने? अहिले नगरे कहिले गर्ने? भन्ने कुरो भएको हुनाले अहिलेको यो सबै सिद्धान्त र प्राथमिकतामा असाध्यै राम्रा कुराहरु छन्। तर प्राथमिकतामा कृषि, जलविद्युत, पर्यटन र आयमुलक शिक्षा। हामीसँग सर्टिफिकेट छ। सर्टिफिकेटको कारणले हलो थाम्नु सक्दैनौ। झाडु पनि लगाउन सक्दैनौ। पोछा पनि लगाउन सक्दैनौ। तर त्यो शिक्षा

के छ भने उत्पादकमुलक छैन। त्यसकारणले हामीले त्यो शिक्षा जसरी यसमा हाम्रो सिद्धान्त र प्राथमिकतामा भनिएको छ त्यो बाटोतिर जाओस। र त्यो बाटोमा लागौं र असाध्यै राम्रो कुराहरु स्वास्थ्यको कुराहरु आएका छन् शिक्षाका पढ्दै कमाउँदै भन्ने कुराहरु पनि आएका छन्। यी सबै कुराहरुलाई समग्रमा हाम्रो प्रतिपक्ष साथीहरुले एउटा हिन्दी गाना छ। बोल तेरे सात क्या सलुट किया जाए मारदिया जाए या छोड दिया जाय वाला कुरा। हामी सधै यहाँ उभिएर गरिराखेका हुन्छौं। त्यो होइन। यो सबै हाम्रो सामूहिक दायित्व हो। ठिकै कुरा हो। कहिलेकाहीं यो सब ठिक छ ठिक छ भन्यो भनेपछि घरको एउटा सुन्दर बच्चालाई पनि असाध्यै राम्रो छस ज्ञानी छ धेरै गर्दैछस् भन्ने बिग्रेला भन्ने डर पनि हुन्छ। उहाँहरुले खबरदारी गर्ने सरकारलाई यो कुरा ठिक हुनुपर्थ्यो। यो भइदिएको भए अझ राम्रो हुन्थ्यो भन्ने कुरा जुन उठाई राख्नु भएको छ त्यसको पनि हामीले सत्ता पक्षमा भएका सरकारले सम्मान गर्दै उहाँहरूको विचारको पनि सम्मान गर्दै हामी अगाडि बढ्यौं भने यो राष्ट्र राज्य यो देश हामी सबैको हो। चाहे पक्षमा हौला चाहे प्रतिपक्षमा होला। कहिले कोही प्रतिपक्षमा कहिले कोही सत्ता पक्षमा हुने कुरा स्वभावतः ठिक हो त्यसकारणले एउटा वैज्ञानिक तर्कशास्त्री रहेछ। उ बजारबाट घिउ किनेर लिएर आयो। कचौरामा घिउ अडिन्छ भनेपछि घिउमा कचौरा किन नअडिने भन्ने हिसाबको तर्कले हामी कहिँ पनि पुग्दैनौं। त्यसकारणले देश हाम्रो हो। जनता हाम्रा हुन्। हामी त्यसका प्रतिनिधि हौं भन्ने कुरालाई ध्यानमा राखेर र सबै माननीय सांसदहरूले जनताप्रति उत्तरदायी हुने गरी बजेटको व्यवस्था गरोस् भन्ने कुरा राख्दै मेरो भनाई अन्त्य गर्दछु। धन्यवाद। जय नेपाल।

(१५:२६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे। समय ५ मिनेट। त्यसपछि माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१५:२६ बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादि)**:- सम्माननीय अध्यक्षज्यू, आज हामी सरकारले ल्याएको सिद्धान्त र प्राथमिकतामा छलफल गरिरहेका छौं विनियोजन विधेयकको। सैद्धान्तिक रूपमा धेरैजना सहमत हुन सकिएला प्राथमिकतालाई हेर्दाखेरिमा प्राथमिकीकरण जुन गरिएको छ। यसमा सहमत हुन सकिने बुँदाहरु देखिँदैन। सिद्धान्तले पेट भरिँदैन। यसो भएको हुनाले म केही बुँदागत रूपमा नै कुरा राख्न चाहन्छु। बुँदा नम्बर १८ मा गुणस्तरीय शिक्षा र जीवन उपयोगी शिक्षा सबै तहको शिक्षालाई जीवन उपयोगी तुल्याउने कुरा, शिक्षामा गुणस्तर वृद्धि र विद्यालय शिक्षाका व्यवस्थापन सुधार गर्ने कुरा स्थानीयतासँग समन्वय गर्ने कुरा छ। यो कुरा हेर्दाखेरि जीवनी उपयोगी सिपमा त्यो बच्चा जुन हाम्रो बच्चा स्कुलमा जान्छ। जब ऊ किसोर अवस्थामा हुन्छ। उसको जीवनमा पर्ने शारीरिक, मानसिक सामयिक सबै

विकासका कुराहरूलाई हामीले पढाउन सक्छन् त? आउँछ त प्राथमिकतामा कार्यक्रममा? किताबमा आउँछ। यस्तो कुरा आयो भने होला। अर्को कुरा सुदृढ अर्थतन्त्रको निर्माण गर्ने कुरा छ। दुःख लाग्छ। यो विषय सुन्दा त राम्रै लाग्छ। तर यही हामी बसेका मध्येमा प्रतिपक्षमा बसेको सरकार पक्षमा बसेको होस् आज १५ गते सरकारले ल्याउने बजेटमा अन्योल छ। कुन प्रदेशलाई समेट्छ कुन प्रदेशलाई समेट्दैन गरिबलाई समेट छ, धनीलाई समेट्छ कसलाई समेट्छ? सरकारमा भएको त सहमतिको आधारमा बजेट आउनुपर्ने हैन? क्लियर भएर आउनु पर्ने हो नि। यो सरकार यो मुलुक कता छ। आज हामी सरकारमा रहेका मान्छेहरू पनि अन्योलमा हुने। नेपाली जनता कुन अवस्थामा छ होला हामी यहाँ बसेर विश्लेषण गर्दा। यसो भएको हुनाले यस्तो खालको कुराहरू छ। र बजेटको बुँदा नम्बर ३० मा बजेट प्रणालीलाई स्रोत व्यवस्थापन गर्ने कुरा छ। बजेट प्रणालीलाई स्रोत व्यवस्थापन गर्ने माननीयहरूलाई जवाफदेही बनाउने, जनतासँग जोड्ने, स्थानीय सरकारसँग जोड्ने कुरा राम्रो हो। भूमिका के हो त? भूमिका त छैन फेरि। भूमिका बिहिनले कसरी जोडिन सक्छ भन्ने कुरा छ र यहाँ स्वास्थ्य मन्त्री पनि भएको र स्वास्थ्यसँग अहिले एकदमै उठेको दुईवटा म राख्न चाहन्छु। विशेषगरी एउटा कुरा पढ्दै कमाउँदै अनि गर्ने भन्ने कुरा छ। सायद यो धेरै स्वास्थ्य क्षेत्रमा पढ्ने मान्छेहरूको लागि होला। Volunteer काम गरिरहेका छन् उनीहरुलाई पढ्न पनि त्यतिकै दुःख छ। सरकारले कसरी व्यवस्थापन गर्ने कुरा सोचेको छ। मेरो यो एउटा जिज्ञासा छ र दोस्रो कुरो उमेरको कुरा छ। हामीले हिजो छोरीको विवाह गर्ने उमेर विस वर्ष भन्यौं। किन भन्यौं भन्दा जब छोरी २० वर्षकी हुन्छिन् त्यतिबेला आफ्नो उनले पढाइ सक्छिन् त्यतिबेला उनीले सिपहरू सिकिसकेकी हुन्छिन् त्यतिबेला उनले आफ्नो घर परिवार सम्हाल्न सक्ने हुन्छिन् भनेर हामीले २० वर्ष भन्यौं। हामी यता कतै सुनेका छौं। प्रतिनिधि सभामा उमेर हद घटाउने कुराहरू आइरहेको छ रे। हिजो हाम्रो यस्तो चलन थियो। हामीलाई अप्ठयारो पर्‍यो। कतिपय प्रदेशको माननीयज्यूहरूले पनि भन्नु भएको छ। तर हिजोको हाम्रो छोराछोरीलाई आजको छोराछोरीमा फरक छ। हिजो हामीले घाँसको भारी ल्याएर स्कुल जान्थ्यौं। आज हजुरहरुले छोराछोरीहरुलाई बिहान उठाएर के खान्छ भनेर स्कुल पठाउनुपर्ने अवस्था छ। Mature हुने कुरा हिजोको Generation र आजको Generation मा फरक छ। प्रविधिमा उनीहरू अगाडि छन्। हामी उनीहरूलाई भेट्न सक्दैनौं। तर श्रममा अहिलेको हाम्रो बच्चाहरू कस्तो छ त? यो कुरालाई ध्यान गरेर ध्यानमा राखेर स्वास्थ्यको हिसाबले आमा mature नभइकन बच्चा जन्मिदा खेरि आमा र बच्चा दुवै रोगी हुन्छन्। दुवैको मलाई एक्दमै सम्झना छ। बच्चाले बच्चा पाउँदा सँगै खेल्न जाँदा अनि बच्चा घरमा रोयो होलानी भन्दा खेरी उनले मलाई पनि खेल्न मन लाग्छ भन्थ्यो हिजो। त्यस भएको हुनाले यो कुरालाई स्वास्थ्य क्षेत्रबाट ध्यान दिनुपर्‍यो। र आउने २० वर्षको उमेर नै उपयुक्त हो। म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। र अर्को लास्टको कुरा के छ भने विश्व अर्थतन्त्रलाई सुदृढ बनाउने कुरा गरिरहँदा आज सरकार

के मा अल्झिएको छ? विश्व के मा अल्झिएको छ? नेपालको आर्थिक अवस्था के मा अल्झिएको छ? आज गभर्नर नियुक्तिमा कसको हुने भन्ने कुरामा अल्झेको छ। मुलुकलाई कता लान खोज्दै हुनुहुन्छ सरकारले? मुलुक कता जाँदै छ? नेपाली जनतालाई के को पिर छ? यसो हेर्दा खेरिमा हामीले जबसम्म नेपाली जनतालाई ढुक्क बनाउन सक्दैनौं नेपाली जनतालाई केन्द्रविन्दुमा राख्न सक्दैनौं हाम्रो देशको विकास ..... (समय सकिएको)

(१५:३२ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य गंगा कुमारी बेलबासे। समय ६ मिनेट। त्यसपछि माननीय सदस्य पदम बहादुर परियार।

(१५:३३ बजे) **माननीय श्री गंगा कुमारी बेलबाले (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)ः**- सम्माननीय अध्यक्ष महोदय, अगाडि एक वर्ष अगाडि हामी नीति कार्यक्रमको विषयमा छलफल गर्दा बजेटको विनियोजना बजेटको प्राथमिकता र सिद्धान्तमा छलफल गर्दा लगायत आएर बजेट ल्याउनुभएको थियो। त्यस्तो विषम परिस्थितिमा पनि सिद्धान्त प्राथमिकता र बजेटलाई एउटा सिलसिलामा तीन महिना अगाडि छलफल गराएर ल्याइएको थियो। त्यहिँ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व अध्यादेश मार्फत ल्याएर प्रचण्ड सरकारले हाम्रो अध्यक्ष कमरेड प्रचण्डको नेतृत्वमा भएको सरकारले कानुन संशोधन गरेर प्राथमिकता र सिद्धान्त ल्याउन सक्छ। त्यसपछि लगतै बजेटको अघिल्लो वर्षको बजेट पछाडि लगतै बनेको सरकार लगातार सरकारमा छ। १०-१० महिनासम्म सरकारमा रहँदाखेरि ३ महिना अगाडि प्राथमिकता सिद्धान्त ल्याउन पर्छ भन्ने कुरा ध्यान दिन सक्दैन। त्यसमा के खेल्न खोजिरहेको छ "दालमा कुछ काला हैं" भनेजस्तै केही गर्नका लागि उहाँहरुले अध्यादेश मार्फत केही कानुन आर्थिक कार्यविधि तथा आर्थिक वित्तीय उत्तरदायित्व तीहरूको लागि त्यहाँ कुनै त्यस्तो जिम्मेवारी सरकारले लिन सक्ने खालका नीति कार्यक्रम छैनन् र सिद्धान्तमा पनि त्यही खालको व्यवस्था गरेर ल्याइएको छ। आगामी दिनमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानुनलाई संशोधन गरेर ३ महिना अगावै नीति कार्यक्रम सिद्धान्त र प्राथमिकतामा छलफल गर्ने व्यवस्था गरियोस् भन्ने म यस हाउसमा माग गर्दछु र यसमा सत्ता पक्ष र प्रतिपक्षको भूमिका होइन यो आम हामी जनप्रतिनिधिहरूको माग हो र यसमा सरकार त्यो ढंगले अगाडि बढ्नेछ भन्ने कुराहरु म राख्न चाहन्छु। यस्तै गरेर हामी पूर्व बजेटको बारेमा छलफल गरिरहेका छौं। यसमा के भनिएको छ भने विनियोजन विधेयक प्रस्तुत गर्नु पूर्व बैठकमा बजेट तयारीका लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता माथि छलफल गरिनेछ भनेर भनिएको छ। आज छलफल गरिरहेका छौं माननीयज्यूहरूलाई

र यहाँ सुन्ने सबैलाई लाग्ला। हो ठिकै त होनी। विनियोजन विधेयक भन्दा अगाडि छलफल भइराखेको छ भनेर। तर हाम्रो हातमा नीति कार्यक्रम पास नगर्दै हाम्रो पिजन होलमा यो सिद्धान्त र प्राथमिकता पिजन होलमा परिसकेको थियो। नीति कार्यक्रमको आधारमा प्रि बजेट तयारी गर्ने भन्ने कुरालाई यो सरकारले गलत गरेको छ। बाटो बिराएको छ। फरक ढंगले ल्याएको छ र जुन दिन यहाँ नीति कार्यक्रमको जवाफ दिइ राख्नु भाछ प्रधानमन्त्रीले त्यही बेलामा हाम्रो पिजन होलमा प्राथमिकता र सिद्धान्त पिजन होलमा हालि राखेको छ। त्यसो गर्दा खेरि त्यसको सिलसिला यहाँ टुटेको छ भन्ने कुराहरू म राख्न चाहन्छु।

अर्को कुरा हाम्रो नियमावलीको १३३ को ३ उपनियम १ मा उपनियम १ मा बमोजिमको छलफल यो जुन सिद्धान्त र प्राथमिकताको छलफल बैठकमा विनियोजन विधेयक प्रस्तुत हुनुभन्दा कम्तिमा तीन दिन अगावै समाप्त गरिसक्नुपर्नेछ भनेर भनिएको छ। यो तिन दिन अगाडि छलफल गरिसक्नुपर्यो छलफल भइसक्नुपर्ने छ भनेर भनेको छ भने अर्को कुरा के छ भने सचिवालयले यसको प्रतिवेदन तयार गर्नुपर्ने छ भनेर भनिएको छ। कम्तिमा ती ३० दिन तिन दिन होइन ३० दिन अगाडि अगावै छलफल भइसक्नुपर्ने छ भनेर भनिएको छ ३० दिन अगावै छलफल भइराखेको छ त? के सरकार असारमा बजेट ल्याउने हो? असारमा बजेट ल्याउने हो भने अहिले ३० दिन बाँकी छ। हैन जेठको १५ गते नै ल्याउने हो भने ३० दिन बाँकी छैन। त्यसो भएको हुनाले हाम्रो नियमावलीसँग यो बाझिएको छ। यो छलफल बाझिएको छ। कसरी सरकारले मिलाउँछ। कसरी हाम्रो सचिवालयले मिलाउँछ। यो कुरामा मैले ध्यान दिनको लागि अनुरोध गर्दछु। यस्तै गरेर सरकारले हिमाली र पहाडी क्षेत्रलाई यहाँ कुनै पनि बजेटमा व्यवस्था गर्ने गरी व्यवस्था गरिएको छैन। पहाडी क्षेत्रको ३५% को भूभाग ४२% को जनसंख्या र ३५% जनसङ्ख्या र मधेसमा यो भूगोल जनसङ्ख्याको आधारमा २१% जनसङ्ख्या हिमाली भागमा छ। ४०% पहाडमा छ। र ३९% जनसङ्ख्या मधेसमा छ। मोटामोटी हेर्दाखेरि यो मधेसलाई र सहरलाई केन्द्रित छ। पहाड र हिमाललाई कार्यक्रमले छोएको छैन भन्ने कुराहरु राख्दै मेरो भनाई अन्त्य गर्छु। हवस् त धन्यवाद। म असहमत छु।

(१५:३८ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य पदम बहादुर परियार। समय ६ मिनेट। त्यसपछि माननीय सदस्य रेनु चन्द।

(१५:३९ बजे) <u>माननीय श्री पदम बहादुर परियार (नेपाली काँग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारले सदनमा पेश गरेको विनियोजन विधेयक, २०८० /०८२ का सिद्धान्त र

प्राथमिकताको बारेमा छलफल गरिरहँदा खास गरिकन देश सामु अहिले तिनवटा परिस्थिति छन् जस्तो मलाई लाग्दछ। पहिलो कुरा देश चलाउनको लागि Economy चल्नु पर्छ। जबसम्म हाम्रो Economy चल्न सक्दैन तबसम्म देशलाई चलाउन मुस्किल हुन्छ अहिले हामी त्यही भोगिरहेको अवस्थामा छौं। नागरिकहरूलाई आशा जगाउनुपर्ने परिस्थितिमा अहिले हामी छौं। सुशासनबाट होस् विकासका माध्यमबाट होस् अथवा सामाजिक न्यायको माध्यमबाट होस् आशा जगाउनुपर्नेछ भने राज्य र व्यवस्था विरुद्ध भएका जुन हर्कतहरू छ त्यसलाई निस्तेज गर्नुपर्ने त्यसलाई प्रतिवाद गर्नुपर्ने परिस्थितिमा छौं। यही तिनवटा परिस्थितिलाई सम्हालेर यही तीनवटा परिस्थितिलाई एकताबद्ध गरेर यो प्राथमिकता र सिद्धान्तहरू आएको मैले बुझेको छु। सरसर्ती प्राथमिकताको सन्दर्भमा कुरा गर्दाखेरि सातवटा सिद्धान्त र पच्चीस वटा प्राथमिकता प्राप्त क्षेत्रहरु तय गरिएको छ विनियोजन विधायकमा। पहिलो प्राथमिकतामा मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्तको कार्यान्वयनका सन्दर्भमा मौलिक हक र निर्देशक सिद्धान्तको कार्यान्वयनमा उच्च महत्व दिईनेछ भनेर भन्या छ। म विश्वस्त छु मौलिक हक अन्तर्गतको धारा ४० को दलितको हक सन्दर्भमा यसै वर्ष नेपाल सरकारले केही काम गर्नेछ भन्ने कुरा यसबाट प्रष्ट हुन सकिन्छ भन्नेमा म विश्वस्त छु। खास गरिकन व्यवसायी मैत्री वातावरण सिर्जना र निजी क्षेत्रको लगानी प्रवर्धन गर्ने सिद्धान्त सरकारले लिएको छ। हामी लोक कल्याणकारी राज्य सिद्धान्तलाई मान्छौं नै। त्यति मात्र मानेर हुँदैन यदि राज्यको Economy लाई अलिकति Boost गर्ने हो भने देखिन् हामी उदारवादी अर्थतन्त्रलाई पनि सँगसँगै अगाडि Parallely लिएर जानु पर्ने परिस्थिति छ। व्यावसायीहरू मैत्री नीतिहरू अगाडि बढाउनु पर्ने परिस्थिति छ। खास गरिकन प्राथमिकताको क्षेत्रको कुरा गर्दाखेरि रोजगारी सिर्जना, स्वरोजगार प्रवर्धन र गरिबी निवारण गरिबी निवारणको सन्दर्भमा कुरा गरिएको छ। गरिबीको दुष्चक्रबाट बाहिर निकाल्न ठोस र प्रभावकारी कार्यान्वयनका कार्यक्रम कार्यान्वयन गरिनेछ भन्ने छ। Very ambitious viscious cycle of poverty बाट एकै वर्षमा निकाल्ने कुरा इन्ट्रेस्टिङ्ग छ। गरिबसँग विशेश्वर कार्यक्रम लगायतका केहीं कार्यक्रमहरू छ। तर यसो गर्न सकियो भनेदेखिन राम्रै हुन्छ जस्तो मैले बुझेको छु। कृषिको सन्दर्भमा खासगरीकन युवाहरू लक्षित युवा कृषि उद्यमी लक्षित पाइलट प्रोजेक्टहरू चलाउने कुरा छ। जग्गाको प्राथमिकता वर्गीकरण गर्दाखेरि प्राथमिकता दिनुपर्ने छ। हामीले हिजो हलो जोतेको, हामी हिजो रोपाई गरेको हामी हिजो वाउसे लगाएको गैरी खेतहरू अहिले घडेरीमा परिणत भएका छन्। जग्गालाई वर्गीकरण राम्रोसँग गर्न सकिएन भने हामीले कृषिलाई जतिसुकै प्राथमिकता दिँदा खेरि पनि कृषिको उत्पादन बढाउन सक्ने सम्भावना कम छ। खास गरिकन बिउमा हाम्रो रैथाने बिउहरूलाई संरक्षण गर्नु अत्यन्त आवश्यक छ। बिऊको संरक्षणको सन्दर्भमा अहिले पनि लगभग ८० देखि ९०% बिऊहरू हामीले विदेशबाट ल्याइरहेको सन्दर्भ छ। तसर्थ यस सन्दर्भमा सरकारले प्राथमिकता दिनेछ बजेट लिएर आउँदा खेरि भन्ने कुरा म सम्झाउन चाहन्छु। खास गरिकन विद्युत उत्पादनको

सन्दर्भमा यो जलविद्युत जलाशययुक्त आयोजनालाई निर्माणलाई प्राथमिकता दिने भन्ने कुरा छ बुढीगण्डकीलाई हामीले बिर्सेका बिर्से छौं। बुढीगण्डकी जस्तो जलाशययुक्त आयोजनालाई सरकारले प्राथमिकता दिन्छ कि दिदैन? बजेट लिएर आउँदा खेरि। यसलाई हेर्नुपर्ने परिस्थिति छ। खास गरिकन औद्योगिक क्षेत्रको विकास र निकासी प्रबर्द्धनको सन्दर्भमा स्टार्टअप बिजनेसहरू सपोर्ट गर्ने कुरा छ। असाध्यै सुन्दर र असाध्यै राम्रो कार्यक्रम छ। तर वर्षको ६५१ जना new startup लाई support गरेर त्यसलाई धान्छ जस्तो मलाई लाग्दैन। हजारौं लाखौं उद्यमीहरुलाई startup बिजनेस जोड्नुपर्ने छ। यति अपर्याप्त हुन्छ जस्तो लाग्छ। सरकारले यस विषयमा ध्यान दिनेछ। डिजिटल पूर्वाधार र डिजिटल अर्थतन्त्रको निर्माणको सन्दर्भमा केहीं समय अगाडि हाम्रो महामन्त्रीले बोलेको विषयलाई ज्यादै ठट्टामा उडाइयो तर यो कार्यक्रममा नै डिजिटल पूर्वाधार बनाउने भनेर आएको छ। सोच नेताहरूले नेतृत्वले दिने हो। कार्यक्रम यसरी नै आउनु पर्छ। म असाध्यै नै खुसी छु। खासगरिकन गुणस्तरीय स्वास्थ्य सेवाका सन्दर्भमा स्वास्थ्य बिमाको सन्दर्भमा ज्यादै ठूलो समस्याहरु हामी भोग्नेवाला छौं। यो कार्यक्रम असाध्यै सुन्दर छ। तर खास गरि कन विभिन्न सङ्घ, प्रदेश र स्थानीय तहसम्मले स्वास्थ्यमा सहयोग गर्ने त्यसलाई एकीकृत गर्न नसकेको अहिले पनि बक्यौता लगभग १८ अर्ब जति बक्यौता भइरहेको सन्दर्भमा यदि यसलाई dedicated health tax मा परिणत गर्न सकेनौं भने राज्य प्रति दिनानुदिन ठुलो व्ययभार पर्न सक्ने देखिन्छ। तसर्थ अपाङ्गताको सन्दर्भमा राज्यले पुरानै नीतिलाई पुरानै प्राथमिकतालाई ल्याएको छ। अपाङ्गता भएका व्यक्तिहरूलाई व्यक्तिगत सहयोगी उपलब्ध गराउनु पर्नेछ। सहयोगी सामग्री उपलब्ध गराउनु पर्नेछ। Assistive Technology दिनुपर्ने छ। पढ्न नपाएकाहरूलाई पढ्ने व्यवस्था गर्नुपर्ने छ। तर यो प्राथमिकता र सिद्धान्तले यसलाई छोएको देखिदैन। समग्रमा यो भूमि सम्बन्धी व्यवस्थामा एकै वर्षमा यसको समाधान गर्ने कुरा गरेको छ। Very interesting, very ambitious हामी आशा गर्छौं सरकारले यसलाई कार्यान्वयन गर्ने खालको कार्यक्रमहरू बजेटमा लिएर आउने छ। समग्रमा सरकारले देशको अहिलेको आवश्यकतालाई नै बुझेर सिद्धान्त र प्राथमिकता ल्याएको छ। यसलाई बजेटमा रुपान्तरण गरियोस्। यसलाई सफल कार्यान्वयन गरियोस्। धन्यवाद।

(१५:४५ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य रेनु चन्द। समय ५ मिनेट। त्यसपछि माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१५:४५ बजे) <u>माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, विनियोजन विधेयक, २०८२ को सिद्धान्त र प्राथमिकतामाथि छलफल गर्न हामीमा उपस्थित भएका छौं। यो सिद्धान्त र प्राथमिकताको पाना नम्बर १ मा बुँदा नम्बर २ मा लेखुभएको छ राजनैतिक अस्थिरताबाट जोगाउँदै देशलाई अगाडि बढाउने अर्थ नीतिलाई अगाडि बढाउने भनेर लेखुभएको छ। पहिला आफु आफ्नो यो नीति सिद्धान्त वा कथनमाथि आफ्नै सरकारले विश्वास राखोस् भन्ने चाहन्छु। अब हामी ढल्दैनौं दिउँसोको ३ बज्यो ४ बज्यो अहिलेसम्म ढलेका छैनौ भन्दै हिडिरहेको सरकारले अस्थिरताबाट देशलाई अगाडि बढाउँछु भनेर कसरी कसरी भन्न सक्छ भन्ने मेरो सरकारलाई प्रश्न रहेको छ। त्यसैले यो हामी ढल्दैनम ढलेका छैनौ भनेर टाइम पास गर्ने काम पहिला बन्द गर्नुस्। दुई ठूला दलको बलियो सरकारको पो त। यति सशङ्कित किन भइराखु भएको छ? यो झ्यास्स झ्यास्सले के भएको छ भने तपाईंहरूले राम्ररी काम गरिसके काम गरिराखुभएको छैन। सरकारले आफूले के काम गर्यो के राम्रो नीति ल्यायो के गर्न खोज्दैछ भनेर पो त भन्ने त। त्यसैले या त केहीं खासै गरेकै छैन भन्ने हो भने त्यसमा हाम्रो भन्नु के छ र? होइन भने Government ले आफुले के काम गऱ्यो भन्ने कुरा अथवा के गर्न चाहन्छ भन्ने कुरा स्पष्ट ढंगले ल्याउने हो त्यो यहाँ आएन भन्ने कुरा म राख्न चाहन्छु। At least कोसिस गर्नुस्। ५ नम्बर बुँदामा समाजवादउन्मुख अर्थतन्त्रको आधारशिला तयार गरी गरिनेछ भन्नुभएको छ। दुईवटा Example दिन चाहन्छु। पहिलो गभर्नर नियुक्तिमा बिचौलियाको नाङ्गो हस्तक्षेप देखिरहँदा र दोस्रो धितोपत्र बोर्डको अध्यक्षले जलविद्युत कम्पनीको आईपीओ स्वीकृतिका लागि प्रतिशत तोकेर कमिसन माग्दा तपाईंको कार्यक्रम समाजवाद उन्मुख छ भनेर कसरी पत्याउने? यि घटनाले यो समाजवाद उन्मुख लेखे पनि सरकारको सिद्धान्त र नीति र प्राथमिकताहरू उदारवादको पाउँमा दण्डवत गर्दै छन् भन्ने कुरा बुझ्न गाह्रो हुँदैन। १२ नम्बरमा आर्थिक सुधारको विषयमा पनि लेखुभएको छ। ग्रे लिष्टबाट निस्कन प्रयास गर्ने स्पष्ट धारणा पनि आएको छैन। प्रतिपक्षले मात्रै ग्रे लिष्टमा अथवा अघिल्लो सरकारले ग्रे लिष्टमा पारेको भन्ने कमजोर तर्क गरिराखुभएको छ। प्रचण्ड सरकार भ्रष्टाचारीहरूको प्रति निर्मम थियो। सुशासन लागु गर्न प्रतिबद्ध थियो त्यसैले ग्रे लिष्टमा नपरेको हो। अहिले जो आक्षेपित भए तिनै सरकारको वागडोर लिन पुगे त्यसैले ग्रे लिष्टमा पर्नुभयो कुरा clear छ। समय कम छ ग्रे लिष्टको बारेमा म धेरै भन्न चाहदैन। पहिले यो के हो भन्ने कुरा बुझम अनि तर्क गर्नु होला। सरकार चलाउने विधेयकको नाम लेख्ने ढङ्ग त खासै पुगेको देखिएन कम्तिमा तर्क दिन मा त ढङ्ग पुर्याउनुस्। Startup व्यवसायीलाई प्रर्वद्धन गर्ने भन्नु भाछ। कार्यकर्ता प्रवर्धन मात्र नबनोस् भन्नेमा सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। राष्ट्रिय गौरवका आयोजना सम्पन्न गर्नमा जोड रहोस्। किनकी भ्यू टावरमा चढेर गरिबी मात्रै देखाउने संरचना भन्दा राष्ट्रिय गौरवका योजनाहरू गणतन्त्रका गहना हुन् भन्ने कुरा सरकारले बुझ्नुपर्दछ। र यथाशीघ्र यसलाई पुरा गर्नलाई प्रतिबद्ध हुनुपर्दछ। र यो कानुन

मन्त्रालयले आफ्नो Website मा बालविवाह बारे जो कानुन संशोधनको प्रस्ताव राखेको छ। त्यो उपयुक्त छैन र यसप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ भन्ने पनि म जानकारी गराउन चाहन्छु सरकारलाई। सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले केहीँ सुझावहरू नीति तथा कार्यक्रम आउनु भन्दा पहिले प्रधानमन्त्रीजिलाई र अर्थमन्त्रीजिलाई बुझाउनु भएको थियो। त्यसको म पुनः स्मरण गराउन चाहन्छु। नीति कार्यक्रम बजेट सिद्धान्त प्राथमिकता बजेट तर्जुमा गर्दा लैङ्गिक बजेट प्रणालीलाई प्राथमिकतामा राख्नुपऱ्यो। बजेट तर्जुमा गर्दा आयात प्रतिस्थापन गरी निर्यात बढाउन र रोजगारका अवसरहरू सिर्जना हुने गरी कृषि सामग्री, वन्यजन्य सामग्री, जडीबुटी, नेपाली कच्चा पद्धार्थ प्रयोग हुने घरेलु तथा साना उद्योगहरूमा आधारित कार्यक्रम ल्याउनुपर्छ त्यो यहाँ देखिएन। पेट्रोलियम पदार्थको उपयोगलाई क्रमशः घटाउँदै लैजाने, विद्युतिय र सौर्य ऊर्जाको प्रयोग हुने सामग्रीहरूको प्रयोग गर्ने नीति सरकारले अङ्गिकार गरोस्। र सरकारको प्राथमिकतामा यो परोस् भन्ने कुरा राख्न चाहन्छु। हुन त कुलमानलाई हटाइ हाल्नुभयो कसरी गर्नुहुन्छ? नयाँ प्रमुख श्रेष्ठ ऋण खोज्दै ठिक्क छ। खैर anyways / ट्याक्स Payer मैत्री वातावरण बनाउन राजस्व प्रशासनमा सुधार गर्ने र सर्भिस डेलिभरीमा ध्यान दिनुहोला भन्ने कुरा राख्न चाहन्छु। अब खासै धेरै कुरा यहाँ राख्ने मन लागेन किनकी अस्ति पनि सुझाव राखेको हो। अब के भन्छ भने "हमको मालुम हैं जन्नत की हकिकत लेकिन दिलको खुस राखने के लिए गाली या खयाल अच्छा हैं" सरकारको हकिकत हामीलाई थाहा छ। वलियो तर सशङ्कित ठुलो तथा कमजोर सरकारले जनताको भलो गर्ने कोसिस गरोस् भन्ने विश्वास राख्दै आफ्नो कुरा टुंग्याउँछु। धन्यवाद। लाल सलाम।

(१५:५१ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य विष्णु कुमारी सापकोटा। समय ६ मिनेट। त्यसपछि माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१५:५१ बजे) <u>माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काँग्रेस)</u>ः- सम्माननीय अध्यक्षज्यू, हामीले विनियोजन विधेयक २०८२।०८३ को सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा छौं। सर्वप्रथम म यस विनियोजन विधेयक २०८२।०८३ को सिद्धान्त र प्राथमिकताको समर्थन गर्दछु। सँगसँगै प्रस्तुत सिद्धान्त र प्राथमिकतामा केहीँ सकारात्मक सुझावहरू राख्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू, संविधानसभाबाट संविधान जारी भएको एक दशकको अवधिमा आर्थिक, सामाजिक, आर्थिक सामाजिक रूपान्तरण र सामाजिक न्यायको क्षेत्रमा महत्वपूर्ण उपलब्धिहरू भएका छन्। यि उपलब्धीहरूलाई तल्लो स्तरका नागरिकहरुलाई महसुस हुने गरी प्रगति र सन्तुष्टिमा

सकारात्मक सन्देश छाउन सकोस र यसलाई गम्भीर रूपमा लिन पनि अनुरोध गर्दछु। साथै पहिलो हाम्रो पहिलो प्राथमिकता खाद्यवस्तु उत्पादन र उत्पादकत्वमा वृद्धि हुनुपर्दछ, शिक्षा स्वास्थ्यमा पूर्ण निःशुल्क बनाउनुपर्दछ र यसलाई गुणस्तरीय पनि बनाउनुपर्दछ। उत्पादनशीलता, उत्पादन र रोजगारीका अवसरहरू बढाउँदै लैजाने विषयमा उत्पादनका नयाँनयाँ श्रोतहरूको खोज पहिचान र कार्यान्वयनलाई बिना हिचकिचाहट दृढ संकल्पसाथ सरकार अगाडि बढ्नुपर्दछ। यसै सन्दर्भमा २०८१।०८२ को नीति तथा कार्यक्रम र बजेट भाषणमा सम्बोधन गरेको वैधानिक गाँजा खेती, उत्पादनमा वृद्धि र स्थानीय तहमै साना तथा मझौला उद्योगका रुपमा सञ्चालन गर्न सकिने कोदाको लोकल मदिरालाई वैधानिक उत्पादन र बेचबिखनका लागि सरकारको प्रत्यक्ष निगरानीमा लाइसन, उमेर समूह, समय र स्थानको पकेट एरिया निर्धारण सहित आगामी बजेटमा बजेटसहित सम्बोधनका लागि सम्माननीय अध्यक्षज्यू मार्फत सरकारसँग अनुरोध गर्न चाहन्छु। किनकि यो रोजगारीको महत्वपूर्ण आधार खम्ब हुनेछ। रोजगार वृद्धिका लागि अबका लगानीको अवस्थालाई हेरफेर गरी दिगो विकास र प्रतिफलमूलक योजना बनाउनुपर्दछ। जबसम्म सरकारले गरेको लगानीमा सतप्रतिशत परिणाम देखिँदैन। तबसम्म जनताहरुले आशा, भरोसा गर्ने सम्भावना हुँदैन। तसर्थ हामीले गरेका बाचा, योजना कोरा कल्पना नबन्नु भन्नका लागि सजग चनाखो र इमान्दारिता देखाउन जरुरी छ। जलविद्युत उत्पादनमा वृद्धि, आइटी टेक्नोलोजी, डिजिटललाई भरपुर प्रयोगमा ल्याउनु पर्दछ। यसले रोजगारमा टेवा पुर्याउन सक्दछ। "समृद्ध नेपाल सुखी नेपाली" यो वास्तवमै अति लोकप्रिय र कर्णप्रिय नारा छ। यसलाई साकार पार्नका लागि समृद्ध नेपाल बन्दैछ भन्ने सन्देशका लागि माननीय अर्थमन्त्रीज्यूले विकाससँग सांसदलाई पनि जोडेर हाम्रा योजना र कार्यक्रमहरुलाई प्रत्यक्ष नागरिकसँग ठोकिने खालका बनाउनु हुनेछ भन्ने कुरामा विश्वस्त हुन चाहन्छु। संघ, प्रदेश स्थानीय तह र सार्वजनिक निजी क्षेत्र, सहकारी सामुदायिक क्षेत्रबीचको सम्बन्ध सहकार्य बनाइ बनाइने कुरा उल्लेख भएता पनि समन्वय र सहकार्य कतै पनि नभेटिनु त्यति राम्रो कुरा होइन। यो वास्तविकतालाई स्वीकार गरी कार्यान्वयन गरेर विश्वास दिलाउनका लागि जिल्ला समन्वय समितिहरूलाई अधिकारसहितको जिम्मेवारी दिएर जिल्ला समन्वय समितिलाई चलायमान गराउनु पनि आजको आवश्यकता हो।

सम्माननीय अध्यक्षज्यू, सार्वजनिक वित्त सन्तुलन बजेट अनुशासन र सुशासनलाई नारा मात्र नबनाई राजस्व परिचालनमा प्रभावकारिता कमजोर देखिएकाले दिन दोगुना रात चौगुणा राजस्व परिचालनमा प्रभावकारिता कमजोर देखिएकोले दिन दुगोना रात चौ गुणा राजस्व वृद्धि हुँदै गइरहेको विकृति विसंगतिलाई समुचित समाधानका लागि सरकारलाई संवेदनशील भएर लाग्नका लागि सम्माननीय अध्यक्षज्यू मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। सम्माननीय अध्यक्षज्यू, हाम्रो यो सिद्धान्त र प्राथमिकतामा धेरै कुराहरु समेट्न खोजिएको छ। महिलाका कुराहरु पनि आएका छन्

बालबालिका ज्येष्ठ नागरिकका कुराहरू पनि आएका छन्। महिलाहरुको पनि वास्तवमा जति संविधानले महिलाहरुलाई दिएको अधिकार पूर्णरुपमा परिपालना पनि भएको छैन। त्यो संविधानको धारा ३८ का कुरा पालना गर्यो भने महिला अधिकार सुनिश्चित हुन्छ त्यसै गरेर बालबालिका भनेका काँचो माटो हुन् उनीहरूलाई जसो गरायो त्यसै वन्छन्। बालबालिकाको मानसपटलमा नकारात्मक कुराको असर पर्न नदिनका लागि बालबालिका सम्बन्धित बजेटमा वृद्धि गरी सबै खाले बालबालिकालाई राम्रो गुणस्तरीय शिक्षा र राम्रो वातावरण र बालबालिकाको लागि स्वस्थवर्धक पोषणको लागि तिनै तहका सरकारहरूको ध्यानलाई ध्यान जान जरुरी छ र यसमा बजेट विनियोजन गर्दाखेरि पनि ख्याल गर्नुपर्ने छ। यसैगरी आज ज्येष्ठ नागरिकहरू पैसाभन्दा पनि बुढेसकालको सहारा नपाएर तडपिरहेका छन्। ज्येष्ठ नागरिकको पनि क्राइटेरिया छुट्याएर सामाजिक सुरक्षा भत्तामा हेरेफेर गरी हुँदा मात्र खानेका लागि यो सामाजिक सुरक्षा वृद्धि गरियोस्। धन्यवाद। जय नेपाल।

(१५:५७ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा। समय ५ मिनेट। त्यसपछि माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१५:५८ बजे) <u>माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारका गृहमन्त्रीले प्रस्तुत गर्नुभएको आ.व. २०८२ /०८३ को लागि विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता माथिको छलफलमा मेरा धारणाहरू राख्न गइराखेको छु। बुँदा नम्बर १ देखि ३ सम्म भूमिकाको रूपमा उपलब्धिको अवलोकन जस्तो देखिन्छ। बुँदा नम्बर ४ देखि १० सम्म सातवटा बुँदामा सातवटा क्षेत्रगत सिद्धान्तहरू तोकिएका छन्। बुँदा नम्बर ११ देखि ३७ सम्मका २७ वटा बुँदामा क्षेत्रगत प्राथमिकता निर्धारण गरिएको छ। बुँदा नम्बर ३ ले अबको विकासको ढाँचा गति र संस्कृति बदल्ने सिद्धान्त बोकेको छ। यो राम्रो पक्ष हो। अब भ्यू टावर, सिटिहल अस्वभाविक भ्रमण लावालस्कर आमालाई ठूलै बजेट पोस्ने ढाँचा बदलियोस्। सिंहदरबारभित्रै निर्माणाधीन संसद भवन जस्तै विकासको गति र हविगतको अन्त्य होस्। साथै मनपरेकारलाई कर तिर्न छुट दिने, बक्यौता तिर्न नहुने, मन्त्रालय भित्रै घुस बाँडने जस्ता ठुला भ्रष्टाचारीलाई ठुलै पदमा आसन गराउने संस्कृतिको अन्त्य होस् आशा गरौं अन्त्य हुनेछ। बुँदा नम्बर ४ ले मौलिक हक र समावेशी विकासको कुरा बोलेको छ। यो त साह्रै पक्षपात नै हो। समावेश होइन समानुपातिक भौगोलिक विकटता र अभावग्रस्त स्थान र समुदायलाई पहिलो प्राथमिकतामा राखियोस्। यही नै वैज्ञानिक हुनेछ। बुँदा नम्बर ९ ले सामाजिक सुरक्षाका कुरा उठाएको छ। यसलाई यथासक्य कार्यान्वयन गरियोस्। धेरै ढिला

भइसकेको छ। दलित, महिला, पुरुषदेखि, दलित महिला, पुरुष देशभरी असुरक्षित छन्। विशेषगरी मधेस प्रदेशमा दलितको राम्री छोरी बुहारी दिनदहाडै अपहरित गरिने। सामूहिक बलात्कारपछि हत्या गरेर फ्याक्ने क्रम बढेको छ। पीडकहरू उजुरी दर्ता गर्न जाँदा उजुरी दर्ता नलिने। ढिला सुस्ती गर्ने, धम्काउने गरिरहेको छ हाम्रो प्रहरी प्रशासन। यस्तो जघन्य अपराधको अन्त्य गर्न दलित समुदायलाई सामाजिक सुरक्षा, सुशासनको प्रत्याभूति गराओस्। बुँदा नम्बर १२ देशको आर्थिक सुधारको कुरा बोलेको छ। सांसद, राष्ट्रिय योजना आयोग, प्रदेश स्थानीय तहले उठाएको विषयहरू भन्दा उच्चस्तरिय सुधार सुझाव आयोगको निर्देशनले मात्रै जोड दिएको जस्तो लाग्यो। यो भने लागु हुन्छ नै। किनकि यसको अध्यक्ष प्रधानमन्त्री आफैं हुनुहुन्छ। आर्थिक सुधार कसको कति हुने हो हुन्छ नै। अध्यक्ष महोदय, बुँदा नम्बर १४ ले विद्युत उत्पादन वितरण गर्ने विश्वसनियताको कुरा बोलेको छ। तर जनतालाई ३७ दिन भित्र महसुल बुझाउन ढिलाई हुँदा हर्जाना लगाउने, लाइन काट्ने तर मनपरेका ठुला उद्योगलाई वर्षौंसम्मको अर्बौंसम्मको बक्यौता तिर्ने बेथितिको अन्त्य गरियोस्। बुँदा नम्बर १६ मा स्वेदशी उत्पादन र उपभोक्ताको उपयोगको कुरा उठाएको छ। यो राम्रो पक्ष हो। यो माथिबाटै कार्यान्वयन होस्। जुत्तादेखि टोपीसम्म। टायरदेखि गाडीसम्म। निसान माक्स गाडी। नेपाली अस्पताल देखि नेपाली औषधीसम्म। हामी नेता र कर्मचारीका छोराछोरीलाई सरकारी विद्यालयसम्म यो स्वदेशी उत्पादनको विकास र उपयोगको नीति कडाईका साथै अपनाइयोस्। यहीँ म आग्रह गर्न चाहन्छु। बुँदा नम्बर २१ ले केहीँ थोरै मात्र कलस्टरको विषय बोलेको छ। तर पनि अत्यन्त उत्पीडनमा राखिएका दलित, जनजाति, मुस्लिम, थारुको बारेमा मौन छ। यस्ता जनता आवास दलित प्राधिकरण विकास अधिकारको महसुससम्म भएनछ हाम्रो सरकारलाई। परम्परालाई धानिरहेको जस्तो हिन्दु ब्रह्मणवादी गन्ध आएन र? बुँदा नम्बर २७ ले श्रमिकको सुरक्षा र श्रमको सम्मानको कुरा उठाएको छ। यो अत्यन्तै आवश्यकीय कुरा हो। साँच्चै बसी बसी लुटी खानेलाई सम्मान र ठुलो जातको तर श्रममा घोटी रहन श्रमिकलाई अपमान र तल्लो जात बनाएको यहीँ कारणले हो। श्रम र श्रमिकको सम्मान र सम्मानित गरियोस् यसले नै जातीय विभेद, वर्गिय विभेद अन्त्य सँगै हाम्रो देश आत्मनिर्भरताको बाटोतिर दौडिनेछ। बुँदा नम्बर ३३ ले राष्ट्रिय सुरक्षा र प्रतिरक्षाको नीति बोकेको छ। यो आवश्यकता हो। भारतले दिनदाहाडै हाम्रो सीमा अतिक्रमण गरिरहेको छ। नेपालीलाई हेपिरहेको छ। सरकार टोलाइ रहेको छ। अब रक्षार्थ प्रतिरक्षाको नीति लागु गरियोस् र भारतीय दादागिरीको अन्त्य गरियोस् सीमानामा नेपाल आर्मी र सशस्त्र फोर्स राखियोस्। म यहीँ आग्रह गर्न चाहन्छु। विशेष गरिकन बल्ल तल्ल परेका गौरबका योजनाका नाम मात्र आएको छ। राष्ट्रिय गौरव आयोजना प्राथमिकता पारियोस् कर्णाली प्रदेश हुम्ला, मुगु र डोल्पाको सिम जोड्ने सिमाना नाका खुला गराइयोस् यही भन्दै मेरो अन्तिम गर्दछु।

(१६:०३ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी। समय ५ मिनेट। त्यसपछि माननीय सदस्य नर बहादुर विष्ट।

(१६:०३ बजे) <u>माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)ः</u>- सम्माननीय अध्यक्ष महोदय, म माननीय अर्थमन्त्रीज्यूले ल्याउनु भएको सिद्धान्त र प्राथमिकताको समग्र बुँदामा आफ्नो धारणा राख्न चाहन्छु। आजको राष्ट्रको प्रमुख आवश्यकता सुशासन सामाजिक न्यायसहितको विकास आर्थिक समृद्धिको ठोस परिणाम दिन सक्नेगरी समाजवाद उन्मुख लोक कल्याणकारी राज्य सञ्चालनलाई सुदृढ पार्नु, विनियोजित विधेयकका २०८२ का सिद्धान्त र प्राथमिकतामा समाजवाद उन्मुख अर्थतन्त्र विकासका ३ साझेदारी पिलरका आधारबाट सिद्धान्त र प्राथमिकता निर्धारण हुनुपर्ने थियो। बजेटमा सातवटा सैद्धान्तिक पक्ष र प्राथमिकतामा परेका ३७ बुँदामा प्रस्तुत विषयहरू सुन्नका लागि सबै भाषाशैलीका हिसाबले शब्द चयनका हिसाबले राम्रै सुनिन्छन्। तर अर्थतन्त्र अझै चलायमान हुन सकेको छैन। राजस्व बढेको छैन, जी.डी.पीको अवस्था उस्तै छ। र सिथिल आजको सिथिल अर्थतन्त्रको रेखाबाट स्रोतको सुनिश्चिताको पर्याप्त आधार बिना जम्बो बजेटको परिकल्पना जसरी गरिएको छ। व्यवहारतः सरकारको कार्य सम्पादनको यही तौरतरिका र गति हेर्दा प्राथमिकताहरू कार्यान्वयन हुन नसकेर कागजका पानाहरूमै सीमित भएर थन्किने सम्भावन प्रबल छ।

सम्माननीय अध्यक्ष महोदय, संविधानको पूर्ण कार्यान्वयनको लागि संघले आवश्यक संघीय कानुन निर्माण सम्बन्धमा प्राथमिकतामा परेको छैन। बजेटका प्राथमिकता निर्धारण गर्दै गर्दा दक्ष, सीप, क्षमता र पुँजीको पलायन बढ्दो अवस्था केही सीमित मान्छेहरूको हातमा सम्पत्तिको अधिककेन्द्रीकरण हुँदै जाने अवस्था, आधारभूत विपन्न वर्ग झन् झन् गरिब हुँदै जाने अवस्थाको अन्त्य मृत्युसैयामा पुगेको असफल उदारवादको पक्षपोषणद्वारा सम्भव छैन। बजेटको प्राथमिकता तोक्दै गर्दा आजको शिथिल अर्थतन्त्रलाई कसरी चलायमान गर्ने भन्ने ठोस आधार दिनबाट यो सिद्धान्त र प्राथमिकता अलमलिएको छ। अर्थतन्त्रमा दलाल पुँजीवादको घेरा तोड्दै समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र विकास गर्नु आजको मुख्य प्राथमिकता हो। स्वदेशभित्रको दक्ष श्रम, सीप, क्षमता र पुँजी पलायनलाई रोक्न उत्पादनका साधनहरुलाई सुदृढ पार्दै उत्पादकत्व बढाउँदै पर्यटन प्रविधिमा लगानी विश्वसनीयता बढाएर राष्ट्रिय उत्पादनको बृद्धि दिगो विकासका लागि सुशासन पहिलो र प्रमुख शर्त हो। सुशासनका ठोस आधारहरू नीति र कार्यक्रमले पस्कन सकेको छैन। वित्तीय क्षेत्रमा हुने गरेका विकृति, विचलन अनियमितता र

भ्रष्टाचारको अन्त्य गर्न यो सिद्धान्त र प्राथमिकताले ठोस कार्यक्रम पस्कन सकेको छैन। प्राथमिकतामा कृषि व्यवसायमा आधारित उद्योगको परिकल्पना यो प्राथमिकतामा परेको छैन। बुँदा नम्बर ११ मा रोजगारी सिर्जना स्वरोजगार प्रवर्धन गरिबी निवारण गर्ने भनिएको जस्तो पहिलो प्राथमिकतामा पर्नुपर्ने महिला, दलित, मुस्लिम, थारु, अल्पसंख्यक सिमान्तकृत विपन्न वर्ग समुदायको आधारभूत श्रमजीवी किसान मजदुरदेखि खस्कँदै गएको मध्यम वर्गको आर्थिक स्तर उकास्न गुणस्तरीय प्रविधिमैत्री शिक्षा, स्वास्थ्यमा आधारभूत वर्गको पहुँच र रोजगारका ठोस प्याकेजहरू सिद्धान्त र प्राथमिकतामा आउन सकेको छैन। रिटर्नी उद्यमशीलताको कार्यक्रम हटाइएको छ।

सम्माननीय अध्यक्ष महोदय, यो सिथिल अर्थतन्त्रको जग उकास्नुभन्दा अगाडि सार्वजनिक प्रत्यायोजित विधायन समितिमा सरकारले दिएको नयाँ संविधानसभाको भवनमा यही वर्ष चाहिँ बजेट भाषण आउँछ भन्ने प्रतिबद्धता अन्तत अहिले आएर सञ्चारहरूमा आइराखेको छ। आर्थिक वर्षको बजेट भाषण सिंहदरबार परिसर भित्र बन्दै गरेको नयाँ संसद भवनबाटै वाचन हुन्छ भन्ने कुरा र सार्वजनिक खरिद ऐन विपरीत १४-१४ वटा सार्वजनिक खरिदको नीतिको कार्यक्रम ल्याएर अहिले सार्वजनिक विधेयकको अत्तोपत्तो एकातिर छैन। अब फेरि पनि कुन नियमावलीमा टेकेर पाँचौं पटक म्याद थपको प्रक्रियामा सरकार जाँदै हो। यो सुशासनको यो हदसम्मको प्रक्रियालाई जनताले कसरी विश्वास गर्ने आधार बन्छ भन्ने कुरा राख्न चाहन्छु। अन्त्यमा सिथिल अर्थतन्त्र उकास्न थिर पुँजीको चलायमान गर्न र समाजवाद उन्मुख अर्थतन्त्रको तीन साझेदारी पिल्लरको आत्मसाथिकरण गर्न यो बजेटले के यो सिद्धान्त र प्राथमिकताले यसलाई ध्यान दिन सकेको छैन। यही अवस्थामा यसलाई समर्थन गर्न सकिएन। म सरकारलाई परिमार्जन गर्नको लागि अनुरोध गर्दछु भन्दै आफ्नो भनाइ अन्त्य गर्छु धन्यवाद।

(१६:०७ बजे) <u>पुनः पीठासीन</u>:- सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहाल।

(१६:०८ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य नर बहादुर विष्ट समय ६ मिनेट। यसपछि माननीय सदस्य सुमित्रा वि.सी.।

(१६:०९ बजे) **<u>माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामी आज नेपाल सरकारले २०८२/०८३ को सिद्धान्त र

प्राथमिकताका आधारहरू बजेट विनियोजनका बारेमा हामी यहाँ छलफल गर्दैछौं। अब यो समग्र रुपमा ३७ बुँदामा लेखिएको छ। त्यसमा ७ वटा बुँदामा सिद्धान्तका कुरा गरिएको छ भने २५ वटा बुँदामा प्राथमिकतामा राखिएको छ। मैले सर्सर्ती यसको हेर्दै जाँदाखेरि शब्दहरू मिठास छन यहाँ, व्याख्याहरू तर यो समग्र रूपमा मैले एउटा मात्रै आठ नम्बर बुँदाको व्यवसाय मैत्री वातावरणको सिर्जना र निजी क्षेत्रको प्रवर्द्धन भन्ने एउटा बुँदा रहेछ। यो निजी क्षेत्रलाई ठुलो ठुलो मेगा प्रोजेक्टहरू ल्याएर ठूलो ठूलो उद्यमशीलता उत्पादन गर्ला भन्या त यहाँ तल के लेख्या भनेपछि तपाईंको जग्गाको हदबन्दी र वन क्षेत्रको उपयोग भन्या रहेको छ यहाँ किनभने जग्गा दलालहरुको चंगुलमा भूमाफियाको चंगुलबाट यो शब्द लिईएको छ। त्यसैले यो व्यवसायी मैत्री यो जग्गा बिक्री गरेर जो अहिले निजी क्षेत्रका बैङ्कहरू डुबेका छन्। Land मा लगानी गरेर। त्यसलाई उकास्नुको लागि ल्याइएको बुँदा हो। त्यसैले यो तपाईंको व्यवसायी मैत्री छैन यो। जग्गा मैत्री छ भन्न  हुन्छ। यस्तो खालको यहाँ देखिन्छ भनेपछि अर्कोतिर यहाँ सुस्पष्ट ढङ्गले समग्र रूपमा प्राथमिकताका आधारहरू खास गरेर कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश र मधेसलाई मैले ३ चोटी यो चाहिँ हेरे यहाँ आज दिनभरी पनि हेरें। तर यिनी पछाडि पारिएको प्रदेशहरूलाई यहाँ प्राथमिकतामा राखिएको पनि छैन, सिद्धान्तमा पनि राखिएको छैन। अब यो सच्याउन मिल्छ भने सरकारले सच्याओस् भन्ने म आग्रह गर्न चाहन्छु र सुझाव दिन चाहन्छु। र अर्कोतिर यो सधैं भरी हामी परम्परागत नीति, सिद्धान्त र कार्यक्रमहरू आइराखेका छन्। यसले धेरै ठुलो जुन खालको आकार यस सरकारको आकार ठूलो छ। दुईतिहाईको बहुमत र त्यो जुन खालको आकारका आधारमा जनताले जुन खालको आशा र अपेक्षा गरेका थिए। त्यो आशा र अपेक्षा अनुसारको यहाँ जुन खालको सिद्धान्तहरु ल्याउनुपर्थ्यो। जुन खालको प्राथमिकिकरण गरेर लागू गर्ने एक वर्षभित्र हामी यति गर्न सक्छौं भन्ने खालको जुन खालको प्राथमिकतामा राख्नुपर्थ्यो। त्यो समग्र देखिँदैन। यो चाहिने यस्तो हेर्दा खेरी स्तुतीगान मैले अस्ति एउटा कार्यक्रममा हेरें सम्माननीय प्रधानमन्त्रीले आफ्नो एउटा प्रशिक्षण कार्यक्रममा के भन्नुभयो भनेपछि आफ्नो पार्टी कार्यकर्ता नेतालाई समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा बनाएर जो छ यो नेकपा हुँदा खेरी उहाँ प्रधानमन्त्री हुँदा ल्याएको थियो। उहाँले यो बारेमा तिमीहरुले जान्दै नजान्ने। बोल्दै नबोल्ने। प्रचार नै नगर्ने आफ्नो कार्यकर्तालाई थर्काई राख्नुभएको थियो। आज मैले यसों हेरें नेपाली काँग्रेसका माननीयज्यूहरुसँग सफा तरिकाले पुरै कण्ठ गरेर सुखी नेपाली समृद्ध नेपालको नारा लगाएर उहाँहरू प्रशिक्षित हुनुभएछ। त्यसैले यो समग्रमा गठबन्धनको जुन खालको गठबन्धनलाई आकाङ्क्षा गरेको थियो। त्यो आकाङ्क्षाको बजेटको सिद्धान्त र प्राथमिकतामा मैले यहाँ देखिएन। यो किनभने हामी अब बजेट सधैंभरी नेपालको बजेट स्वचालित बजेट यो जनमैत्री बजेट सांसद मैत्री बजेट हुँदैन भन्ने कुराहरुको हामी विश्वस्त छौं।

हामीले यो संसदीय व्यवस्था भनेको सुधारिएको संसदीय व्यवस्थाको हामीले व्याख्या गरेका थियौं। तर यो सुधारिएको संसदीय व्यवस्थामा पनि यो नीति तथा सिद्धान्तमा सुधारिएको बजेट आउला जस्तो लाग्दैन मलाई किन भनेपछि यो बजेट पहुँच पावरको भरमा माननीयहरुको पनि जो कहाँ पहुँच छ। जो प्रधानमन्त्रीसित नजिक छ। जो अर्थमन्त्रीसीत नजिक छ। जो त्यहाँ भेट्न पाउँदैन किनभने विरोध गर्ने सायद उस्तै परेपछि प्रतिपक्षको माननीयहरूको कहि लेटरप्याडमा योजना गएका छन् भने सायद डिलिट गर्छन् जस्तो लाग्छ मलाई। किनभने यो सरकार अति बढि पूर्वाग्राही छ। आग्राही छ। त्यसैले म सम्माननीय प्रधानमन्त्रीका माननीय सांसदज्यूहरुलाई के आग्रह गर्न चाहन्छु त भन्दाखेरि प्रधानमन्त्री भनेको देशको एउटा अभिभावक हो। यो अभिभावकले अभिभावकिय भूमिका र प्रतिपक्षलाई आलोचना गरेको कुरालाई स्वीकार्ने र त्यसलाई सकारात्मक रूपमा लिन सकियो भनेपछि यो देशलाई अग्र उभो गति दिन सकिन्छ किनभने यहाँ माननीय मन्त्रीज्यूहरुले पनि कहिले काँही रोष्ट्रममा आएर जवाफ दिँदा खेरि पनि उहाँहरूको रिसको पारो तातेर यहाँ जवाफ दिएर irritate खालको संबोधन गर्ने तरिका छ। त्यसैले यो समग्र रुपमा मन्त्री पक्षलाई समीक्षा गरेर म सुझाव के दिन सक्छु दिउत भन्दाखेरि सम्माननीय प्रधानमन्त्रीज्यूलाई माननीय सदस्य सत्ता पक्षका माननीयज्यूहरुले यो आग्रह पूर्वाग्रह नगरेर समग्र देशको विकासको लागि दिईएका सुझाव हुन् पोजिटिभ हुन् यिनले सकारात्मक रुपले ग्रहण गरौं। त्यसैले आग्रह पूर्वाग्रह गरेर त्यसलाई तल्लै छेउमा पुऱ्याउने गरेर किनभने त्यसको उदाहरण विद्युत प्राधिकरणको सी.ई.ओ. लाई आठ वर्ष आठ महिना त त्यहीँ मात्रै लाग्यो। त्यसैले आग्रह पूर्वाग्रह नभएर यो समग्र रुपमा तपाईंको यो नीति सिद्धान्त जो छ यहाँ कलात्मक शब्दहरूले रङ्गिएका पनि छन्। सबै गलत छन् भन्ने पनि छैन। आलोचना पनि गर्न सकिन्छ। तर समर्थन गर्न सकिदैन। किनभने यसलाई सहीँ ढङ्गले प्रतिपक्षले दिएका सुझावलाई ग्रहण गर्न सक्नुभयो। आग्रह पूर्वाग्रह गर्नुभएन। समग्र देशको विकास स्वचालितमा हुनुपऱ्यो भन्ने आधारमा तपाईंहरुले बजेट विनियोजन गर्नुभयो भने हामी धन्यवाद नै दिउँला। तर यस्तो देखिदैन। किनभने यहाँ अहिले प्राथमिकतामा ..... धन्यवाद।

(१६:१५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य सुमित्रा वि.सी. समय ५ मिनेट।

(१६:१६ बजे) <u>माननीय श्री सुमित्रा वि.सी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, आज हामी विनियोजित विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकताका बारेमा छलफल गरिरहेका छौं। सरकारको नीति कार्यक्रमलाई टेकेर यो बजेट आउनुभन्दा अगाडि

यसका सिद्धान्त र प्राथमिकता हामी छलफल गरिरहेका छौं। माननीयज्यूहरूले थुप्रै कुराहरू भनिसक्नु भएको छ। केरे ३७ बुँदामा आएको र २१ पेजमा आएका यो सिद्धान्त र प्राथमिकताले ५ मिनेटमा हामी अब सबै यसको व्याख्या गर्न पनि सक्दैनौ सबैले अब जानी पनि राछौं, पढि पनि राछौं। त्यसकारणले यहाँ थुप्रै बुँदाहरू छन्। हरेक बुँदाहरूले आशा जगाएर के गर्न सक्छौं त्यति मात्रै गरौं भन्ने ढंगले जुन आएको छ यसको लागि यो सिद्धान्त र प्राथमिकतालाई म हार्दिक समर्थन गर्न चाहन्छु। र यहाँ थुप्रै थुप्रै कुराहरु छन्। अब यो चाहें ज्येष्ठ नागरिक सम्बन्धीका कुरा हुन् चाहे मौलिक हकका कुरा हुन् चाहे यो बुँदा नम्बर ५ मा समृद्धि नेपाल सुखी नेपालीका कुरा हुन् अब कण्ठ त जे गर्न मन लागछ त्यो कुरालाई कण्ठ पारेर आउनुपर्ने हुन्छ। नेपालीलाई सुखी बनाउनु छ। नेपाललाई समृद्ध बनाउनु छ। त्यसकारणले हामी यो विषयमा एकदम कण्ठै छौं। र २१ नम्बरमा युवा महिला बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी पनि थुप्रै कुराहरु आएका छन्। ज्येष्ठ नागरिकहरूलाई सम्मान गर्ने अब युवाहरूलाई रोजगार दिने र सबै महिलामैत्री बनाउने कुराहरु चाहिँ जोड दिईएको छ र यहाँ समावेशी कुराहरु भनेर आइसकेपछि अब फेरि यो जात र ऊ जात भनिरहनु पर्दैन होला। पहिला त हामीले कम्युनिष्ट बन्दाखेरि सिकेको कुरो जात दुईटा हुन्छन् एउटा पुरुष एउटा महिला, वर्ग पनि यस्तै विभाजन गरेको थियो केरे राष्ट्रिय पुँजीपति वर्ग मध्यम वर्ग, धनी किसान र श्रमजीवी सर्वहारा वर्ग। त्यसकारणले यी सबैको उत्थान हुने गरी यो नीति कार्यक्रमले समेटेको मैले महसुस गर्या छु र राष्ट्रियताको सवालमा पनि यसले सुरक्षाको बारेमा समेटेको छ। अब यो सुरक्षा भन्नाले राष्ट्रिय सुरक्षा भन्नाले सीमा सुरक्षा पनि होला यो सुरक्षा गर्ने जनशक्तिलाई पनि यसलाई पनि प्रोत्साहन गर्ने भन्ने कुराहरु पनि आएको छ। राष्ट्रसेवक कर्मचारीहरूको मनोबल बढाउने कुराहरु पनि आएको छ र खानेपानीको सवालमा पनि गुणस्तरीय खानेपानीको सुनिश्चित गर्ने भन्ने कुराहरू आएको छ। र जे यहाँ मलाई एउटा कुरो के चाहिँ राम्रो लाग्यो भने ३० नम्बर बुँदामा बजेट प्रणालीको सुदृढीकरण, स्रोत व्यवस्थापन तथा बजेट कार्यान्वयनमा दक्षता ल्याई सीमित साधनबाट अधिक प्रतिफल। थोरै स्रोतसाधनबाट धेरै भन्दा धेरै प्रतिफल हासिल गर्न जोड दिनेछ भन्ने कुरो एकदमै राम्रो कुरो मलाई लाग्या छ। अब यो पूर्व तयारी सम्पन्न भएका प्रतिफल दर उच्च भएका र ठूला योजनाहरु सरकारी लगानी केन्द्रित गर्ने साना छरिएका, दोहोरो परेका, स्रोत सुनिश्चित नभएका र सम्पन्न हुन लामो समय लाग्ने विद्यमान आयोजना सङ्ख्या कटौती गरिने अब यो स-साना योजनाहरू संघबाट पनि जाने र स्थानीयले पनि हाल्ने भएको कारणले यो दोहोरो नपरोस् भन्ने कुरो पनि राम्रो कुरा हो र यो चाहिँ आफ्नो स्रोत साधन जे छ। ..... (समय सकिएको)

(१६:२१ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, आर्थिक वर्ष आगामी आर्थिक वर्ष २०८२।०८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा कर प्रस्ताव बाहेक छलफल गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्नेक्रम नसकिएकोले सभाको आगामी बैठकमा समेत जारी रहने व्यहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल बैशाख ३१ गते बुधबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीं स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८२ साल वैशाख ३१ गते बुधबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीं स्थगित भयो)।

**स्थगितः १६:२१ बजे।**